स्वेच्छाचारी गोपाल पराजुली | सम्झना कतिपय

आइतबार • ४ चैत २०७४ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

nepal.ekantipur.com

'अझै अतृप्त छु'

राजेश हमालका स्वीकारोक्ति

नेपालको नं.१
पि.पि.आर. पाईप तथा फिटिङ्ग्स

५० वर्ष ढुक्क

स्वास्थ्यसंग खेलबाड नगरौं

निर्माण तथा जडान प्रक्रियामा कुनै पनि हानिकारक रसायन प्रयोग गर्नु नपर्ने, स्वास्थ्यको लागि अति उत्तम

Nepatop® PPR pipes and fittings

मात्र प्रयोग गरौं।

www.nepatop.com.np

Nepatop
सब ठिक ठाक !!

Clean, Green & Safe

AMBE
GROUP
अम्बे सिमेन्ट
गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान
अम्बे सिमेन्ट
यो देशको शिर, उच्च राख्दै...
नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५
नेपालमा बनेको
ISO 9001:2008
CERTIFIED COMPANY
50 KG NETT WHEN PACKED
ISO 9001:2000 CERTIFIED COMPANY
UKAS
43-A
DO NOT USE HOOKS
W M Y
70
अम्बे सिमेन्ट
Portland Pozzolana Cement
नेपालमा बनेको
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल
AMBE CEMENT
50 KG NET WT. WHEN PACKED
AMBE CEMENT
PPC
Made in Nepal
AMBE CEMENT (P.) LTD.
Parsa, (Nepal)

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
चिसो चिसो
COOL COOL
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
नवरत्न
आयुर्वेदिक तेल

भित्र

आइतबार, ४ चैत २०७४ (वर्ष १८, अंक ३१)
NEPAL National Weekly, 18 March 2018 (Vol. 18, No.31)

नेपाल
www.nepal.ekantipur.com



गोपाल पराजुली
पूर्वाग्रही, स्वेच्छाचारी

विशेष रिपोर्ट २८

१४ समाज
मोहीमाथि जमिनदारको जालसाजी

२० कूटनीति
किन आए पाकिस्तानी प्रधानमन्त्री ?

२३ प्रदेश सरकार

बिदा
इन्द्रबहादुर राई
३० सम्झना

५४ झल्याकझुलुक
फेरि सकस
साम्राज्ञीको असन्तुष्टि

४४ जीवनशैली
सोखिन पशु सेवक

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), स्मरण (७), सोझै (८), परिहास (१०), झटारो (११), तीन पुस्तक (४७), सूचना/प्रविधि (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

सुप्पत बात : सुरेन्द्र लाभ १२
दृष्टिकोण : सुजित मैनाली १८
शिक्षा : केदारभक्त माथेमा ४८
एन्फा चुनाव : कर्मा कि मणि ? ५०

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : सुधीर शर्मा
सहायक सम्पादक : बसन्त बस्नेत **साहित्य/कला** : रमण घिमिरे **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम
कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २७ फागुन २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

ओली सरकारका चुनौती

वाम सरकारका बाधा

वाम सरकारको नेतृत्व गरेका प्रधानमन्त्री केपी शर्मा ओलीले सात सदस्यीय मन्त्रिपरिषद्को भरमा काम चलाइरहेका छन् *(वाम सरकारका बाधा, २० फागुन)*। माओवादी समर्थनमा बनेको अहिलेको सरकारको मुख्य आधार एमाले-माओवादीबीच १७ असोज ०७४ मा गरिएको चुनावी गठबन्धन नै हो। गठबन्धनपछि संयुक्त रूपमा चुनावी मैदानमा उत्रिएका दुवै दलले बहुमतसहितको सरकार बनाउने अवसर पाएका छन्। चुनावताका जारी गरिएका संयुक्त घोषणापत्रमा दुवै दलबाट व्यक्त प्रतिबद्धता कसरी पूरा होलान् ? वाम गठबन्धनले जनसरोकारका विषयलाई कसरी सम्बोधन गर्ला ? आर्थिक समृद्धिका लागि कस्तो नीति आउला ? यस्ता यक्ष प्रश्न सरकारका लागि चुनौतीका रूपमा खडा भएका छन्।

● **रामजी दंगाल**
बनेपा, काभ्रे

समाजका सेलिब्रिटी ऐना

आफ्नो वास्तविक यौन पहिचान गर्ने साहसी नेपाली सेलिब्रिटी पराक्रमशमशेर राणा, विश्वराज अधिकारी, अनुज राई (पिटर), लेक्स लिम्बू धन्यवादका पात्र हुन्। *(समलिंगी संसार, २७ फागुन)*। उनीहरूले आफ्नो वास्तविक पहिचान समलिंगी भएको समाजसामु बताएर



साहसिक निर्णय लिएका छन्। यसले गर्दा लैंगिकताका कारण समाजमा अपहेलित हुनुपर्ने अवस्था हट्ने उनीहरूको भनाइ ठीकै लाग्यो।

● **रामजी घिमिरे**
बुटवल, रुपन्देही

द्वन्द्वले नासिँदै सिरिया

कुनै समय मध्यपूर्वको खेलाडी मानिने खाडी मुलुक सिरिया यतिखेर आन्तरिक द्वन्द्वमा रुमलिएको छ *(सिरिया रोइरहेछ, २७ फागुन)*। सिरियाको आन्तरिक द्वन्द्वमा खासगरी अमेरिका समर्थक साउदी अरब, यूएई, टर्कीलगायतका मुलुक एकापट्टि छन् भने रुस, इरानजस्ता मुलुकले सिरियाली राष्ट्रपति बसार अल असादलाई सैनिक सहयोग गर्दै आएका छन्। अमेरिका र रुसको रणनीतिका कारण सिरिया युद्धमैदानमा परिणत भएको छ। यसले गर्दा त्यहाँका लाखौँ बालबालिका, महिला, पुरुष सबै दैनिकजसो गरिने हवाई आक्रमण, बम विस्फोटजस्ता घटनामा परी ज्यान गुमाउन बाध्य छन्।

● **शम्भु अधिकारी**
सिपाडोल, भक्तपुर

पहिचान होइन, अभिशाप हो

हराउँदै गइरहेको जयस्थिति मल्लकालीन जातीय वर्गीकरणलाई अहिले पहिचानको दुहाइ दिएर गरिएको राजनीतिक वर्गीकरणले एक वर्गलाई दलित भनेर अभिशापका रूपमा स्थापित गरिदिएको छ *(दलित : पहिचान कि अभिशाप ?, २० फागुन)*। मेरा स्थानीय साथीहरूमध्ये पानी नचल्ने भनी विभेदमा परेका दुई जना मिल्ने साथीहरू (दुवै दिवंगत) मेरो घरमा निर्वाध उठबस गर्थे, विभेद थिएन खानपानमा समेत। तापनि, टोलको इनार छोएको भनेर ठूलै बखेडा नभएको भने होइन टोल-छिमेकमा, एकपटक। विसं ०५८ सम्म पनि सैनिक ब्यारेकमा दलितलाई भान्छामा अलग्गै खानु पर्थ्यो। तर, संविधान प्रदत्त छुवाछूत हटाउने व्यवस्थालाई जंगी अड्डाको एक आदेशले ब्यारेकमा विद्यमान भेदभाव हटाउन एक हप्ता पनि लागेन। आमसमाजमा यसैगरी लागू गर्न त सहज नहोला। तर, सरकार कठोर हुने हो भने नसकिने चाहिँ होइन। सहर तथा धेरै क्षेत्रमा विस्तार घट्दै गइरहेको यो विभेदकारी अभ्यासलाई अहिलेको लोकतन्त्रले राजनीति गरी पहिचानका नाममा दलित भन्ने वर्ग नै स्थापित गरिदियो।

यसैले, अभिशापका रूपमा स्थापित गरिएको दलित नामको यो नयाँ राजनीतिक वर्गलाई उत्पीडित वर्ग मात्र भनेर त्यही समूहमा राख्न सक्दा विभेद हटाउन सहज हुन सक्छ। यस्ता उत्पीडित वर्गलाई उनीहरूको इच्छानुसार केही मर्यादित थरहरू व्यवहारमै स्थापित गरी लोकतन्त्रले भिडाएको यो दलित नामको लाइसेन्सलाई संविधानबाट नै हटाउनु उपयुक्त हुन्छ।

● **केशरबहादुर भण्डारी**
चावहिल, काठमाडौँ

डा मृगेन्द्रराज पाण्डे ॥

स्मरण

रानी ऐश्वर्यको त्यो दबाब

लामो समय राजपरिवारका सदस्यहरूको निजी चिकित्सक भएर काम गरेपछि जनसाधारणको स्वास्थ्य समस्याप्रति पनि केही योगदान पुऱ्याउन सकिन्छ कि भनेर घोत्लिन थालेँ । त्यतिबेला सर्वसाधारणबाट शुल्क उठाएर स्वास्थ्य सेवा सञ्चालन गर्न सम्भव थिएन । फेरि, व्यक्तिगत रूपमा भनेर आर्थिक सहयोग/चन्दा दिन पनि को नै तयार हुन्थ्यो र ! त्यसैले ६ फागुन ०३२ मा आफू बसिरहेको जमलस्थित निजी घर एकाएक मृगेन्द्र चिकित्सा गुठी (हृदयघातबाट छोरी सम्झनाको निधनपछि उनको नाम पनि थपियो) स्थापना गरी गुठीकै नाममा रजिस्ट्रेसन पास गरिदिएँ । र, त्यहीमार्फत काठमाडौँको सुन्दरीजल क्षेत्रका जनसाधारणलाई स्वास्थ्य सेवा र सहयोग पुऱ्याउन सुरु गरेँ ।

बुबा, श्रीमती र भाइ देवेन्द्रराज पाण्डेका अतिरिक्त प्रसिद्ध साहित्यकार बालकृष्ण सम, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद घिमिरे, समाजसेवी भीमबहादुर अधिकारीजस्ता व्यक्तित्वको साथ र सहयोग नपाएको भए त्यो गुठी स्थापना र सञ्चालन सम्भव हुने थिएन । उनीहरूको नि:स्वार्थ सेवाभावबाट म ज्यादै प्रभावित छु । अर्कोतर्फ, निजी सम्पत्ति बेचेर चिकित्सा सेवामा योगदान पुऱ्याउने चलन मुलुकमा खासै नफस्टाएकाले पनि होला, मानिसहरूले मलाई त्यतिबेला बहुलाएको समेत आरोप लगाए । डीपी भण्डारीले त लेख नै लेखे 'बौलाहा काठमाडौँको बौलाहा डाक्टर' शीर्षकमा ।

त्यतिबेला संस्थागत समाजसेवाका क्षेत्रमा राजपरिवारका सदस्यले मात्र प्रत्यक्ष हात हाल्ने चलन थियो । त्यसमा पनि अधिराजकुमार हिमालय शाहकी पत्नी अधिराजकुमारी प्रिन्सेप शाह समाजसेवाका काममा तल्लीन भएर लागेको देखिन्थ्यो । रेडक्रसलगायतका संस्थामार्फत उनी सक्रिय थिइन् । विसं ०३४ को अन्त्यतिरको कुरा हो । उनले मलाई एक दिन बेलुकाको खानामा बोलाइन् र एकाएक मेरो नाममा स्थापना भएको चिकित्सा गुठीका कामलाई लिएर असन्तुष्टि व्यक्त गरिन् ।

खाना खाइसकेपछि कुराकानीको सुरुआतमै उनले भनिन्, "यो मृगेन्द्र चिकित्सा गुठी राजपरिवारमा बुझाइदेऊ ।" म त ट्वाँ परेँ । एकाएक यस्तो कुरा कहाँबाट आयो ? मैले प्रतिक्रिया जनाउनै पाएको थिइनँ, उनैले फकाउने शैलीमा अगाडि भनिन्, "यो गुठी हाम्रो सञ्चालनमा आयो भने हामी यसलाई अनुसन्धान र औषधोपचारका लागि विश्वप्रसिद्ध अमेरिकाको मेयो क्लिनिकजस्तो बनाइदिन्छौँ ।"

गाउँलेको सहयोगमा उनीहरूकै लागि सञ्चालन भइरहेको गुठीलाई दरबारमा बुझाउन म राजी भइनँ । त्यसपछि एक-दुई दिनको फरकमा तीन दिनजस्तो मलाई बेलुकाको खानाका लागि डाकिन् र सोही कुरा दोहोऱ्याइरहिन् । आखिरी दिनमा त उनले धम्कीकै भाषा प्रयोग गरिन्, "तपाईंले मैले भनेको मान्नुभएन भने मभन्दा माथिबाट आदेश आउनेछ । त्यसपछि नमानेर सुख !"

म थप चकित परेँ । माथि भनेर उनले कसलाई संकेत गरेकी होलिन् ? केही दिन सोचमग्न पनि भएँ । यत्तिकैमा एक दिन तत्कालीन बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहले मलाई दरबारमा बोलाएर सोधिन्, "त्यो गुठी किन खोल्नुभयो ? यसमार्फत के गर्न खोज्नुभएको हो ?"

मैले सबै कुरा बताएँ । त्यसपछि उनले भनिन्, "तपाईंले गुठी चलाउन त चलाउनूस् तर यो गुठीलाई सुन्दरीजल क्षेत्रबाट सारेर कतै लगेर चलाउनूस् ।"

मैले भनेँ, "हजुरहरूको कुरा काट्न सक्ने म को नै हुँ र ? तर, यो बाहुनको छोरा आफ्नो पैसा वाग्मती किनारमा बसेर दान गर्न चाहन्छ । मैले धेरै वर्ष सरकारहरूको काम गरेँ, अब मलाई यस ग्रामीण क्षेत्रका मानिसका निम्ति स्वास्थ्य सेवा प्रदान गर्ने मौका पाए हुन्थ्यो !" त्यसपछि रानी ऐश्वर्यले कुनै प्रतिक्रिया जनाइनन् । चुप रहिन् ।

दरबार सुन्दरीजल क्षेत्रका गाउँले जनतालाई गुठीमार्फत स्वास्थ्य सेवा पुऱ्याएकामा भन्दा सुन्दरीजल जेलमा थुनिएका राजनीतिक बन्दीलाई स्वास्थ्य सेवाका नाममा राजनीतिक सेवा पो गर्छ कि भनेर भयातुर रहेछ । त्यसैले त्यो गुठीलाई सुन्दरीजल क्षेत्र आसपासबाट हटाउने दरबारिया चाहना रानी ऐश्वर्यबाट व्यक्त भएको बुझ्न मलाई कठिन भएन ।

सौभाग्य नै भनौँ ! त्यसपछि भने दरबारबाट यस विषयमा खासै चासो व्यक्त भएन । सैनिक निगरानी भने भइरह्यो । ग्रामीण जनताको सेवा गर्न पनि हामीले छाडेनौँ । निरन्तर त्यो गुठी सुन्दरीजल क्षेत्रमा अद्यापि क्रियाशील छ । पछिल्लोपल्ट १९ फागुनमा शिक्षाविद् केदारभक्त माथेमालाई एक लाख रुपियाँ नगदसहित सम्मान प्रदान गरिरहँदा गुठीलाई दरबारमा बुझाउन प्रिन्सेप शाह र रानी ऐश्वर्यले दिएको दबाब भने झलझली सम्झना आइरह्यो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

सोझै

तथ्यचित्र

नेपालमा

पुरुष र महिला डाक्टरको अनुपात



स्रोत : नेपाल मेडिकल काउन्सिल | इन्फोग्राफिक्स : यमन मानन्धर

साताका चर्चित

नेहा बानु
खेलाडी

काठमाडौंमा भएको तेस्रो अन्तर क्लब स्क्वाट प्रतियोगितामा ६० किलोमुनिका सबै प्रतिस्पर्धीलाई हराउँदै स्वर्ण पदक जितेकाले । उनी मोडल पनि हुन् ।

अनु लामा
खेलाडी

सबैभन्दा धेरै अन्तर्राष्ट्रिय गोल गरेबापत अखिल नेपाल फुटबल संघद्वारा सम्मानित भएकाले । राष्ट्रिय महिला फुटबल टिमबाट खेल्ने लामाले अन्तर्राष्ट्रिय प्रतियोगितामा अहिलेसम्म ३५ गोल गरेकी छन् ।


gle
how to break into a safe
All
Videos
Images
News
Maps
More
Settings
Tools
About 15,500,000 results (0.51 seconds)
How Easy it is Breaking Into Safe - YouTube
https://www.youtube.com/watch?v=B8ViUdd-2LM
Oct 1, 2013 - Uploaded by CamaroLinxs
how. long do you think it'll take for someone to breach your security while you're out of the home or how. long ...
2:17
How to break into most digital safe's - YouTube
https://www.youtube.com/watch?v=eOdmMb90YEE
Mar 1, 2012 - Uploaded by alewisgb
this is a tutorial for how to get into energy to say all. you got to do is hit the top of the safe and turn. the dial ...
0:41
People also ask
Can a safe be opened by a locksmith?
How do I change the code on my safe?
How do you open a Gardall safe?
Feedback
Breaking into a safe in 2 minutes - YouTube
https://www.youtube.com/watch?v=BjHnklj6PAs
Mar 26, 2014 - Uploaded by The Safe Keeper
The Safe Keeper in Las Vegas, NV demonstrates how easy it is to break into a common home safe. http ...
2:20
Safe-Cracking Made Stupid Easy: Just Use a Magnet « Lock Picking ...
https://lock-picking.wonderhowto.com/.../safe-cracking-made-stupid-easy-just-use-ma...
Feb 6, 2016 - That all sounds great, until you find out that you can open this safe—and pretty much every safe like it—in a matter of seconds using only a magnet. ... Not only does this method make it easy to bust into a safe or a standard push button lock on a door, it also won't leave any trace of intrusion, as long as ...
Breaking Open a Safe Isn't as Easy as You Think - Safe & Vault Store
https://blog.safeandvaultstore.com/breaking-into-a-safe/
Jan 28, 2008 - How to break open a safe is usually a question only thieves and locksmiths think about. Anyone looking at purchasing a safe should be thinking about this question too. No, you won't be breaking into a safe, but you want to keep the burglars from breaking into yours. With just a little knowledge, you can ...
STAY SAFE ALWAYS
HIKVISION
www.hikvision.com
TECHNO VISION
tvt.com.np

धुम निशाना

२० फागुनमा काठमाडौं आइपुगेका पाकिस्तानी प्रधानमन्त्री साहिद खकान अब्बासीले कतै प्रेम बर्साए, कतै कसैकसैलाई तर्साए । छोटो बसाइमा सैनिक मञ्च टुँडिखेलमा नेपाली सेनाबाट १९ तोपको सलामीसहित 'गार्ड अफ अनर' लिन पनि भ्याए । तर, भइदियो त्यही जुन सायद अब्बासीले चाहेका थिएनन् । जस्तो कि, तोप पड्कियो टुँडिखेलमा, धूवाँ निस्कियो, 'लैनचौर'तिर ।

■ **वाटरगेट उपाध्याय**

कतै मिलन, कतै विछोड

यो युधीर थापाको बेस्ट सेलर उपन्यासको नाम होइन । यो त भूपू कमरेड उपेन्द्र यादवको सत्य घटनामा आधारित थ्रिलर हो । उनी वामपन्थीको एकमना सरकारमा उपप्रधानमन्त्री (नपाए मन्त्री नै) हुन खुट्टा उचालिरहेका छन् । संविधान संशोधन आदि-इत्यादिका मुद्दा तपसिलमा भइरहन्छन् । उनको अतृप्त आकांक्षाले वाम गठबन्धनतिर मिलन हुँदैछ भने मधेसी गठबन्धनसँग विछोड । एकसाथ एउटा गठबन्धनसँग टुट्ने र अर्को गठबन्धनसँग जोड्ने अद्भुत कला छ उनमा । प्रदेशमा राजपासित सरकार बनाउने, केन्द्रमा वामसँग । यस्तै विरोधाभासी शैलीको अर्को नाम त हो उपेन्द्र यादव । अब उपेन्द्र आफैंले गठबन्धन टुटाए वा केपी ओलीले फुटाए या अमूक कसैले ? ओलीले फुटाएका हुन् भने त्यो सफलता कसको हुन्छ ? यसमा गर्व त पक्कै उपेन्द्रले नै गर्नेछन् । कि कसो ?

■ **लाल कुमाल**

घुम्ने मेचमाथि दूरदर्शी मान्छे

हाम्री महामहिम राष्ट्रपतिको देव-देवालय भ्रमण, पूजा-अर्चनाबारे मानिसहरूले बाह्र-सत्ताइसका कुरा काटे । धर्मनिरपेक्ष मुलुकको प्रमुखले यस्तो कार्य गर्नु राजपरम्पराको कुबाटो भनेर उनलाई खसाले । तर, चारवर्षे यस्तो कठोर तपस्याको रहस्य खुल्दा सबै ट्वाँ छन् । राष्ट्रपतीय पदमा बसेर गरेको लामो साधना र धार्मिक-आध्यात्मिक तपस्याले उनको 'भित्री आँखा'को ढकनी खुलेछ । यति मात्र हो र ! यसबारे उनी प्रवचन दिनसक्ने भइछिन् । पुनः सोही कुर्सीमा बसेर आफ्नो साधना र तपस्यालाई निरन्तरता दिने तयारी गर्दागर्दै उनले भनिन्, 'हे बालक कांग्रेसजन हो ! मेरो



भूमिकालाई बाहिरी आँखाले होइन, भित्री आँखाले हेर्नू । अनि मात्र वास्तविक संसार देख्नेछौ । नत्र तड्पिएर मर्नुपर्नेछ ।'

अध्यात्मवादकी प्रखर पालक खासमा बाटो बिराएर नास्तिक बनिन् । तपस्या र साधना गर्ने उपयुक्त थलो 'कुर्सी'मा पद्मासन मुद्रामा बसेपछि आफ्नो मूल चरित्र 'स्वामी कमरेड' प्रकट भइहाल्यो । महामहिमको यस्तो रूपान्तरण देखेका भए कवि भूपी शेरचनसमेत आफ्नो 'घुम्ने मेचमाथि अन्धो मान्छे' कविता संशोधन गर्नतिर लाग्ने थिए होलान् ।

■ **लुकुवा बाजे**

आफ्नै अन्तर्वार्ता

यो साता *इन्द्रजाली* दैनिकले हंगामा मच्चायो, सहरमा । चोकचोकमा, गल्लीगल्लीमा । एकाबिहानै पत्रिका पढेर पाठकहरू घरघरमा चकित परे । कुरो पनि नवआश्चर्यमूलक थियो । प्रिय पाठकलाई शृंखलाबद्ध रूपमा चकित पार्न सक्नु चानचुने क्षमता थिएन । पहिलो पृष्ठभरि रंगीन अन्तर्वार्ता थियो, आफ्नै पत्रकारको । लौ न, यो के हुन थाल्यो ? अझै ताज्जुबलाग्दो कुरो के थियो भने प्रश्नकर्ता र उत्तरदाता दुवै भूमिकामा उही पत्रकार । कुराकानीको चुरो थियो- पत्रकारको मान-सम्मान शृंखला । पत्रिकाको स्टाइल हेरेरै गुदीभित्र पस्ने लेठो कसैले गरेनन् । सामाजिक सञ्जालतिर सर्वत्र विरोध हुन थाल्यो । तर, *इन्द्रजाली* चुँ गरेन । भोलिपल्ट पत्रिका लगभग खाली छापियो । पहिलो पृष्ठमा यत्ति लेखिएको थियो- न्यायाधीशले आफ्नो मुद्दा आफ्नै इजलासमा हेर्न मिल्ने, पत्रकारले आफ्नै अन्तर्वार्ता छाप्न किन नमिल्ने ?

■ **भर्जिन ब्वाय**

गरिब भएरै मर्न पाऊँ

समृद्धिको नारा बेचेर चुनाव जितेको पार्टीले मन्त्रिपरिषद् बैठकबाट निर्णय गर्‍यो, 'हामी अल्पविकसित नै रहने । त्यसभन्दा माथि तत्काल नउक्लिने ।' वाह ! क्या गज्जबको निर्णय ?

गरिब देशको परिचय मेटिएपछि देशमा विदेशी सहायता आउँदैन । विदेशी सहायता नआए धेरै एनजीओ बन्द हुनेछन् । एनजीओ बन्द भए पार्टीका धेरै नेता-कार्यकर्ताको जीविका बन्द हुनेछ । अनि, देश उँभो लाग्ने आधारै बाँकी रहेन । बरू संयुक्त राष्ट्रसंघमा एउटा निवेदन दर्ता गरौं, 'हामी गरिब भएरै मर्न चाहन्छौं । त्यसभन्दा माथि उक्लिन चाहन्नौं ।'

गरिबी बेचेर विदेशी सहायता भित्र्याउने

बाह्रै महिना छुट

पहिले-पहिले छुट पाउन दसैं-तिहार कुर्नु पर्थ्यो । त्यसबेला खसीबोकादेखि लत्ताकपडा र खाद्यान्नसमेतमा छुट दिइन्थ्यो । तिहारमा त जुवातासदेखि लंगुरबुर्जा खेल्न छुट दिइन्थ्यो । अहिले आएर यस्ता घरबार नै बिगार्ने खेलमा कडाइ गरिएको छ, अति राम्रो । तर, बाह्रै महिना, बाह्रैकाल देश बिगार्ने खेलमा भने अहिले छुट दिन थालिएको छ । त्यो पनि कुनै व्यापारी वा प्रहरी प्रशासनले होइन अदालतले ।

ल हेर्नुस् न ! १२ अर्ब भ्रष्टाचार गरेकालाई ११ अर्ब ९९ करोड छुट दिएर एक करोड धरौटीमै रिहा गरिदिन्छ अदालत । ४ करोड २९ लाख गैरकानुनी सम्पत्ति आर्जन गरेकालाई एक करोडमै छोड्छ त्यही अदालत । तर, हाम्रा महान् नेता पुष्पकमल दाहाल 'प्रचण्ड' भने अब भ्रष्टाचारीलाई जेलमा जाक्ने फलाक्दै हिंडिरहनुभएको छ ।

हे कमरेड ! तपाईंले भ्रष्टाचारीलाई जेलमा त हाल्नु होला । यसमा शंका छैन । तर, के गर्नु अदालतले भारी छुटमा छोडिहाल्छ । बरू, यस्तो मनपरी छुट दिने अदालतलाई नै जेल हाल्ने काम गरौं न पहिले । सकिन्छ त कामरेड ?

■ सूर्जे नेवा:

सरकारको यो निर्णयको ३२ तोपको सलामी दिएर स्वागत गर्नुपर्छ । बरू, यो सोचलाई थप प्रभावकारी बनाउन एनजीओ र पार्टी कार्यकर्ताका हातमा मात्र होइन, घर-घरमा कमन्डलु वितरण गरेर, टोलटोलमा दानपात्र राखेर गरिबीमा आधारित अर्थतन्त्र निर्माण पो गर्ने हो कि, विज्ञ अर्थमन्त्री युवराज खतिवडाज्यू ?

■ रुन्चे राइँलो

झटारो | ■ लक्ष्मण गाम्नागे

बोल्न मिल्दैन

सम्माननीय प्रधानन्यायाधीशज्यूका विषयमा निकै जोडतोडले उठिरहेका विवाद सम्बन्धमा 'बोल्नै मिल्दैन, के बोल्नु !' भनेर नेपाल बारका अध्यक्षले एक सञ्चारमाध्यमलाई जवाफ दिएछन् । उनले हामी धेरैको मनकै कुरा गरेका हुन् । हामी बारभित्र बारिएर बसेकाहरूलाई त्यस्तै भइरहेको छ, बोलौं बोलौं लाग्छ, बोल्नै मिल्दैन । घाँटी खसखस-खसखस गर्छ, भित्रैदेखि कुराहरू हुँडलिएर घाँटीसम्म आउँछन्, ओकल्नै मिल्दैन । सम्माननीयज्यूले पटक्कै ठीक गरिरहनुभा' छैन भन्ने लागे पनि बोल्न मिल्दैन । उहाँले कत्रो भरोसा गर्नुभएको छ हामीमाथि, उहाँलाई कसरी चोट पुऱ्याउनू ? त्यसैले यो घटनामा हाम्रो बारले स्याउलाकै बार बराबर निष्प्राण भएर रमिता हेरेर बस्नुपर्छ, बोल्न मिल्दैन । बारको आफ्नै घेराबारा छ भन्ने सबैलाई थाहा छ । बारभन्दा बाहिर निस्किएर हल्ला गर्न मिल्दैन ।

कुनै न्यायाधीशले दिएको आदेशको आलोचना गर्दैमा वा न्यायाधीशको चरित्र वा काम-कारबाहीको विरोध गर्दैमा न्यायपालिकाकै अवहेलना हुन्छ भन्ने हामीलाई पनि लाग्दैन तर उहाँले त्यसलाई अवहेलना मानेपछि हामीले बोल्न मिल्यो त ?

कति कुरा हाम्लाई पनि चित्त बुझ्दैन । जस्तै : त्यो तहको मान्छेले आधा दर्जन जन्ममिति बोकेर नबस्नुपर्ने हो । एसएलसी पास गरेको सर्टिफिकेट खोइ भनेर दुनियाँले प्रश्न उठाइसकेपछि 'यीऽऽ !' भनेर सर्टिफिकेट तेर्स्याउँदा कुरै सकिनेमा 'लाऽऽ !' भनेर प्रश्न उठाउनेहरूकै अनुहारमा लोपार्न नहुने नै हो । आफ्ना विरुद्धका उजुरीमा आफैं न्यायाधीश भएर फैसला गर्न र आदेश गर्न त झनै नमिल्ने हो । तर, के गर्नु, चित्त नबुझे पनि हामीले बोल्न मिल्दैन ।

हामी-हामीभित्रको आन्तरिक कुरा है ! ठूलठूला आर्थिक विषयमा भएका अन्तरिम आदेशहरूले तस्कर र कालाबजारियाहरूलाई ठूलो फाइदा र सरकारलाई अर्बौंको घाटा भएको कुरामा होइन भनेर हामीले प्रतिवाद गर्ने ठाउँ छैन । त्यो पदबाट त्यस्ता काम भए होला भन्ने हामीले सोच्नु पनि नहुने हो तर यसो हेर्दा खोइ के खोइ के जस्तो देखिन्छ । तर पनि हामी बोल्दैनौं । बोल्न मिल्दैन के !

हामी उहाँका लाइनका मान्छेहरूले बोल्ने बेलै होइन यो । बोली साध्ये भा'पो बोल्नु । बोल्यो कि पोल्यो । बोलेर भन्दा नबोलेरै जितिन्छ । बोलेन भने मनमा लागेका कुरा मनमै बसिरहन्छन् । भित्रै घुमिरहन्छन्, बटारिइरहन्छन् । धेरै भए आफैंलाई भित्रभित्रै पिरोल्छन् । नबोल्दा किन नबोलेको भन्ने एउटा प्रश्न आउँछ, त्यसको उत्तर नबोलेरै टार्न सकिन्छ । बोल्यो भने हजार प्रश्नको सामना गर्नुपर्छ । त्यसैले बोल्नुभन्दा नबोल्नु हाम्रो स्वास्थ्यका लागि लाभदायक छ ।

हामीले बिनाकारण नबोलेको पनि होइन । राजनीतिमा पोलिटिक्स घुसेकाले नबोलेको हो । राजनीतिमा पोलिटिक्स घुसेपछि एउटा लाइनका मानिसको बोली खुलेका बेला अर्को लाइनका मानिसको मुख बन्द हुन्छ । आफ्नै लाइनका न्यायाधीश, मन्त्री, प्रधानमन्त्री, पार्टी अध्यक्ष वा सभापतिहरूले गरेका ओत्याइँको विरोध गरेर भविष्यका बाटाहरू बन्द गराउन कसैलाई इच्छा हुँदैन । अझै कति बाँच्नु छ, कति माथि पुग्नु छ, कति अवसरहरूले बाटोमा पर्खिबसेका होलान् । अनि, प्याच्चपुच्च मुख चलाएर आफ्नै घुँडामा बन्चरो किन हान्नू ? यति कुरा सबैलाई थाहा छ । त्यसैले नेपाल बारले किन नबोलेको भनेर कसैले प्रश्न उठाउँदैमा उत्तर दिनु जरुरी छैन । मुख ट्याप्प थुनेर चुपचाप बस्नुपर्छ । हामीले अहिले बोल्न मिल्दैन ।

सुप्पत बात

सुरेन्द्र लाभ

जानकीको भेटीबाट प्रदेश

संघीय प्रदेशहरूको रेखा कोरिँदै गर्दा एक नेताले व्यंग्यात्मक प्रतिक्रिया दिए, 'प्रदेश-२ को विकास जानकी मन्दिरको भेटीबाट हुने हो ?' सम्भवतः चुरेक्षेत्रजस्ता प्राकृतिक सम्पदा यस क्षेत्रमा नगाभिएको सन्दर्भमा उनले यस्तो भनेका हुन सक्छन्। उनको यो भनाइमा आधारित भएर त्यसबेला लामै छलफल चलेको थियो।

जानकी मन्दिरको भेटीबाट स्वयं जानकी मन्दिर चल्दैन भने प्रदेश चलाउने कुरा धेरै टाढा छ। जानकी मन्दिर न भारतको तिरुपति बालाजी हो, न त साइबाबाको मन्दिर। काठमाडौँको पशुपतिनाथ मन्दिर पनि होइन यो। तसर्थ, प्रदेश-२ ले आफ्नो सामर्थ्यको पहिचान गरी नयाँ ऊर्जा र सोचका साथ आत्मबलसहित अगाडि आउन सक्नुपर्छ।

विविधता र विकासको मिश्रण

देशमा संघीय, प्रादेशिक र स्थानीय गरी तीनवटै सरकारको अस्तित्व अहिले कार्यान्वयनमा आइसकेको स्थिति छ। संघीय सरकारसँग सुन्दर र समृद्ध नेपालको परिकल्पना हुँदैन भने देश सुन्दर र समृद्ध बन्न सक्दैन। स्थानीय सरकारसँग पनि आफ्नो गाउँ-ठाउँको विकासको परिकल्पना हुनु आवश्यक छ। त्यस्तै, प्रदेश सरकारको कल्पनाशीलतामै सम्बन्धित प्रदेशको सौन्दर्य र समृद्धि निर्भर छ। मूलभूत कुरा परिकल्पना नै हो। र, यसलाई विकासको प्रारम्भिक बिन्दु मान्न सकिन्छ। प्रदेश-२ मा पनि सरकारले आफ्नो प्रदेशबारेको परिकल्पना बाहिर ल्याउनुपर्छ।

प्रदेश-२ मा आठ जिल्ला रहेका छन्। तीमध्ये सप्तरी सबैभन्दा पुरानो जिल्लामध्येमा पर्छ। यो जिल्लाको भारतीय स्वतन्त्रता संग्रामसँग पनि पुरानो साइनो गाँसिएको छ। सप्तरीको मुख्य नगर राजविराज सहरलाई नेपालको पहिलो व्यवस्थित सहर मानिएको छ। सहर निर्माण गर्दाताका नै राजविराजलाई सुन्दर सहरको परिकल्पना साकार पार्ने प्रयास गरिएको थियो। तर, अचेल यसको सौन्दर्य विलुप्त भएको छ। फोहोर बढेको छ, बसाइ अव्यवस्थित हुन थालेको छ। फराकिला बाटा साँघुरिँदै छन्। रौनक हराएको छ। र, यसलाई पुनः सौन्दर्यीकरण गर्नु प्रदेश सरकारको पहिलो प्राथमिकता हुनुपर्छ।

प्रदेश-२ मा एक मात्र औद्योगिक क्षेत्र राजविराजमा छ। तर, यो औद्योगिक क्षेत्रले अपेक्षित गति लिन भने सकेको छैन। यहाँको हवाई अड्डा पनि मृतप्रायः छ। नवगठित पहिलो प्रदेश सरकारले सुस्त गतिका यी दुवै कुरालाई मुख्य प्राथमिकतामा राखी सञ्चालनका लागि पहल गरिहाल्नुपर्छ।

यस्तै, सिरहा प्रदेश-२ को अर्को महत्त्वपूर्ण जिल्ला हो। जिल्लाको सदरमुकामको नाम पनि सिरहा नै हो। कुनै बेला प्रशासनिक र शैक्षिक केन्द्रका रूपमा प्रसिद्ध यो नगर अहिले भने क्रमशः रौनकविहीन बनेको छ। र, यसको रौनक फर्काउन प्रदेश सरकारले ध्यान दिनुपर्छ। तर, ठूलो व्यापारिक केन्द्रको रूपमा पूर्व-पश्चिम राजमार्गमा रहेको



लहान सहर भने अहिले उदाएको छ। आँखा अस्पतालका लागि यसको प्रसिद्धि सीमा वारिपारि दुवैतिर छ। नजिकै सल्हेश फूलबारी रहेको छ, जहाँ प्रत्येक वर्ष १ वैशाखमा मात्र फुल्ने फूल छ। मुसहर जातिका लोकनायक (देवता) सल्हेशको फूलबारी यहाँको संस्कृतिको अभिन्न अंगका रूपमा स्थापित भइसकेको छ। यस क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा संरक्षण, प्रचार र व्यवस्थापन गर्नु प्रदेश सरकारको दायित्वभित्र पर्छ। यहाँ रहेको बाबा ताल निर्माणपछि जिल्लालाई पर्यटन क्षेत्रका रूपमा विकास गर्ने अर्को आधार थपिदिएको छ।

हाल धनुषाको जनकपुरधाम प्रदेश-२ को अस्थायी राजधानी हो।

को विकास ?

जनकपुरधाम आफैँमा महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थल हो। राजा जनक र सीताको जन्मभूमि जनकपुरधाम हिन्दु धर्मावलम्बीका लागि आस्थाको केन्द्र मानिन्छ। जानकी मन्दिर, राम मन्दिर, विभिन्न कलाकौशलबाट निर्माण गरिएका मन्दिर र साना कुटी तथा पोखरीले जनकपुरको ऐतिहासिक तथा सांस्कृतिक सौन्दर्यलाई अझ ओजपूर्ण बनाएको छ। तर, पछिल्लो समय नगरमा बढेको फोहोर र अव्यवस्थाले गर्दा आन्तरिक तथा धार्मिक पर्यटकको आकर्षणमा कमी आउन थालेको छ। प्रदेश सरकारका लागि यहाँको पर्यटन विकास ठूलो अवसर हो। धनुषाधाम पर्यटकका लागि गन्तव्य स्थल बन्दै गएको छ। राजनीतिक आन्दोलन र शिक्षाको केन्द्रका रूपमा रहेको धनुषा सबै क्षेत्रबाट आफैँमा महत्त्वपूर्ण मानिन्छ। यसको ऊर्जालाई विकासको मार्गमा रूपान्तरण गर्नु प्रदेश सरकारका लागि चुनौती र अवसर दुवै रहेका छन्।

प्रदेश-२ को अर्को जिल्ला महोत्तरी पनि पुरानोमध्येमा पर्छ। तर, जिल्ला सदरमुकाम जलेश्वरले भने यतिखेर आफ्नो रौनक गुमाएको छ। जलेश्वर सदरमुकाम भए पनि यसको विकास निर्माणको गति सुस्त हुँदै गएको अवस्था छ। बरू, महोत्तरीकै पूर्व-पश्चिम राजमार्गमा रहेको बर्दिवास चम्किँदै गएको छ। प्रसिद्ध जलेश्वरनाथ महादेवको मन्दिर रहेको यो सहरलाई पहिलेकै अवस्थामा फर्काउनु पनि नवगठित प्रदेश सरकारका लागि चुनौती हो। विभिन्न खाले इतिहास र संस्कृति बोकेको जिल्ला हो यो। नेपालका पूर्वराजपरिवारसँग महोत्तरीका मैथिल बाहुन परिवारसँगको वैवाहिक सम्बन्ध रहिआएको छ। जैन सम्प्रदायका २३औँ र २४औँ तीर्थङ्करको जन्मस्थान यहीँ रहेको बताइन्छ।

सर्लाही प्रदेश-२ को मध्यभागमा पर्छ। जिल्लामा पर्यटन विकासको आधारका रूपमा नरेमन ताल करिब ५० बिघामा फैलिएको छ। यस क्षेत्रको प्रचार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन सकिए प्रदेश सरकारको आम्दानी बढ्न सक्छ। यहाँका स्थानीय उत्पादन गोलभेडा, तरुललगायतका तरकारीले काठमाडौँ उपत्यकामा समेत बजार लिएको छ। साहित्यकार कृष्णचन्द्रसिंह प्रधानले आफ्नो उपन्यास *एक चिहान*मा सामाजिक सद्भाव कायम गर्न काठमाडौँको एउटा चेलीको विवाह सर्लाहीको मधेसी परिवारका युवासँग गराएको चित्रण गरेका थिए।

रौतहट, प्रदेश-२ को विकास र सामाजिक रूपमा सबैभन्दा पछि परेको जिल्ला हो। मानव विकास सूचकांकले यो तथ्यलाई प्रमाणित गरिसकेको छ। तर, यहाँ मुलुकका सबै जिल्लामा भन्दा बढी इँटा उद्योग सञ्चालनमा छन्। यहाँबाट उत्पादित इँटा बढीजसो काठमाडौँ उपत्यकामा खपत हुने गरेको छ। धेरै मुस्लिम बस्ती रहेको यो जिल्लामा शिक्षाको अभाव छ। खासगरी मुस्लिम महिलाको अवस्था चिन्तनीय छ। दलित जाति विभिन्न विभेदका सिकार भइरहेका छन्। केन्द्र तथा प्रदेश सरकार दुवैले यस्ता विषयलाई प्राथमिकीकरण गर्नु आवश्यक छ। गौर सदरमुकाम रहेको जिल्लाले देशलाई धेरै नेताहरू पनि दिएको छ।

प्रदेश-२ कै बारा र पर्सा मूलतः औद्योगिक करिडोरका रूपमा विकसित भएका जिल्ला हुन्। निजी क्षेत्रबाट विकसित 'पथलैया-वीरगन्ज' करिडोर नेपालमै प्रसिद्ध रहेको छ। वीरगन्ज भन्सारलाई नेपालको मुख्य नाका मानिन्छ। वीरगन्ज, कलैया, सिमरा आदि यस क्षेत्रका मुख्य सहर हुन्। 'सिम्रौनगढ' मिथिलाको प्राचीन राजधानी पनि हो। नयाँ सरकारका लागि सिम्रौनगढ संरक्षणको दायित्वका साथै आर्थिक क्रियाकलापमा अग्रणी यी जिल्लाका लागि कस्तो औद्योगिक नीति लिने भन्ने चासो पनि अगाडि छ। करमा छुट, तेस्रो मुलुकबाट आउने कच्चा माल पैठारीमा सुविधा, निकासीमा सरलता, उद्योगधन्दा सञ्चालनमा सहजतालगायतका मुख्य विषय सम्बोधन गर्नु सरकारको कर्तव्यका साथै चुनौती पनि हो।

> **प्रदेश-२ लाई समृद्धि र विकासको बाटोमा अगाडि बढाउन यहाँका स्रोत-साधन अधिकतम् परिचालन गर्न सक्नुपर्छ। कृषि, औद्योगिक, व्यापारिक र आर्थिक क्षेत्रमा प्रशस्त सम्भावना रहेको प्रदेशलाई समुन्नत बनाउन केन्द्र सरकारसँग पनि समन्वय गर्नुपर्छ।**

संवाद-सहकार्य

प्रदेश-२ सरकारले आफ्नो विकास एजेन्डा अगाडि बढाउन दुई स्तरमा संवाद र सहकार्य गर्नुपर्ने देखिन्छ। एउटा, संघीय सरकारसँग र अर्को, स्थानीय सरकारसँग। केन्द्रले स्थानीय स्रोत-साधनमा आधारित विकास मोडललाई अपनाउन स्थानीय सरकारहरूसँग सहकार्य र संवाद थालिहाल्नुपर्छ। स्थानीय स्रोत-साधन पर्याप्त नहुने हुँदा संघीय सरकारसँग पनि संवाद र सहकार्य गर्नुपर्छ। प्रदेश-२ मुख्य रूपमा कृषिमा आधारित भएको हुँदा, सिँचाइमा विशेष जोड दिनुपर्छ। खासगरी सुनकोसी-कमला-मरिन डाइभर्सनको चर्चा धेरै वर्षदेखि चले पनि अहिलेसम्म राष्ट्रिय गौरवको आयोजना बन्न सकेको छैन। यसका लागि प्रादेशिक सरकारले संघीय सरकारसँग अविलम्ब पहल थाल्नुपर्छ। निजगढमा बन्ने अन्तर्राष्ट्रिय हवाई अड्डा राष्ट्रिय गौरवको आयोजना भए पनि काम सुस्त गतिमा भइरहेको छ। हुलाकी सडकको अवस्था पनि सन्तोषजनक छैन। यो प्रदेशमा पूर्वाधार निर्माण बढाउनुपर्छ। यो प्रदेशबाट नेपालमा सबैभन्दा बढी विदेशिने युवा रहेकाले रेमिट्यान्स ठूलो पुँजीका रूपमा रहेको छ। तर, यसको उपयोग उत्पादनभन्दा उपभोगमा भइरहेको छ। प्रदेशमा भित्रिने रेमिट्यान्सलाई उत्पादन क्षेत्रतिर डोऱ्याउन सकिन्छ। श्रमशक्तिको पलायनलाई हतोत्साहित गरेर कृषिलाई रोजगारीको व्यवसाय बनाउन पहल गर्नुपर्छ। प्रदेश-२ मा माछापालनको सम्भावना ठूलो छ। यहाँ ठूलठूला पोखरी, नदी र तालतलैया छन्। यस्ता तालतलैयामा व्यवस्थित रूपमा माछापालन गर्न सकिए प्रदेश सरकारका लागि राजस्वको स्रोत बढाउन सकिने देखिन्छ। ◆

समाज

मोही मर्म

किसानलाई मुद्दा लडेर थकाउने र जग्गा नदिने योजनामा जमिनदार

जनक नेपाल/नेपालगन्ज

नेपालका कम्युनिस्ट पार्टीहरूले स्थापना कालदेखि एउटा नारा खुबै लगाए, 'जमिन कसको, जोत्नेको !' स्थानीय, प्रदेश र केन्द्रीय सरकारमा उनीहरूको झन्डै दुई तिहाइ बहुमतको वर्चस्व कायम भइरहँदा सवा लाखभन्दा धेरै जोताहा किसान भने मोहियानी हकका लागि भौंतारिइरहेका छन् ।

नेपालगन्ज उप-महानगरपालिका-१९ स्थित वासुदेवपुरका खेलावन रैदास ७३ वर्षका भए । स्थानीय कलावती तेली, अवधराम कुर्मी र श्रीचन्द्र भगवान उदासी गुठीको दुई बिघा आठ कठ्ठा नौ धुर जग्गा जोतेरै उनको दुई पुस्ता बित्यो । बुवा भरोसे रैदासको विसं ०४२ मा निधनपछि खेलावनले उक्त जग्गामा खेती लगाउँदै आएका छन् । खेती मजदुरीबाहेक उनको अर्को कुनै आम्दानी स्रोत छैन । उनको नाममा अहिले एक धुर जमिन पनि छैन । जग्गाधनी मोही बाँडफाँटका लागि तयार नभएपछि खेलावनले ०६१ मा भूमिसुधार कार्यालयमा निवेदन दिए । त्यसयता जग्गाधनीले बाली बुझ्न आनाकानी गरेपछि वडा कार्यालयको रोहबरमा बाली बाँड्ने र भूमिसुधार कार्यालयको खातामा दर्ता गर्दै आएका छन् । "मोहीलाई धेरै दुःख छ हजुर । मुद्दा लड्ने कि तारेख धाउने कि मजदुरी गर्ने ?" उनी भन्छन्, "मजदुरी नगरे बालबच्चा भोकै पर्छन् । तारेख नधाए जमिनदारले जग्गा हडप्छ ।"

वासुदेवपुरकै सलारु बागबान मोही हकका लागि भूमिसुधार कार्यालय धाउदा-धाउँदै २४ साउन ०७३ मा बिते । उनले जोत्दै आएको स्थानीय नवीनकुमार जयसवाल, प्रेमकुमारी कुर्मी र रामलाल तेलीको एक बिघा जग्गामा अहिले छोरा नूरमोहम्मद बागवान, ४०, ले बाली लगाइरहेका छन् । जग्गाधनीलाई आधा उब्जनी बाँड्दा उनको परिवारलाई वर्षभरि खान पुग्दैन । त्यसैले अरू जग्गा पनि बटैया गर्छन् । फुर्सदका बेला ज्याला मजदुरी पनि गर्छन् । उनको परिवारको नाममा एक धुर जग्गा पनि छैन । घर पनि ऐलानी जग्गामा छ । "आफ्नो नामको लालपुर्जा देखेर मर्ने बुबाको ठूलो धोको थियो । मोही हक नपाएरै बित्नुभो," भन्छन्, "बुवा १२ वर्ष धाएर पुरा नभएको सपना पुरा गर्न अहिले म लागिरहेको छु ।"

बर्दिया गुलरिया-१२ का छोटेलाल रैदासका बुबा माधुरामले ०१७ देखि सोही गाउँका बृजा साह बनियाँको खेत जोत्दै आए । ३० वर्षअघि बुवाको निधनपछि छोटेलालले जोत्दै आएका छन् । उनी मोही हकका लागि धाउन थालेकै वर्षौं भइसक्यो । हक पाउनु त परको कुरा, बुबाको पालादेखि जोत्दै आएको पाँच बिघा १४ कठ्ठा १३ धुर जग्गाको आधा बाँडफाँटका लागि निवेदन दिएयता साहले खेत जोत्नसमेत दिएका छैनन् । रैदास भन्छन्, "हक माग्दा जमिनदारका मान्छेले उल्टै हातपात गरे । अब न्याय कहिले पाइने हो, टुंगो छैन ।"

राजा महेन्द्रले ल्याएको भूमिसम्बन्धी ऐन, ०२१ ले सबैभन्दा पहिले मोहियानी हकको व्यवस्था गरेको हो । त्यसबेला १८ लाख १९ हजार ५४ किसानले मोही हकका लागि निवेदन दिएका थिए । तीमध्ये ४ लाख ६९ हजार ९ सय १७ ले मोही प्रमाणपत्रसमेत पाए । तर, भूमिसम्बन्धी ऐन, चौथो संशोधन ०५३ ले नयाँ मोही कायम नहुने व्यवस्था गऱ्यो । मोही कायम भएकामा मोही र जग्गाधनीलाई आधा-आधा जग्गा बाँडफाँट गरी भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने भनियो । ०५१ को लगत अनुसार ३५ जिल्लाका २ लाख ६४ हजार मोही किसानले २ लाख ४४ हजार ९ सय ९५ बिघा जग्गा जोतेको देखिएको थियो ।

तर, अहिलेसम्म आधा जग्गा पाउनेको संख्या ४० हजार हाराहारी मात्र छ । मोही समस्या तराई, भित्री मधेस र काठमाडौं उपत्यकामा बढी छ । कानुनी अड्चनको कारण देखाई ०६४ देखि मोही बाँडफाँट रोकिएपछि झन्डै १० वर्ष मोहीले आन्दोलनमै बिताए ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयले ६ भदौ ०७३ मा राजपत्रमा सूचना प्रकाशन गरी

बर्दिया जिल्ला भूमिसुधार कार्यालयअगाडि पीडित मोहीहरू

तस्बिरहरू : जनक नेपाल

मोही लागेको जग्गा मोही र जग्गावालाले बाँडफाँट गरी लिन निवेदन दिने म्याद एक वर्ष तोक्यो । म्यादभित्र पेस भएको निवेदन अनुरूप दुई वर्षभित्र मोही लागेको जग्गा मोही र जग्गावालाबीच बाँडफाँट गरी सक्नुपर्ने व्यवस्था गरिएको थियो । तर, मोही बाँडफाँटमा १० प्रतिशत पनि प्रगति नभएपछि निवेदन लिने म्याद ५ भदौ ०७५ सम्म तोकिएको छ ।

"इमानदारीपूर्वक जग्गा बाँडफाँटभन्दा मोहीलाई गलाएर मिलापत्र गराउने र आधा हकबाट वञ्चित गराउने प्रवृत्ति धेरै देखियो," भूमि अधिकारकर्मी जगत देउजा भन्छन्, "आधा जग्गा वा पैसामा मिलापत्र हुनुपर्नेमा १०-२० प्रतिशत दिएर मिलापत्र गर्ने गरिएको छ । त्यो सरासर गैरकानुनी हो ।"

मोहीलाई अनावश्यक तारेख धाउन बाध्य पारिएको र मोही नामसारीका लागि पेस गरिएको निवेदनमा समेत वर्षौं तारेख दिइएको उनी बताउँछन् । जबकि, भूमिसम्बन्धी नियमावलीमा मोही बाँडफाँटसम्बन्धी पर्न आएको निवेदनमा भूमिसुधार अधिकारीले अर्को पक्षलाई बाटोको म्यादबाहेक १५ दिनभित्र झिकाउनुपर्ने उल्लेख छ । मालपोत र नापी कार्यालयसमेतमा रहेका तत्सम्बन्धी दर्ता श्रेस्ता प्रमाण जाँचबुझ गरी आवश्यकता अनुसार बाँडफाँट गरिने जग्गाको स्थलगत निरीक्षण र सम्बन्धित गाउँपालिका वा नगरपालिकाको रायसमेत बुझी जग्गाधनी र मोहीलाई नरम-करम मिलाई आधा-आधा हुने गरी जग्गा बाँडफाँट गरी मोहीको लगतसमेत कट्टा गरिदिनुपर्ने व्यवस्था छ । तर, यो व्यवस्था लागू भएको छैन । अधिकारकर्मी देउजा भन्छन्, "जोताहा मोहीलाई आफ्नो हक लिन सजिलो पार्नेतिर भन्दा कस्ने, गलाउने र दुःख दिने काम भइरहेको छ ।"

दाङमा मोहियानी प्रमाणपुर्जा भएका मोहीहरू जमिनदारको बेठबेगारी र अन्यायका कारण विसं ०२८ तिर करिब ३० हजार थारू किसान बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा बसाइ सरे । उनीहरू बसाइसराइ गएपछि जग्गाधनीले मोही र हकदार नभएको भनी लगत कट्टी गरी मोहियानी हक समाप्त गराए ।

कतिपय मोही किसान र जग्गाधनीको मृत्युपछि नामसारी गर्नै समय लाग्ने, नामसारी गर्दा भाइभाइमा विवाद हुनेजस्ता समस्याले पनि मुद्दा लम्बिने गरेको भूमिसुधार अधिकारीहरू बताउँछन् । "मोही किसान र जग्गाधनीको कागजी प्रक्रिया नमिल्दा पनि ढिला भएको छ," बाँकेका भूमिसुधार अधिकारी प्रेमबहादुर दौल्याल भन्छन्, "हामीले प्रमाणका आधारमा काम गर्ने हो । मोहीले प्रमाण पुऱ्याउन लामो समय लगाएपछि मुद्दा पनि लम्बिने नै भयो ।"

भूमिसुधारको विसं ०५७/०५८ को वार्षिक प्रतिवेदनमा मोहीको संख्या २ लाख ८८ हजार २ सय ६१ उल्लेख छ । अहिले विभिन्न बहानामा मोही निष्कासन गर्नाले दर्तावाल मोहीको संख्या १ लाख १९ हजारमा झरेको छ । र, तिनले पनि सहजै मोही हक पाइरहेका छैनन् ।

झुक्याउँदै, मोही कटाउँदै

बर्दियाको बारबर्दिया-४ का लौटन थारूले मोही हक कायम गरी पाऊँ भन्दै भूमिसुधार कार्यालयमा गत २० साउनमा मुद्दा दर्ता गराए । तर, जग्गाधनी रामलखन साहले पहिल्यै मोही हक कटाएर जग्गा बिक्री गरिसकेको पाइयो । बितेको ६ महिनामा सो जग्गा धेरै व्यक्तिले किनबेच गरिसकेका छन् । लौटन भने मोही हक पाउने आशामा भूमिसुधार कार्यालय धाइरहेका छन् ।

दाङ तुलसीपुर उप-महानगरपालिका-१९, बिजौरीका दयाराम रावतका नाममा ३ बिघा ५ कट्ठा जग्गामा मोही भएको प्रमाण छ । जग्गाधनी टेकनप्रसाद मजगैयाले रावतका तीन पुस्ताले जग्गा नजोतेको नक्कली कागज बनाए र मोही कटाउने प्रयास गरे । यो कुरा थाहा पाएपछि रावतका छोराहरू डोलबहादुर, रामबहादुर र टोपबहादुरले भूमिसुधार कार्यालयमा मुद्दा दिए । मुद्दा दिएको दुई वर्ष बितिसक्यो तर अहिलेसम्म केही निकास निस्किएको छैन ।

"जग्गाधनीले जग्गा दिन मान्दैनन् । पहिले एउटै जग्गाधनी थिए । अहिले उनका ६ भाइ छोराका नाममा जग्गा छ । हामी तारेख बोकिरहेका छौँ । भूमिसुधार धाउँदा-धाउँदा हैरान भइसक्यौँ । निकास केही आउँदैन," रामबहादुर रावत, ५१, भन्छन् ।

आफूहरूले अहिलेसम्म पनि जग्गा अधियाँ जोतिरहेको तर जग्गाधनीले बेलाबेला अवरोध गर्दै आएको उनी बताउँछन् । भन्छन्, "कहिले जग्गामा डोजर लगाइदिन्छन्, कहिले ईंटा थुपार्छन् । हामीलाई जग्गा उपभोग गर्न दिँदैनन् ।"

जग्गाको आधा उब्जनी जग्गाधनीलाई दिएको प्रमाण माग्दासमेत नदिएको उनको गुनासो छ । जग्गाधनीले प्रमाण दिन नमानेपछि उनीहरूले पाउने उब्जनी बराबरको रकम भूमिसुधार कार्यालयको धरौटी खातामा जम्मा गर्ने गरेका छन् ।

लमही नगरपालिका-३, सोनपुरका रामनारायण चौधरीले हजुरबुबा दुःखराम चौधरीका नाममा पाएको मोहीको हक अहिलेसम्म पाउन सकेका छैनन् । उल्टै, जमिनदार लीलाराम चौधरीले मोहीलाई थाहै नदिई झुक्याएर दुई बिघाभन्दा धेरै जग्गाको मोही कटाइसके । अहिले

उनी बाँकी १४ कट्ठा १९ धुर जग्गाका लागि तारेख बोकिरहेका छन् । "तीन पुस्तादेखि यहीं छौं । तर, मोही कोही पनि छैन भन्ने कागजात बनाई हाम्रो नामको मोही कटाएको थाहा भयो," उनी सुनाउँछन्, "मोहीको प्रमाण अहिले पनि हामीसँग सुरक्षित छ तर भूमिसुधारमा आएर हाम्रो नाम कटाइसकिएको छ । फर्जी कागज तयार पारेर हामीलाई ठगी गरियो ।"

कतिपय जग्गा अरूलाई बिक्री गरिसकेपछि मात्र थाहा पाएको चौधरी बताउँछन् । बिक्री भइसकेपछि नयाँ जग्गाधनीसँग जग्गा लिन कठिन हुने गरेको छ । भन्छन्, "दुईवटा जग्गा बिक्री भइसकेपछि नयाँ जग्गाधनीसँग मुद्दा गर्नुपर्ने भयो ।"

राप्ती गाउँपालिका-४, मौरीघाटका हरिराम चौधरीका नाममा नवनिधि शर्माको चार बिघा जग्गामा मोही थियो । विसं ०५३ मा नक्कली कागजात तयार पारी मोही नभएको भनी उक्त जग्गा मोहीविहीन बनाइयो । १५ वर्षपछि मात्र भतिजा पतराम चौधरीले उक्त कुरा थाहा पाए । "हामी घरमै छौं तर हामीलाई केही थाहा छैन । सार्वजनिक सूचना जारी गरेको, गाउँमै मोही किसान नभएको र सर्जमिन गरेको जस्ता नक्कली कागजात बनाएर मोही कटाएछन्," उनी भन्छन्, "हामीलाई कुनै पनि सूचना दिइएन । गाउँमा कुनै सर्जमिन पनि भएको थाहा छैन । नक्कली हस्ताक्षर बनाएर कागज तयार पारिएको छ । त्यति धेरै जग्गाको मोही कटाइ सकिएछ ।" अहिले उनी मुद्दा लड्ने तयारीमा छन् ।

तुलसीपुर-१८, बिजौरीका बाँधु चौधरी बुबा मानबहादुरका नाममा भएको तीन बिघाभन्दा बढी जमिनको मोही हकका लागि लडिरहेका छन् । भूमिसुधार, जिल्ला र पुनरावेदन हुँदै अहिले सो मुद्दा सर्वोच्च अदालतमा चलिरहेको छ । मुद्दा लड्दा दुई लाखभन्दा बढी खर्च भइसकेको छ । तर, टुंगो कहिले लाग्छ, कुनै निधो छैन । "जग्गा नभएका हामीजस्ता मान्छेले मुद्दा लडेर उल्टै खर्च गर्नुपरेको छ । जमिनदार जग्गा दिन तयार छैनन् । अदालत धाउँदा-धाउँदा हैरान भइयो," उनी भन्छन्, "मैले पनि नसकेर अहिले छोराछोरीले मुद्दा लडिरहेका छन् । किसानलाई मुद्दा लडेर थकाउने र जग्गा नदिने योजनामा जमिनदार देखिन्छन् ।"

तुलसीपुर-१९, बिजौरीकै गोवर्द्धन चौधरी पनि ३ बिघा १ धुर जग्गामा मोही भएको प्रमाणपत्र बोकेर भूमिसुधार कार्यालय धाइरहेका छन् । तारेख बोक्न थालेको लामो समय भइसक्यो । तर, अहिलेसम्म केही निकास निस्केको छैन । जग्गाधनीले जग्गा नदिने अडान लिएका कारण

खेलावन रैदास

पतराम चौधरी

कुरा मिल्न नसकेको उनी बताउँछन् । भन्छन्, "हामीसँग भूमिसुधार कार्यालयले दिएको मोही प्रमाणपत्र छ । तर, जग्गाधनी मोही छैन भनी जिद्दी गर्छन् । भूमिसुधारले मिलेर आउनूस् भन्छ, जमिनदार मिल्नै चाहँदैनन् । सम्पर्कमै नआउँदा खोजी गर्न कठिन भएको छ ।"

सरकारले आफैंले दिएको प्रमाणलाई कार्यान्वयन गर्न नसकेको उनको गुनासो छ । "सरकारले मोही भएको प्रमाण दिएपछि कानुन अनुसार हामीलाई जग्गा दिलाउनुपर्‍यो," उनी भन्छन्, "हामी आफैं जमिनदार खोज्दै कति धाउनू ?"

निमित्त भूमिसुधार अधिकारी मानबहादुर कुँवर मोही किसानलाई अन्याय भएको स्वीकार्छन् । लामो समयसम्म तारेख धाउँदा सास्ती भए पनि मुद्दाको टुंगो लगाउन नसकिएको उनी बताउँछन् । भन्छन्, "जग्गाधनीको मनसाय सकभर मोहीलाई थकाउने, गलाउने र जग्गा नदिने देखिन्छ ।"

भूमिसुधार कार्यालयले सकभर जग्गाधनी र मोहीलाई मिलेर आउन भन्छ । त्यसो गर्दा मुद्दा टुंग्याउन सजिलो हुने सरकारी दाबी छ । कुनै कारणवश मिल्दै नमिले कानुन अनुसार न्याय दिलाउन सकिने निमित्त अधिकारी कुँवर बताउँछन् । "मिल्दै नमिलेमा कानुनले आधा जग्गा पाउने भनेको छ । हामी सोही अनुसार दिलाउँछौं," उनी भन्छन्, "अहिलेसम्म धेरै मुद्दा त्यसैगरी टुंग्याएका पनि छौं ।"

अहिले दाङमा मोहीसम्बन्धी २ हजार ३ सय १२ मुद्दा रहेकामा ६४ को मात्र टुंगो लागेको उनी बताउँछन् । बर्दियामा ३ हजार १ सय ९५ जनाले मोही हकको निवेदन दिएकामा ५ सय ५० जनाको फर्स्योट भइसकेको मोही फाँटका नायब सुब्बा ओमप्रसाद गौतम बताउँछन् । त्यस्तै, बाँकेमा १ हजार ८१ नयाँसहित २ हजार १ सय ३२ मोहीका निवेदन रहेकामा विगत दुई वर्षमा ४ सय ७५ मुद्दा फर्स्योट भएको भूमिसुधार कार्यालयले जनाएको छ ।

ढिलासुस्तीका तीन कारण

अधिकांश मोही किसानको गुनासो हुने गर्छ, भूमिसुधार अधिकारीलगायतका अधिकृतहरू यस्ता मुद्दामा लापरबाही गर्छन् । उनीहरू किसानभन्दा जमिनदारप्रति सहानुभूति राख्छन् । उनीहरूकै आग्रहमा किसानलाई वर्षौं घुमाएर थकाउने गरिएको छ । ताकि, किसान भागेर आफैं तारेख छुटाओस् र मुद्दा कमजोर होस् ।

मोही हक माग्ने अधिकांश किसानविरुद्ध जग्गाधनीले जिल्ला अदालतमा विभिन्न मुद्दा लगाइरहेका छन्, जुन अधिकांश झूट्टा र मोही हकसम्बन्धी निवेदनलाई कमजोर बनाउने प्रकृतिका छन् । बाली दिएन, जोत्न छाडेकै वर्षौं भइसक्यो, उत्पादन घटायो भन्नेजस्ता कारण देखाई बाली भराउन र मोही निष्कासन गरिपाऊँ भनी जिल्ला अदालतमा मुद्दा दिएको पाइएको छ ।

वर्षौंदेखि जग्गाधनीको अनुपस्थितिले पनि यस्ता मुद्दा किनारा लाग्न सकेका थिएनन् । तर, अहिले जग्गाधनीको अनुपस्थितिमा पनि फैसला हुने र चित्त नबुझे जग्गाधनीले पुनरावेदन गर्न पाउने गरी व्यवस्था गरिएको छ । तैपनि, फैसलाको संख्यामा उल्लेख्य वृद्धि हुन सकेको छैन । भूमि अधिकारकर्मी



रामबहादुर रावत

हालको बहुमतसहितको वामपन्थी सरकारले आफ्नो वर्षौंदेखिको नारा पूरा गर्ने बेला आएको बताउँछन् । इच्छाशक्ति भए त्यसमा कुनै कठिनाइ नभएको उनीहरूको बुझाइ छ। एक भूमि अधिकारकर्मी भन्छन्, "यो सवा लाख जोताहा किसानको मुद्दा हो। त्यसैले अभियानकै रूपमा फिल्डमै टोली खटाएर टुंग्याउनु सबैभन्दा राम्रो हुन्छ।" अहिले टेबुलमा बसेर भूमिसुधार कर्मचारीले प्रमाण मागेर मोही मुद्दा हेरिरहेकामा स्थानीय सरकारको सहयोग लिएर गाउँमै पुगेर प्रमाण हेरेर मोही जग्गा बाँडफाँट गर्नुपर्ने उनको सुझाव छ।

कानुनी अड्चन

भूमिसम्बन्धी ऐनले मोहीको हदबन्दी तोकेको छ। जस अनुसार काठमाडौं उपत्यकामा १० रोपनी र तराईमा चार बिघा जग्गा कमाउन पाउने व्यवस्था छ। तर, १० प्रतिशतभन्दा धेरै मोहीका निवेदनमा हजुरबुबाले हदबन्दीभन्दा धेरै जग्गा कमाएको देखिन्छ । त्यसैले ऐन संशोधनबिना त्यस्ता निवेदन नटुंगिने भूमिसुधार विभागका महानिर्देशक मुक्तिप्रसाद आचार्य बताउँछन्। अहिलेकै कानुनी अवस्थामा थपिएको समयभित्र पनि सबै मोहीका मुद्दा टुंगिन असम्भव रहेको उनको दाबी छ।

एउटै नाममा धेरैको दाबी आएको र लामो समय जग्गा नजोतेका मोहीका हकमा के गर्ने भन्ने अस्पष्टता छँदैछ । मठमन्दिर र सरकारी जग्गा नजोतेरै पनि अतिक्रमण गरी मोही हक खोजिएका निवेदन पनि छन् । यस्ता निवेदन टुंग्याउन कानुनी जटिलता छन् । भूमिसम्बन्धी ऐनको छैटौं संशोधनको मस्यौदा कानुन मन्त्रालयले तयार गरी संघीय संसद्मा पेस गर्दै छ। "ऐन संशोधनपछि कानुनी अस्पष्टता प्रस्ट हुनेछन्," भन्छन्, "त्यसपछि बल्ल भूमिमाथिको द्वैध स्वामित्व अन्त्य हुन सक्छ।"

महानिर्देशक आचार्य जग्गाधनीलाई थाहै नदिई जग्गा बाँडफाँट गर्न नमिल्ने बताउँछन्। "पुरानो ठेगानामा जग्गाधनी नै भेटिन्नन्। हद म्याद बुझाउनै मुस्किल छ," भन्छन्, "त्यसमाथि नाम, ठेगाना र पारिवारिक विवरण फरक परेका निवेदन आउँछन्। त्यसले निवेदन दर्तामै कानुनी अप्ठ्यारा छन्।"

विभागले म्याद बुझाउने समस्या भएपछि जग्गाधनीको एकमुष्ठ सूचना राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित गर्ने सोच बनाएको थियो। तर, त्यसका लागि बजेट नहुँदा पूरा नभएको आचार्य बताउँछन्।

भूमिसुधार तथा व्यवस्थापन विभागसँग कति मोहीको निवेदन दर्ता भए भन्ने यकिन तथ्यांकसमेत छैन। केही जिल्लाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष ०७२ मा परेका निवेदनमध्ये ३४, ०७२/०७३ का ४१ र ०७३/०७४ का २५ प्रतिशत निवेदन फर्स्योट भएको विभागका मोही फाँटका नायबसुब्बा कृष्ण दाहाल दाबी गर्छन्। यकिन तथ्यांक संकलन गर्न जनशक्ति कम भएको उनको भनाइ छ।

अहिले २१ जिल्लामा मात्र भूमिसुधार कार्यालय छन् । अरू जिल्लामा मालपोत कार्यालय अन्तर्गतको भूमिसुधार फाँटबाट काम हुँदै आएको छ।

त्यसमाथि पनि भूमिसुधार विभाग र शाखाहरूमा कर्मचारी अभाव छ । दरबन्दीका ५० प्रतिशतभन्दा धेरै कर्मचारी स्थानीय तहमा सरुवा भएपछि कामको बोझ थपिएको छ । उपसचिवको दरबन्दी भएका तराईका जिल्लामा शाखा अधिकृतले कार्यालय चलाइरहेका छन्।

निरक्षर मोही किसानले कानुनी भाषा बुझ्दैनन्। अस्पष्टता कतिसम्म छ भने मोही हक कट्टा भइसकेका किसानसमेत पुनः निवेदन दिन आएका उदाहरण धेरै छन्। उनीहरूलाई बुझाउने हेल्प डेस्कसमेत कुनै पनि भूमिसुधार कार्यालयमा छैन।

बिचौलियाले मिल्दोजुल्दो नाम र ठेगाना ल्याएर जग्गा हडप्न खोज्ने गरेकाले पनि वास्तविक मोही समस्यामा पर्ने गरेको महानिर्देशक आचार्य बताउँछन् । "बिचौलिया देखिन्नन् । तर, भित्रभित्रै मोही र जग्गाधनी मिलाउने गरेका छन्," भन्छन्, "भूमि ऐनले मिलापत्र गर्न आए गराइदिनू भनेको छ।"

जग्गाधनीले मोही किसानलाई बाली बुझाएको भर्पाइ दिनसमेत आनाकानी गर्ने गरेका छन्। जमिनदारले मोहीलाई भर्पाइ नदिएर बाली नबुझाएको झुट्टा मुद्दा र मोही निष्कासन मुद्दा दिने गरेका छन्। त्यस्तै, मोही जग्गा धेरै व्यक्तिको नाममा कित्ताकाट भएको हुँदा धेरै जग्गाधनीसँग मुद्दा लड्नुपर्ने झन्झट पनि छ। ◆

(दुर्गालाल केसी/दाङ र कमल पन्थी/बर्दियाको सहयोगमा)

www.k33nepal.com

ढिला नगरौं, चाडै पुगौं

के33 हेयरहोटल

कपाल झरेर चिन्तामा हुनुहुन्छ ? अब चिन्ता गर्नु पर्दैन न त कुनै Surgery न त कुनै Side Effect पुनर्स्थापना पद्धतिबाट पहिलेको जस्तो कपाल पाउनुहोस् । नुहाउन, सुत्न, स्विमिङ्ग खेल्न तथा खेलकुद आदि गर्न कुनै पनि समस्या नहुने ।

फिल्म अभिनेता
सुधांशु जोशी

K33 Hairhotel

कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com

त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78-81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, चावहिल : एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९६६९६, ४४६१८३७

॥ सुजित मैनाली

ओलीलाई इतिहासको भार

नेपालको संविधान (२०७२) घोषणा भएपछि गठन भएको पहिलो निर्वाचित सरकारका प्रधानमन्त्री केपी ओलीलाई इतिहासले दुर्लभ अवसरहरूको चाङमाथि उभ्याएको छ। यसअघि प्रधानमन्त्री बन्दा उनी ०४७ को संविधान घोषणापछि संस्थागत भएको राजनीतिक मार्गका बटुवासरह थिए। बाटोमा उभिएपछि बाटोले लैजाने गन्तव्यतिर हुइँकिनु बटुवाको बाध्यता हुन्छ। तर, यसपटक मुलुकको नयाँ यात्राका लागि बाटो कोर्ने र गन्तव्यसमेत निर्धारण गर्ने दुर्लभ अवसर उनलाई प्राप्त भएको छ। युगले सुम्पिएको यस्तो दुर्लभ दायित्वलाई उनले कति जिम्मेवार भएर निर्वाह गर्छन् भन्ने कुराले स्वस्थ प्रजातान्त्रिक अभ्यास र समृद्धिको नेपाली आकांक्षा पूरा हुने/नहुने निर्धारित हुनेछ।

विगत अनुभव

विसं ००७ मा स्वस्थ प्रजातन्त्र र विकासको पथमा उन्मुख हुने अवसर नेपाललाई प्राप्त भएको थियो। तर, ००७ को परिवर्तनपछि नेतृत्वमा आएका राजा त्रिभुवन र मातृकाप्रसाद कोइरालाले मुलुकको भावी यात्रा तय गर्ने मौका नै पाएनन्। काठमाडौंस्थित भारतीय दूतावासमा शरण लिएर त्रिभुवन भारतीय संरक्षणमा दिल्ली उड्नासाथ नेपालको भावी बाटो तय भइसकेको थियो। त्यसपछिका दिनमा नेपालको प्रशासनिक तथा फौजी संरचनालाई भारत अनुकूल बनाइयो। प्रजातन्त्र र विकास प्राथमिकता बन्न पाएन। राजा र मन्त्रिपरिषद्को निगरानी गर्न भारतीय निजामती सेवाका अधिकृत गोविन्दनारायणलाई खटाइयो। त्यसपछि कीरा-फट्यांग्रा र हावाले समेत गोविन्दनारायणको अनुमति नलिई दरबार पस्न नपाउने खालको कडा नियम लागू भयो (अरविन्द रिमाल, *१९९७ सालदेखि २०१७ सालसम्म : एक अवलोकन,* विसं २०६३, पृ १७४)। विदेशीले कोरेको बाटोका निरीह यात्री बन्ने दुःखद संयोग नेपाली नेतृत्वलाई प्राप्त भयो।

०१५ को आमनिर्वाचनबाट दुई तिहाइ बहुमतसहित प्रधानमन्त्री बनेका बीपी कोइरालालाई नेपाली राजनीतिको 'कोर्स करेक्सन' गरेर मुलुकको स्वाभिमानसँगै प्रजातन्त्र र विकास पनि संस्थागत गर्ने अवसर हासिल भएको थियो। त्यतिबेला जनताले ००७ को परिवर्तनपछि संस्थागत भएर क्रमशः घट्दै गएको विदेशी प्रभुत्वका कारण त्राण महसुस गरिरहेका थिए। त्यसलाई निरन्तरता दिँदै प्रजातन्त्रको स्थायित्व र विकास सुनिश्चित गर्ने दिशामा क्रियाशील हुन बीपी चुके। प्रधानमन्त्री बनेपछि उनले अपनाएको विदेश नीतिले जनतालाई सशंकित बनायो। चीन, भारतसहित एसियाका कुनै पनि मुलुकले इजरायललाई मान्यता नदिएका बेला उनले अमेरिकी ध्रुवको इजरायलसँग हठात् दौत्य सम्बन्ध कायम गरे। जबकि, हाम्रा दुवैतिरका छिमेकी त्यतिबेला सोभियत संघसँग निकट थिए। त्यसमाथि इजरायलबाट हतियार सहयोग लिएर उनले शीतयुद्धबाट सिर्जित सुरक्षा जटिलतालाई नजरअन्दाज गरे।

अर्कोतर्फ भारतसँगको उनको व्यवहार पनि संदिग्धपूर्ण रह्यो। प्रधानमन्त्रीको हैसियतले सन् १९५९ मा भारत जाँदा नेपालको विदेश नीति र सुरक्षामा भारतको सरोकार छ भन्ने कुरा उनले सार्वजनिक रूपमै स्वीकारे (एएस भासिन (सं), *डकुमेन्ट्स अन नेपाल्स रिलेसन्स विथ इन्डिया एन्ड चाइना* १९४९-६६, सन् १९७०, पृ ४८-४९)। त्यसअघि नेहरु नेपाल आएका बेला बीपीले 'तिब्बतलगायत अन्तर्राष्ट्रिय समस्यासम्बन्धी बुझाइबारे नेपाल र भारत सरकारबीच कुनै भिन्नता छैन' भन्ने कुरामा सहमति जनाएर नेपाललाई चीनविरोधी भारतीय कित्तामा उभ्याए (उही, पृ ४४)। उनी प्रधानमन्त्री भएकै बेला नेपालले भारतीय विदेश नीति पछ्यायो। सोही नीति अनुरूप नेपालले चीन-भारत सीमा क्षेत्रमा युद्धविराम लागू गर्नुपर्ने भारतीय अडानको समर्थन गऱ्यो। त्यस्तै, भारतको प्रतिद्वन्द्वी मुलुक पाकिस्तानलाई अमेरिकाले गरेको सैन्य सहयोगको भर्त्सना पनि गऱ्यो (टीआर घोब्ले, *चाइना-नेपाल रिलेसन्स एन्ड इन्डिया,* सन् १९९१, पृ १२८)।

युगले सुम्पिएको दुर्लभ दायित्वलाई बीपीले अल्लारे पारामा अघि बढाउन खोज्दा जनतालाई राष्ट्रवादको हाउगुजी देखाएर निर्दलीय पञ्चायती शासन लाद्ने निहुँ राजा महेन्द्रलाई प्राप्त भयो। प्रजातन्त्र र विकासको नेपाली सपना फेरि पनि अधुरै रह्यो।

०४६ को परिवर्तनपछि विभिन्न व्यक्ति प्रधानमन्त्री बने। यद्यपि, यस अवधिमा मुलुकको लगामचाहिँ नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको हातमा थियो। इतिहासले उनलाई पनि स्वस्थ प्रजातन्त्र र विकास संस्थागत गर्ने अवसर दिएको थियो। तर, आफैंले नेतृत्व गरेको आफ्नै पार्टीको बहुमतप्राप्त सरकार भंग गर्ने, पार्टीभित्र अन्तर्घातको अस्वस्थ अभ्यास संस्थागत गर्ने र व्यक्तिगत स्वार्थका लागि पार्टी र समग्र राष्ट्रको हितलाई सर्वथा बेवास्ता गर्ने उनको शैलीले ३० वर्ष लामो संघर्षपछि प्राप्त भएको प्रजातन्त्रलाई विकृत बनाउँदै लग्यो। उनको एकांगी व्यवहारबाट संस्थागत भएको विकृत प्रजातान्त्रिक अभ्यासकै कारण तेस्रो ठूलो दल राप्रपाका पूर्वपञ्च नेताहरू लोकेन्द्रबहादुर

चन्द र सूर्यबहादुर थापा प्रधानमन्त्री बने । यस्ता अभ्यासले समग्र प्रजातान्त्रिक प्रणालीप्रति जनतामा वितृष्णा जगाउने र माओवादी विद्रोहका निम्ति उर्वरभूमि तयार पार्ने काम गर्‍यो । ज्ञानेन्द्र शाहका पालामा अदालतमा मुद्दा हारेपछि 'सर्वोच्च अदालतलाई नारायणहिटी दरबारमा सार्दा हुन्छ' भनी आक्षेप लगाउनेसम्मका गैरजिम्मेवार अभिव्यक्ति गिरिजाप्रसादबाट आए । ०४६ को परिवर्तनपछि उनले देश र जनताप्रति जिम्मेवार भएर काम गरेका भए प्रजातन्त्र विकृत बन्ने थिएन, मुलुक आर्थिक उन्नतिको बाटोमा लम्किने थियो र सम्भवत: माओवादी विद्रोह पनि हुने थिएन ।

छिमेकी अनुभव

सन् १९४७ मा बेलायती उपनिवेशबाट भारत र भारतबाट पाकिस्तान स्वतन्त्र भए । पाकिस्तानी नेताहरूको व्यक्तिकेन्द्रित व्यवहारका कारण त्यहाँ प्रजातन्त्र मासियो र चरमपन्थले प्रश्रय पायो । भारतमा चाहिँ जवाहरलाल नेहरुको सुझबुझपूर्ण जिम्मेवार कार्यशैलीबाट प्रजातन्त्र संस्थागत हुन पुग्यो । प्रजातन्त्रकै कारण भारतले एकताबद्ध भई आर्थिक जीवनमा फड्को मारिरहेको छ ।

स्वतन्त्र भारतका पहिलो प्रधानमन्त्री नेहरु र पहिलो राष्ट्रपति राजेन्द्रप्रसादबीच वैमनस्य थियो । नेहरुको इच्छाविपरीत उनकै पार्टीका नेता बल्लभभाइ पटेलले राजेन्द्रप्रसादलाई राष्ट्रपति बनाएका थिए । महमुद गजनवीदेखि औरंगजेबसम्मले भत्काएको भारतको सोमनाथ मन्दिर पुन:निर्माण भयो । राजेन्द्रप्रसाद मन्दिरको उद्घाटन गर्न जान लाग्दा यसबाट भारत सरकार मुसलमानविरोधी छ भन्ने सन्देश जाने भन्दै नजान नेहरुले सुझाव दिए । तर, राजेन्द्रप्रसादले टेरेनन् (रामचन्द्र गुहा, *इन्डिया आफ्टर गान्धी*, सन् २००८, पृ १३१-३२ ।

सन् १९४८ मा नेहरु सरकारले हिन्दुहरूको सामाजिक जीवन नियमन गर्ने विधेयकको मस्यौदा तयार पार्‍यो । विधेयकले हिन्दुहरूमाझ बहुविवाहलाई निषेध गरेको थियो, जबकि भारतको दोस्रो ठूलो धार्मिक समुदाय मुसलमानलाई चाहिँ बहुविवाह गर्न छुट दिएको थियो । यस्तो भएमा बहुविवाहमार्फत इस्लाम समुदाय विस्तारित हुँदै जाने र हिन्दु समुदायचाहिँ खुम्चिने भन्दै भारतका हिन्दुवादी दल र संघ-संस्थाले सदन तथा सडकमा विधेयकविरोधी आन्दोलनको लहर सिर्जना गरे । राष्ट्रपति राजेन्द्रप्रसाद आन्दोलनकारीको पक्षमा उभिए । उनले नेहरुलाई चिठी लेखेर हिन्दुहरूप्रति विभेदकारी विधेयक अघि बढे अनुमोदन गर्न आफूलाई अप्ठेरो पर्ने धम्की दिए । संविधानविद्हरूलाई नेहरुले राष्ट्रपतिको चिठी देखाउँदा विधेयक अघि बढे अनुमोदन गर्न राष्ट्रपति बाध्य हुनेछन् भन्ने सल्लाह पाए । तर पनि राष्ट्रपति विवादमा तानिएलान् भनेर नेहरुले विधेयक अघि बढाएनन् (उही, पृ २२८-२३५) । नेहरुको यस्तो परिपक्व व्यवहारका कारण आरम्भमै राष्ट्रपति पदको गरिमा कलुषित हुनबाट जोगियो । साथै, राष्ट्रपति-प्रधानमन्त्री टकरावले भारतमा प्रजातन्त्रको अभ्यासलाई कमजोर बनाउन पनि पाएन ।

यस्ता इतिहासबाट प्रधानमन्त्री ओलीले सिक्नुपर्ने कुरा थुप्रै छन् । राष्ट्रपति पदमा फेरि पनि एमाले पूर्वनेतृ विद्या भण्डारी दोहोरिने सम्भावना प्रबल छ । भारतको यस्तो अनुभवबाट सिक्दै अबको नयाँ यात्रामा ओलीले राष्ट्रपतिलाई आफ्नो लाचार छाया अथवा विवेकहीन 'रबर स्ट्याम्प' बन्नबाट जोगाई राष्ट्रपति पदको गरिमा संस्थागत गर्ने प्रयत्न गर्नुपर्छ ।

अबको बाटो

यतिबेला प्रधानमन्त्री ओलीलाई देश-विदेशका अनुभवबाट पाठ सिकेर स्वस्थ प्रजातन्त्र र विकास संस्थागत गर्ने अवसर प्राप्त भएको छ । विदेशी दबाब थेगेर जारी भएको संविधान अनुरूप ओली प्रधानमन्त्री चुनिँदासम्म विदेशी हस्तक्षेपमा उल्लेख्य कमी आइसकेको छ । संविधान जारी गरेको श्रेय पाएका पात्र नै प्रधानमन्त्री बनेकाले मुलुकको भावी बाटो तय गर्ने बलियो नैतिक हैसियत पनि उनलाई प्राप्त भएको छ ।

प्रतिपक्षमा रहँदैदेखि ओली प्रधानमन्त्री बन्नेमा ढुक्क थिए । प्रधानमन्त्री बनेपछि गर्ने कामको तयारी उनले त्यतिबेलै सुरु गरिसकेका थिए । यसै सिलसिलामा उनले काठमाडौंमा बुद्धिजीवीहरूको बृहत् भेला गराएर सुझाव लिएका थिए ।

> **युगले सुम्पिएको दुर्लभ दायित्वलाई बीपीले अल्लारे पारामा अघि बढाउन खोज्दा जनतालाई राष्ट्रवादको हाउगुजी देखाएर निर्दलीय पञ्चायती शासन लाद्ने निहुँ राजा महेन्द्रलाई प्राप्त भयो । प्रजातन्त्र र विकासको नेपाली सपना फेरि पनि अधुरै रहयो ।**

भेलामा त्रिविका पूर्वउपकुलपति केदारभक्त माथेमाले देश बनाउने हो भने राजनीतिक नेतृत्वले मूलत: दुईवटा काम गर्नुपर्ने सुझाव दिएका थिए ।

पहिलो, बलिया सार्वजनिक संस्थाहरूको जगमा मात्र स्थिर र विकसित राज्य उभिनसक्ने भएकाले विश्वविद्यालय, प्रतिष्ठान, अध्ययन केन्द्र, संस्थान, पेसागत संघ-संगठनजस्ता निकायलाई राजनीतिले गिजोल्नु हुँदैन र तिनलाई स्वतन्त्र तथा व्यावसायिक रूपमा चल्न दिनुपर्छ । र दोस्रो, पार्टीलाई चन्दा आदि दिएर सहयोग गर्ने व्यापारीलाई पनि नेतृत्वले 'यो कामले देशको अहित गर्छ, त्यसैले यो काम नगरौं' भन्न सक्नुपर्छ । साथै, पार्टीका नेता अथवा जनतामाझ तत्काल अलोकप्रिय भए पनि दीर्घकालमा देशको हित गर्ने कदम चाल्न संकोच मान्नु हुँदैन । प्रधानमन्त्री ओली यी दुई कुराप्रति प्रतिबद्ध भए मात्रै पनि नेपालमा स्वस्थ राजनीतिक संस्कार संस्थागत हुनेछ र यसैलाई अनुशरण गर्न पछि बन्ने सरकारहरू बाध्य हुनेछन् ।

पदीय मर्यादा बिर्सिएर स्वच्छन्द व्यवहार देखाएको भनिएका प्रधान्यायाधीश गोपाल पराजुलीलाई ओलीले सार्वजनिक रूपमै सचेत गराएका छन् । उपेन्द्र यादवको दलसमेतलाई सरकारमा सहभागी गराएर संसद्मा दुई तिहाइ बहुमत सुनिश्चित गर्ने जमर्को गरिरहेका ओलीबाट आएको यस्तो अभिव्यक्तिले मुलुकको भावी यात्रा आफूले भनेकै दिशातिर उन्मुख हुनेछ भन्नेमा उनी निश्चिन्त छन् भन्ने देखाएको छ । अब मुलुक स्थिरता र विकासतिर उन्मुख हुनेछ कि अहिलेको जस्तै विकृत राजनीतिक अभ्यासमा रुमल्लिरहनेछ भन्ने कुरा संसद्मा हासिल भएको अपार बहुमत र जनसमर्थनलाई प्रधानमन्त्री ओलीले कसरी उपयोग गर्नेछन् भन्ने कुराले निर्धारण गर्नेछ । ◆

बन्ला हिमाली अक्षरेखा ?

पाकिस्तानी प्रधानमन्त्रीको नेपाल भ्रमणका कारण

तस्बिर : केशव थापा

कमलदेव भट्टराई

पछिल्ला केही वर्षयता पाकिस्तानले क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मामिलाहरूमा धेरै चुनौती झेलिरहेको छ । भारतले अन्तर्राष्ट्रिय जगत्मा नै पाकिस्तानलाई 'एक्लो पार्ने' अभियानलाई योजनाबद्ध ढंगले अगाडि बढाइरहेको छ । संयुक्त राष्ट्रसंघदेखि दुईपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय फोरमहरूमा पाकिस्तानले आतंकवादलाई प्रश्रय दिएको भन्दै उसमाथि दबाब सिर्जना गर्न भारतले तीव्र कूटनीतिक लबिङ गरिरहेको छ ।

उता पाकिस्तानमाथि अमेरिकी दबाब पनि त्यति नै छ । केही महिनाअगाडि मात्र आतंकवादलाई बढावा दिएको भन्दै अमेरिकाले पाकिस्तानलाई दिँदै आएको सैन्य सहयोग भारी मात्रामा कटौती गर्‍यो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सार्वजनिक गरेको दक्षिण एसिया तथा अफगानिस्तानसम्बन्धी नीतिमा भारतको भूमिकालाई बढाइएको छ । उक्त रणनीतिले अफगानिस्तानको समस्या समाधानमा आफ्नो भूमिका 'मिनिमाइज' गरेको बुझाइ इस्लामावादको छ ।

तर, चीनले भने पाकिस्तानलाई सैन्य, आर्थिक तथा अन्य सबै सहयोग गर्दै आएको छ । क्षेत्रीय मामिलामा हेर्ने हो भने पाकिस्तानका कारणले नै सार्क लगभग 'कोमा'मा पुगेको प्रचारबाजी भारतले गरिरहेको छ । सार्कका अन्य सदस्य राष्ट्रहरूले वस्तुगत विश्लेषण नगरी सार्क सम्बन्धमा भारतको साथ लिएको बुझाइ इस्लामावादको छ । अनि, यतिबेला पाकिस्तानले सहकार्यका लागि क्षेत्रीय साझेदारहरू खोजिरहेको छ ।

कूटनीतिक जानकारहरूका अनुसार पाकिस्तानी प्रधानमन्त्री साहिद खकान अब्बासीको हालैको नेपाल भ्रमणलाई यही सन्दर्भमा हेर्नुपर्ने हुन्छ । उनी हालै प्रधानमन्त्रीमा नियुक्त नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई बधाई दिने औपचारिक एजेन्डा बोकेर काठमाडौँ आएका थिए । उनीहरूका अनुसार उक्त भ्रमणको दुईपक्षीय कम तर क्षेत्रीय आयाम र महत्त्व बढी छ । हुन पनि भ्रमणको समयमा पाकिस्तानी प्रधानमन्त्रीले दुईपक्षीय भन्दा पनि क्षेत्रीय, भारत-पाक र चीनसँग सम्बन्धित विषयहरू जोडतोडका साथ उठाए । यद्यपि, दुईपक्षीय सम्बन्ध पनि अगाडि बढ्ने संकेत देखिएका छन् ।

नेताहरूसँगको भेटमा उनले उठाएका धेरै

नेपाल भ्रमणमा आएका पाकिस्तानी प्रधानमन्त्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा, २१ फागुन

विषय कुनै न कुनै रूपमा भारत तथा चीनसँग सम्बन्धित थिए। भ्रमण समापनपछि पाकिस्तानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिबाट पनि स्पष्ट हुन्छ, अब्बासीले नेपाल भ्रमणमार्फत भारतलाई केही सन्देश दिन खोजेका थिए। चीनको 'बेल्ट एन्ड रोड एनिसिएटिभ' (बीआरआई) को एउटा महत्त्वपूर्ण अंगको रूपमा रहेको चीन-पाकिस्तान इकोनोमिक करिडोर (सिपेक)लाई पनि पाकिस्तानी प्रधानमन्त्रीले छलफलको एजेन्डा बनाए। यस विषयमा उनले प्रधानमन्त्री ओली र सरकारको साझेदार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छलफल गरे। सिपेकले क्षेत्रीय समृद्धि र विकासमा सहयोग पुग्ने कुरा उनले स्पष्ट रूपमै बताए।

पछिल्लो समय भारत र चीनबीचको असमझदारीको एउटा मुख्य विषय सिपेक हो। यही सिपेकका कारण नै भारतले बेल्ट एन्ड रोड परियोजनामा सहभागी हुन नसक्ने बताइरहेको छ। भारतको तर्क हो, सिपेक भारत र पाकिस्तानबीचको विवादित भूमि भएर जाने भएकाले यसले आफ्नो सार्वभौमसत्तामा प्रहार हुन्छ। भारतको आपत्ति रहेको सिपेकको विषय पाकिस्तानी प्रधानमन्त्रीले नेपालका नेताहरूसँग जोडतोडका साथ उठाउन चुकेनन्। उनले उक्त परियोजनाबाट नेपालले धेरै सिक्न सक्ने र सिपेकबाट यस क्षेत्रले उठाउन सक्ने फाइदा पनि गुमाउन बिर्सेनन्।

यति मात्र होइन, पाकिस्तानी प्रधानमन्त्रीले 'जम्मु कश्मीरमा भारतीय सैनिकले निर्दोष नागरिकमाथि ज्यादती गरेको' भन्दै प्रधानमन्त्री ओली तथा माओवादी केन्द्रका नेता प्रचण्डसँग गुनासो गर्न पनि पछि हटेनन्। यस विषयमा विस्तृतमा के कुरा भयो भन्ने विषयमा भने अहिलेसम्म केही पनि खुलाइएको छैन। यो विषय उठाएर पाकिस्तानले जम्मु-कश्मीरको मुद्दालाई बिस्तारै क्षेत्रीय विषय बनाउने रणनीति लिएको हुनसक्ने विश्लेषकको बुझाइ छ। यति मात्र होइन, पाकिस्तानी प्रधानमन्त्रीले भारत-पाक तनावमा नेपालले समन्वय गर्न सक्ने अभिव्यक्तिसमेत दिएका छन्। आफूले आतंकवादविरुद्ध लडिरहेको तर भारतले आतंकवादलाई बढावा दिएको आरोप लगाएको र सार्क मुलुकहरूले सही रूपमा यो विषयलाई नबुझेको गुनासो पाकिस्तानले गर्ने गरेको छ।

एक कूटनीतिक अधिकारीका अनुसार विशेषत: सार्क सम्मेलन पाकिस्तानमा आयोजना गर्न सार्क अध्यक्ष मुलुकको हैसियतले नेपालले भारतलाई दबाब दिनुपर्ने इस्लामाबादको अपेक्षा छ। भ्रमणपछि पाकिस्तानी विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'प्रधानमन्त्री अब्बासीले सार्क प्रक्रियाप्रति प्रतिबद्ध रहेको बताउँदै सार्क सम्मेलन इस्लामाबादमा आयोजनाका लागि भूमिका खेल्न नेपाली नेताहरूलाई आग्रह गर्नुभयो।'

अब्बासीको भ्रमणबारेमा भारतले अहिलेसम्म आधिकारिक धारणा सार्वजनिक गरिसकेको छैन। "पाकिस्तानी प्रधानमन्त्रीको भ्रमण र त्यहाँ भएका छलफलका विषयलाई हामीले नजिकबाट नियालिरहेका छौं। हामी अध्ययन गरिरहेका छौं, अहिले नै केही भनिहाल्नु हतारो हुन्छ," एक भारतीय अधिकारी भन्छन्। दिल्लीस्थित रक्षा अध्ययन तथा विश्लेषण संस्थान (आईडीएसए) का रिसर्च फेलो निहार आर नायक पाकिस्तानी प्रधानमन्त्रीको भ्रमणपछि पनि सार्क र बीआरआईका बारेमा भारतको धारणा परिवर्तन नहुने दाबी गर्छन्। "यस भ्रमणले स्पष्ट रूपमा के संकेत गर्छ भने भारतलाई लक्षित गरी चीनको नेतृत्वमा एउटा नयाँ हिमालय अक्षरेखा (एक्सिस) बनाउने प्रयास भइरहेको छ किनभने भारतले बीआरआईको विरोध गरिरहेको छ," नायक भन्छन्, "चीनलाई बढी स्थान दिएर पाकिस्तान दक्षिण एसियामा भारतको प्रभाव घटाउन चाहन्छ, जुन भ्रमण अवधिभर देखियो।"

यो भ्रमणपछि बीआरआई र सार्क सम्बन्धमा भारतले अहिले लिइरहेको नीतिमा कुनै पनि परिवर्तन नआउने कुरामा उनी ढुक्क देखिन्छन्। भन्छन्, "तत्काल पाकिस्तानमा हुने सार्क सम्मेलनमा जाने पक्षमा भारत देखिँदैन।" केही समययता भारत र पाकिस्तानबीच सार्कलगायत द्विपक्षीय विषयमा कुराकानी भने भइरहेको छ।

सार्क सम्मेलन नहुनुमा भारत र पाकिस्तानले एक-अर्कालाई आरोप लगाइरहेका छन्। भुटान, अफगानिस्तान र बंगलादेशले सार्कको मामिलामा भारतलाई साथ दिइरहेका छन् भने श्रीलंकाले आफ्नो स्थिति स्पष्ट पारिसकेको छैन। अध्यक्ष मुलुक नेपालले पनि स्पष्ट रूपमा आफ्नो अडान लिन सकेको छैन। सन् २०१६ को नोभेम्बरमा इस्लामाबादमा तय भएको सार्क सम्मेलन स्थगन भएपछि नेपालले पनि भारतको पक्ष लिएको पाकिस्तानको बुझाइ छ। पाकिस्तानले सार्कको अध्यक्षको हिसाबले नेपालले भारतसँग कुरा गर्नुपर्ने अपेक्षा राखेको छ। जसरी पनि इस्लामाबादमा सार्क सम्मेलन गर्न पाकिस्तानले भारतमाथि दबाब सिर्जना गरिरहेको छ।

दक्षिण एसिया मामिलाका जानकार निश्चलनाथ पाण्डे सार्कको अध्यक्षको हैसियतमा नेपालले सम्मेलन आयोजना गर्न प्रभावकारी भूमिका खेल्नुपर्ने बताउँछन्। भन्छन्, "पाकिस्तानका प्रधानमन्त्रीको भ्रमणले के देखाएको छ भने सकेसम्म छिटो सार्क सम्मेलन सम्पन्न गर्न अध्यक्ष मुलुकको हिसाबले नेपालले प्रभावकारी भूमिका खेल्न आवश्यक छ।"

पाण्डेका अनुसार लामो समयको राजनीतिक अस्थिरतापछि नेपाल स्थायित्वको बाटोमा जान लागेको र भर्खरै गठन भएको सरकार लामो समयसम्म टिक्ने भएकाले नयाँ सरकारसँग सहकार्य गर्न अन्तर्राष्ट्रिय समुदाय इच्छुक छ भन्ने सन्देश पनि यो भ्रमणले दिएको छ।

क्षेत्रीयबाहेक अन्य केही दुईपक्षीय विषयलाई समेत पाकिस्तानले अगाडि बढाउन खोजेको देखिन्छ। नेपाल र पाकिस्तानबीचमा सन् १९६२ मा नै व्यापारसम्बन्धी सम्झौता भएको थियो। त्यसैगरी सन् १९८२ मा दुई मुलुकबीच एक सहमति भयो। र, एक मुलुकले अर्कोलाई 'मस्ट फेबर' मुलुकको दर्जा दिए। भौगोलिक कठिनाइ र भारतले पारवहन अधिकार नदिएका कारण दुईपक्षीय व्यापार नगन्य रहेको पाकिस्तानको बुझाइ छ। सन् १९८३ मा नेपाल-पाकिस्तान जोइन्ट इकोनोमिक कमिसन स्थापना भएको थियो। अर्थमन्त्री तहको उक्त कमिसनको छैटौं बैठक सन् २०१३ मा काठमाडौंमा भएको थियो। विशेषत: नेपालको टेक्सटाइल, होटल तथा बैंकिङ क्षेत्रमा पाकिस्तानी नागरिकको लगानी रहेको छ। सन् २००९ मा दुई मुलुकबीचमा पर्यटन क्षेत्रमा सहकार्यसम्बन्धी सम्झौता भएको थियो। सन् २०१६ मा ३ हजार ५ सय पाकिस्तानीले पर्यटकका रूपमा नेपाल भ्रमण गरेका थिए। ◆

नेपाल-पाकिस्तान सम्बन्ध शृंखला

२९ मार्च सन् १९६०

कूटनीतिक सम्बन्ध स्थापना।

सन् १९६२

नेपालद्वारा इस्लामाबादमा राजदूतावास स्थापना।

सन् १९८३

दुईपक्षीय आर्थिक प्रवर्द्धनका लागि जोइन्ट इकोनोमिक कमिसनको स्थापना।

सन् २००९

दुई देशबीच पर्यटनमा सहकार्यसम्बन्धी सम्झौता।

सन् २०१७

पाकिस्तानले नेपालको तराईमा बाढीको प्रकोप आएपछि एक मिलियन अमेरिकी डलर सहायतास्वरूप प्रदान गरेको थियो।

- कृषि, पशुपन्छी, ऊर्जा, स्वास्थ्य, शिक्षा, संस्कृति, टेलिकम र नागरिक उड्डयनमा सहकार्य।
- टेक्स्टाइल, होटल र बैंकिङ क्षेत्रमा पाकिस्तानको केही लगानी।
- पाकिस्तानले नेपाली विद्यार्थीलाई वार्षिक छात्रवृत्ति दिने गरेको छ।
- काठमाडौंमा नेपाल–पाकिस्तान मैत्री तथा सांस्कृतिक संघ रहेको छ।
- प्राकृतिक प्रकोप तथा अन्य संकटमा पाकिस्तानले नेपाललाई सहयोग गर्दै आएको छ।

KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा

DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK | WWW.KANTIPURTV.COM

काम कुस्त गति सुस्त

आफ्नो भूमिका भुलेर केन्द्रीय सरकारको टेको खोज्दै मुख्यमन्त्रीहरू

▌▌ बाबुराम विश्वकर्मा

२२ फागुन ०७४ । प्रदेश-२ का मुख्यमन्त्री लालबाबु राउतले प्रधानमन्त्री केपी ओलीसँग प्रादेशिक समस्याहरूको पोको फुकाउँदै गर्दा झन्डै मध्यरात भएको थियो । राष्ट्रपति उम्मेदवार छान्ने रस्साकसीबीच एमाले स्थायी समिति बैठक लम्बिने छाँट देखिएपछि ओली अर्का नेता माधवकुमार नेपालसहित राउतलाई भेट्न आएका थिए । राउतले आफ्नो प्रदेशका मन्त्रीहरूका लागि बस्ने ठाउँ, सरकार चलाउन नियम-कानुन, सुरक्षाकर्मी तथा कर्मचारीको अभाव रहेकोजस्ता गुनासा सुनाए । जवाफमा प्रधानमन्त्री ओलीले केन्द्रीय सरकारले प्रदेश-२ को सरकारलाई आइपर्ने जुनसुकै अप्ठ्यारोमा सघाउन आफू तयार रहेको वचन दिए । ओलीको आश्वासन पूरा हुन्छ वा हुन्न, त्यो हेर्न केही समय पर्खिनुपर्छ ।

यी मुख्यमन्त्री र प्रधानमन्त्रीको भेट एकाएक भएको भने होइन । राउतले ओलीलाई भेटेर आफूले झेलेका झमेलाको बेलिबिस्तार लगाउनुअघि १० फागुन ०७४ मा ओलीसमक्ष लिखित मागपत्र नै पेस गरेका थिए । त्यसमा भनिएको छ, ‘प्रदेश सरकार त बन्यो तर प्रदेशलाई चाहिने कर्मचारीहरू, स्रोत-साधनको ठूलो अभाव रहेको छ । केन्द्रबाट खटाइएका कर्मचारी अझै पनि यस प्रदेशमा काम गर्न आएका छैनन् ।’ मुख्यमन्त्री राउतले प्रधानमन्त्री ओलीलाई लेखेको पत्रमा आफू र आफ्नो सरकारका मन्त्रीहरूको सुरक्षामा केन्द्रबाट खटिएका कर्मचारीबाट सहयोग नभएको दुखेसो पनि गरेका थिए ।

यो गुनासोले देशले पहिलो पटक अभ्यास गरेको प्रादेशिक सरकारको स्थिति कस्तो छ भन्ने दर्शाउँछ । किनभने, अरू प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरूका माग र गुनासा पनि राउतका भन्दा खासै भिन्न छैनन् । प्रदेश-२ का मुख्यमन्त्री राउतले पदभार सम्हालेको तीन साता बितेको छ । तर, यसबीचमा उनले आफ्नो प्रदेशका गुनासा उजागर गर्नेबाहेक कुनै सार्थक काम गरेका छैनन् । भन्छन्, “बस्ने ठाउँ छैन । काम गर्न नियम, कानुन र कर्मचारी छैनन् । स्रोत-साधनको अभाव छ । कसरी काम गर्नू ?”

प्रदेश-२ को जस्तै अरू ६ वटै प्रदेश सरकारको स्थिति नाजुक नै छ । किनभने, प्रादेशिक सरकारहरूका लागि यो सुरुआती वर्ष त हुँदै हो, शून्य वर्ष पनि हो । शून्यबाट सुरु गर्नु चुनौतीरहित हुँदैन । ती चुनौती व्यवस्थापन गर्ने मूल दायित्व पनि प्रदेश मुख्यमन्त्री र मन्त्रीहरूकै हो । तर, आफ्नो प्रदेश सरकारको जग हाल्न गर्नुपर्ने र नगरी नहुने तयारीको गृहकार्यमा होइन, मुख्यमन्त्रीहरूको ध्यान केन्द्रीय सरकारले सहयोग गरेन भन्नेमै केन्द्रित देखिएको छ । त्यसैको परिणाम हो- सातवटै प्रदेशबाट आइरहेको भौतिक पूर्वाधार, कर्मचारी, बजेट, कानुन तथा नियम अभावको दुखेसो ।

प्रदेश सरकारले झेलेका यी समस्या मुख्यमन्त्री र प्रदेश सरकारका मन्त्रीहरूका लागि नयाँ हुँदै होइनन् । किनभने, १० र २१ मंसिर ०७४ मा भएको संघ र प्रदेशको चुनावमै मुख्यमन्त्री र मन्त्रीका प्रत्याशीहरू यी समस्याप्रति जानकार थिए । तर, तिनले प्रदेश सरकारको जग हाल्न गर्नुपर्ने काममा ध्यान नदिएकै कारण अहिले सात प्रदेशमा सरकार गठन भएर पनि गति लिन सकेको छैन । सुरुआतका झिनामसिना समस्यालाई बोझ ठानेर प्रदेशका मुख्यमन्त्रीहरूले आफ्नो संवैधानिक जिम्मेवारी र कर्तव्यलाई नै बिर्सेका छन् । संघीयताविज्ञ खिमलाल देवकोटा भन्छन्, “प्रदेश सरकार के हो र यसले के गर्नुपर्छ भन्ने प्रस्ट व्यवस्था संविधानमा छ । संविधानले प्रदेशलाई चिन्यो तर मुख्यमन्त्री र मन्त्रीहरूले चाहिँ संविधानलाई चिन्न नसकेर व्यर्थमा रोइलो गरिएको छ, यो देशकै लागि दुर्भाग्य हो ।”

हुन पनि जननिर्वाचित संविधानसभाले ३ असोज ०७२ मा जारी गरेको संविधानले देशलाई दिएको महत्त्वपूर्ण उपहार हो, तीन तहको संघीय शासन व्यवस्था । संघ, प्रदेश र स्थानीय तहको संघीय शासन व्यवस्था अनुरूप तीनै तहको चुनाव भएर देशले तीन तहको संघीय सदनसहितको सरकारसमेत पाइसकेको छ । संघ, प्रदेश र स्थानीय तहमध्ये पनि जनताका लागि संघीयताको सबैभन्दा मौलिक उपहारचाहिँ प्रादेशिक सरकार र संसद् नै हो । किनभने, देशले यसअघि प्रदेश सरकार र प्रदेश संसद् अभ्यास गरेको छैन । तर, मुख्यमन्त्री र नवनियुक्त मन्त्रीहरूका बोली-व्यवहारले देशले पहिलो पटक अभ्यास गरेको प्रादेशिक सरकारको महत्त्वलाई फितलो र लज्जाजनक बनाउने जोखिम बढेको छ ।

संविधानले संघ, प्रदेश र स्थानीय सरकारलाई एक-आपसको मातहतमा होइन, स्वायत्त बनाएको छ । त्यसैले प्रादेशिक सरकारले संघीय सरकारसँग समस्या सुनाउने, गुनासो गर्ने होइन, प्रादेशिक सरकार व्यवस्थापनको नेतृत्व आफैं गर्ने हो । तर, केन्द्रीकृत मानसिकताबाट मुक्त नभएका र विगतमा केन्द्रीय संसद् र सरकारमा रहेका व्यक्तिहरू नै मुख्यमन्त्री तथा मन्त्री भएकाले प्रादेशिक सरकारलाई केन्द्रीय सरकारको छायाँजस्तो बनाउन खोजिएको छ । 'काम सुरु गर्न केही पनि नभएको' मुख्यमन्त्री तथा मन्त्रीहरूको साझा गुनासो त्यसैको परिणाम हो ।

मन्द गति

प्रदेश-६ को मन्त्रिपरिषद्ले राजधानी सुर्खेत अनि प्रदेशको नाम कर्णाली राखेर सकारात्मक सन्देश दिएको थियो । तर,

मुख्यमन्त्री
त्रिलोचन भट्ट

आन्तरिक मामिला तथा कानुनमन्त्री
प्रकाशबहादुर शाह
आर्थिक मामिला तथा योजनामन्त्री
झपट बोहरा
भौतिक पूर्वाधार विकासमन्त्री
पठानसिंह बोहरा
सामाजिक विकासमन्त्री
दीर्घ सोडारी
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री
माया भट्ट
भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री
विनीता चौधरी

मुख्यमन्त्री
महेन्द्रबहादुर शाही

आन्तरिक मामिला तथा कानुनमन्त्री
नरेश भण्डारी
आर्थिक मामिला तथा योजनामन्त्री
प्रकाश ज्वाला
भौतिक पूर्वाधार विकासमन्त्री
खड्ग खत्री
सामाजिक विकासमन्त्री
दल रावल
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री
नन्दसिंह बुढा
भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री
विमला केसी

मुख्यमन्त्री
शंकर पोखरेल

आन्तरिक मामिला तथा कानुनमन्त्री
कुलप्रसाद केसी
भौतिक पूर्वाधार विकासमन्त्री
बैजनाथ चौधरी

मुख्यमन्त्री
पृथ्वी सुब्बा गुरुङ

आन्तरिक मामिला तथा कानुनमन्त्री
हरिबहादुर चुमान
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री
रामशरण बस्नेत
भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री
लेखबहादुर थापा

मुख्यमन्त्री
डोरमणि पौडेल

आन्तरिक मामिला तथा कानुनमन्त्री
शालिकराम जमरकट्टेल
आर्थिक मामिला तथा योजना
कैलाश ढुंगेल
भौतिक पूर्वाधार विकासमन्त्री
केशव स्थापित
सामाजिक विकासमन्त्री
युवराज दुलाल
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री
अरुण नेपाल
भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री
दावा लामा



मुख्यमन्त्री
शेरधन राई

आन्तरिक मामिला तथा कानुनमन्त्री
हिक्मतकुमार कार्की
आर्थिक मामिला तथा योजनामन्त्री
इन्द्र आङ्बो
सामाजिक विकासमन्त्री
जीवन घिमिरे
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री
जगदीश कुसियत

मुख्यमन्त्री
लालबाबु राउत

आन्तरिक मामिला तथा कानुनमन्त्री
ज्ञानेन्द्र यादव
आर्थिक मामिला तथा योजनामन्त्री
विजय यादव
भौतिक पूर्वाधार विकासमन्त्री
जितेन्द्रप्रसाद सोनल
सामाजिक विकासमन्त्री
नवलकिशोर साह
उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री
रामनरेश राय
भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री
शैलेन्द्र साह

त्यो सकारात्मक सुरुआतलाई उसले कायम राख्न सकेन । सांसद र मन्त्रीलाई खान बस्नै समस्या भएको लज्जाजनक गुनासोले त्यो प्रदेशको सरकार र संसद्कै गरिमाको धज्जी उडाएको छ । सुरुमै २९ जनाभन्दा बढी सांसद एक लाख रुपियाँ पेस्की लिएर आलोचनाका पात्र भए । मुख्यमन्त्री महेन्द्रबहादुर शाही भन्छन्, "गतिमा काम हुन सकेको छैन र सरकारले अपेक्षा गरेजति अघि बढ्न सकेको छैन । हामीसँग एक रुपियाँ पनि नभएकाले पैसाबिना काम गर्नुपरेको छ ।"

कर्णाली प्रदेशको मन्त्रिपरिषद्ले ८ फागुन ०७४ मा पूर्णता पाएको हो । तर, अझै पनि प्रादेशिक सरकार राम्रोसँग उभिन सकेको छैन । कारण उही छ, पैसा, कर्मचारी र कानुन अभाव । प्रदेश सरकारको प्रभावकारी सुरुआत गर्न नसकेका मुख्यमन्त्री र मन्त्रीहरूले प्रदेशले झेलेका समस्या केन्द्रले समाधान गरिदेओस् भन्ने अपेक्षा राखेका छन् । त्यही अपेक्षाले तिनले आफ्नै भूमिका बिर्सिएका हुन् ।

प्रदेश सरकारले सामना गरेका समस्या समाधानमा प्रदेश सरकारकै नेतृत्वदायी भूमिका हुन्छ । किनभने, संविधानको अनुसूची-६ मा प्रदेश सरकारलाई दिइएका २१ वटा एकल अधिकार यस्ता छन्, जसले प्रदेशका मुख्यमन्त्री र मन्त्रीहरूलाई समस्याको सूची बोकेर काठमाडौँ धाउने छुट दिँदैनन्, बरू प्रदेशको राजधानीमै बसेर घोत्लिन प्रेरित गर्छन् । संघीयताविज्ञ देवकोटा भन्छन्, "मुख्यमन्त्री र मन्त्रीहरूको सुरुआतले तिनका लागि प्रदेश सरकार नै बोझ भएको अनुभूति हुन्छ ।"

संविधानमा प्रदेशले एकल अधिकारबाहेक स्थानीय र संघसँग मिलेर गर्नुपर्ने कामको सूचीसमेत लामै छ । कतिसम्म भने प्रधानमन्त्री कार्यालयले तयार गरेको तीन तहको सरकारले गर्नुपर्ने कार्य विस्तृतीकरणसम्बन्धी प्रतिवेदन, ०७४ मा प्रदेश सरकारले मात्र ५ सय ६५ वटा काम गर्नुपर्नेछ । त्यस्तै, प्रदेश र स्थानीय तहलाई आवश्यक पर्ने कानुन पनि प्रदेश सरकार/संसद्ले नै बनाउने हो । यसबाट प्रस्ट हुन्छ, प्रदेश सरकारको काम र अधिकार कुस्त मात्र छैन, झन्डै संघीय सरकारसरह नै छ । तर, संविधानतः गर्नुपर्ने काम र अधिकार कुस्त भएर पनि प्रादेशिक सरकारको काम भने असाध्यै सुस्त छ । यसले बदलिँदो

जनआकांक्षा सम्बोधन हुन सक्दैन ।

२८ माघदेखि ८ फागुन ०७४ सम्म सातवटै प्रदेशका मुख्यमन्त्रीले शपथ लिइसकेका छन् । तर, दुर्भाग्य ! मुख्यमन्त्री चयन भएको झन्डै एक महिना पुग्न लाग्दा पनि सातवटै प्रादेशिक सरकारले पूर्णता पाउन सकेका छैनन् । अहिलेसम्म प्रदेश-२, प्रदेश-३, कर्णाली प्रदेश र प्रदेश-७ का सरकारले मात्र पूर्णता पाएका छन् । प्रदेश-१ को सरकारमा तीन जना, प्रदेश-४ मा तीन जना र प्रदेश-५ मा चार जना मन्त्री नियुक्त हुन बाँकी छ । प्रदेश-४ का मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ भन्छन्, "मन्त्रीका आकांक्षी धेरै भएकाले मन्त्रिपरिषद्ले पूर्णता पाउन ढिलो भएको हो । अब विस्तार हुन्छ ।"

शून्य बजेट, ठूला निर्णय

सातै प्रदेशको संरचना शून्यबाट सुरु भएकाले भौतिक पूर्वाधार, बजेट, कर्मचारी आदिको अभाव अस्वाभाविक होइन । धेरैजसो प्रदेश सरकारको खातामा पैसा पनि छैन । यो आर्थिक वर्षमा प्रदेशका लागि विनियोजित एक अर्ब रुपियाँ पनि प्रदेश सरकारले खर्च गर्न पाएका छैनन् । नयाँ आर्थिक वर्षबाट प्रदेश सरकारले आय-व्ययको खाका, नीति-कार्यक्रम आदि तर्जुमा गर्नेछन् । तर, आर्थिक वर्ष सकिनै लाग्दा केही प्रदेशले भने पैसाबिना नै महत्त्वाकांक्षी निर्णय गरेका छन् । दृष्टान्तका लागि कर्णाली प्रदेशको ८ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले स्रोत र बजेटको पहिचानबिना नै गाउँ-सहरमा बिजुली, कर्णाली प्रदेशलाई जैविक प्रदेश बनाउने, ०७५ लाई पर्यटन वर्ष बनाउने, चीनतिर तीनवटा नाका खोल्नेलगायतका २१ वटा महत्त्वाकांक्षी र धेरै बजेट खाँचो पर्ने निर्णय गरेको छ ।

सरकारका हरेक निर्णय कानुनसरह लागू हुन्छन् र हुनुपर्छ । बिनास्रोत जथाभावी गरिएका निर्णय लागू नहुँदा त्यसले सरकारप्रतिको जनविश्वास गुम्न पुग्छ । बजेटबिना हचुवामा गरिएका निर्णय कागजमै सीमित हुन्छन् । यो पक्षलाई बेवास्ता गरी सस्तो लोकप्रियताका लागि जथाभावी निर्णय गर्न थालिएको छ । कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाही भन्छन्, "प्रदेश सरकारलाई एक रुपियाँ पनि खर्च गर्ने अख्तियारी आएको छैन । तर, हामीले केही दूरगामी महत्त्वका निर्णय गर्यौं । अब स्रोत खोज्ने काम हुन्छ ।"

आउँदो आर्थिक वर्षको योजना तथा बजेटको गृहकार्य अनि प्रदेश सरकार सञ्चालनका लागि आवश्यक कानुन तर्जुमामा ध्यान दिनुको साटो नयाँ मुख्यमन्त्रीहरू ठूलठूला निर्णय गर्न र सार्वजनिक चर्चा कमाउन अग्रसर भएका छन् । प्रदेश-४ को ४ फागुन ०७४ मा बसेको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्र प्रदेशका सबै घरमा बिजुली तथा खानेपानी पुर्‍याउने, प्रदेश-४ लाई उज्यालो प्रदेश बनाउने, पाँच वर्षभित्र अन्तर्राष्ट्रिय स्तरको मुटु, क्यान्सर र मिर्गौला उपचार केन्द्र स्थापना गर्ने, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र तथा रंगशाला बनाउनेजस्ता महत्त्वाकांक्षी निर्णय गरेको छ । मुख्यमन्त्री गुरुङ थप्छन्, "मलाई काम सुरु गर्न नै न्यूनतम एक खर्ब बजेट चाहिन्छ । नत्र सगरमाथाभन्दा अग्ला जनआकांक्षा झापाको केचनामा बसेर पूरा गर्न सकिँदैन ।"

> अभावै अभावमा शून्यबाट काम सुरु गर्नुपर्ने बाध्यता छ । केन्द्रीय कर्मचारी प्रणालीले सहयोग नै गरेन । त्यसैले काम सुरु गर्न नै सकिएन ।
>
> **त्रिलोचन भट्ट**
> मुख्यमन्त्री, प्रदेश-७

> गतिमा काम हुन सकेको छैन र सरकारले अपेक्षा गरेजति अघि बढ्न सकेको छैन । हामीसँग एक रूपियाँ पनि नभएकाले पैसाबिना काम गर्नुपरेको छ ।
>
> **महेन्द्रबहादुर शाही**
> मुख्यमन्त्री, कर्णाली प्रदेश

प्रदेशका अधिकार

- प्रदेश प्रहरी प्रशासन र शान्ति-सुरक्षा
- नेपाल राष्ट्र बैंकको नीति अनुरूप वित्तीय संस्थाहरूको सञ्चालन, सहकारी संस्था, केन्द्रको सहमतिमा वैदेशिक अनुदान र सहयोग
- रेडियो, टेलिभिजन सञ्चालन
- घरजग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना
- प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा
- प्रदेश तथ्यांक
- प्रदेश स्तरको विद्युत्, सिंचाइ र खानेपानी सेवा, परिवहन
- प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय, संग्रहालय
- स्वास्थ्य सेवा
- प्रदेशसभा, प्रदेश मन्त्रिपरिषद्सम्बन्धी
- प्रदेशभित्रको व्यापार
- प्रदेश लोकमार्ग
- प्रदेश अनुसन्धान ब्युरो
- प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र अन्य आवश्यक विषय
- प्रदेश लोकसेवा आयोग
- भूमि व्यवस्थापन, जग्गाको अभिलेख
- खानी अन्वेषण र व्यवस्थापन
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग
- प्रदेशभित्रको राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापन
- कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात,
- गुठी व्यवस्थापन

(स्रोत : नेपालको संविधान अनुसूची ६)

प्रदेश-१ को २२ फागुनमा बसेको मन्त्रिपरिषद् बैठकले सरकारले गर्ने सयदिने कार्यक्रम घोषणा गरेको छ । आर्थिक स्रोत र बजेटको पहिचानबिना त्यो प्रदेशले चिया, अदुवा, अलैंची, जुट अम्रिसो, अल्लो र रुद्राक्ष आदिको उत्पादन बढाउने, एउटा जिल्लामा एउटा प्राविधिक शिक्षा खोल्नेलगायतका कार्यक्रम घोषणा गरेको छ । अहिलेसम्म मन्त्रिपरिषद्लाई समेत पूर्णता दिन नसकेको प्रदेश-१ को सरकारले गरेका यी घोषणा घोषणामै सीमित भएमा आश्चर्य हुने छैन ।

तलब-सुविधा र गाडीमै ध्याउन्न

सातवटै प्रदेशका मुख्यमन्त्रीमध्ये

> प्रदेश-२ का मन्त्रीहरू बस्ने र काम गर्ने ठाउँ छैन । काम गर्न नियम, कानुन र कर्मचारी अभाव छ । स्रोत-साधनको अभाव छ । कसरी काम सुरू गर्नु ?

लालबाबु राउत
मुख्यमन्त्री, प्रदेश-२

> एक महिना भेटघाट र छलफलमै बित्यो, उल्लेख गर्न मिल्ने काम गर्न पाएको छैन । बजेट, संरचना र कर्मचारीको व्यवस्था भएपछि काम सुरू हुन्छ ।

डोरमणि पौडेल
मुख्यमन्त्री, प्रदेश-३

> काम सुरू गर्न नै न्यूनतम एक खर्ब बजेट चाहिन्छ । नत्र सगरमाथाभन्दा अग्ला जनआकांक्षा झ्यापाको केचनामा बसेर पूरा गर्न सकिँदैन ।

पृथ्वी सुब्बा गुरुङ
मुख्यमन्त्री, प्रदेश-४

अधिकांश यसअघि मन्त्री भइसकेका र सार्वजनिक जिम्मेवारीमा अनुभव हासिल गरेमध्येकै छन् । तर, तिनले प्रदेशको जग हाल्ने काममा आशलाग्दो सुरुआत गर्न सकेनन् । धेरैको ध्यान प्रदेश सरकारलाई गति दिने भन्दा बढी आफ्नो तलब सुविधातिर गएको छ । त्यसैको नतिजा हो, सातमध्ये ६ वटा प्रदेशले तुरुन्तै गर्न सक्ने र पैसा नै नलाग्ने काम पनि नभएका । प्रदेशको कानुन तथा प्रदेश सरकार सञ्चालनका लागि नियमावली बनाउने अनि प्रदेशको स्थायी नामकरण गर्ने र राजधानीसमेत तोक्न नसक्नुमा बजेट अभावले होइन, प्रदेश नेतृत्वको क्षमता अभावले काम गरेको छ । कर्णालीबाहेक कुनै पनि प्रदेशको नामकरण र स्थायी राजधानी तोकिएको छैन भने धेरैले आवश्यक कानुनको मस्यौदासमेत गर्न सकेका छैनन् ।

प्रदेशको शासन-प्रशासन सञ्चालनको आधारभूत काम गर्न नसके पनि प्रदेश सरकारले मुख्यमन्त्री, मन्त्री तथा सांसदको तलब तोक्ने काम भने द्रुत गतिमा गरेका छन् । प्रदेशको राजधानीसम्बन्धी विवाद निरुपण र सरकारलाई पूर्णता दिन नसकेका प्रदेश-५ का मुख्यमन्त्री शंकर पोखरेल सरकार र सांसदको मात्र होइन, स्थानीय तहका पदाधिकारीको समेत तलब-सुविधा तोक्न सफल भएका छन् । जस अनुसार मुख्यमन्त्रीको ६० हजार ९ सय, मन्त्रीको ५२ हजार र सांसदको ४५ हजार रुपियाँ मासिक तलब तोकिएको छ । २२ फागुनमा बसेको प्रदेश-५ को मन्त्रिपरिषद् बैठकले स्थानीय तहका पदाधिकारीको सेवा-सुविधा तोक्ने निर्णय गरेको छ । अरू प्रदेश सरकारले पनि मन्त्री, मुख्यमन्त्री तथा सांसदको तलब सुविधा तोकिसकेका छन् । एकातिर काम गर्न बजेट छैन भन्ने अर्कातिर तलब-भत्ता तोक्न हतार गर्ने प्रदेश सरकारको निर्णय आफैँमा विरोधाभासपूर्ण छ ।

प्रदेशका मन्त्रीहरूले आवास नपाएको र काम गर्न कार्यालय नपाएको गुनासो पुरानो भइसकेको छ । तर, केही मन्त्रीहरूले प्रदेश सरकारले उपलब्ध गराएको गाडीमा समेत चित्त नबुझेर सुविधासम्पन्न गाडी खोज्न थालेका छन् । प्रदेश-३ मा यस्तै देखिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री कैलाश ढुंगेललाई प्रदेश सरकारले मन्त्री भएपछि टाटा जिप उपलब्ध गराएको थियो । तर, उनी त्यो जिप चढेनन् । त्यसको साटो बिनाबोलपत्र तथा हचुवा सम्झौतामा हुन्डाईको क्रेटा एसएक्स भाडामा लिएर चढ्न थालेका छन् । सरकारले उपलब्ध गराएको जीप पुरानो भन्दै उनले अस्वीकार गरेका हुन् ।

त्यस्तै, आन्तरिक मामिला तथा कानुनमन्त्री शालिकराम जमरकट्टेलले पनि सरकारले उपलब्ध गराएको बोलेरो जिप नचढेर स्कारपियो चढ्न थालेका छन् । धादिङको बेनीघाट नगरपालिकाबाट मगाएर उनले स्कारपियो प्रयोग गरेका हुन् । मुख्यमन्त्री डोरमणि पौडेल पनि स्कारपियो चढ्दै आएका छन् । दुर्भाग्य ! गाडी सुविधाका लागि तँछाडमछाड गरे पनि प्रदेश-३ को सरकारले अहिलेसम्म कुनै पनि क्षेत्रमा सार्थक सुरुआत गरेको छैन । मुख्यमन्त्री पौडेलले २८ माघ ०७४ मै शपथ लिएका हुन् । उनको एक महिना पनि भेटघाट र छलफलमै सकिएको छ । मुख्यमन्त्री पौडेल भन्छन्, "एक महिना भेटघाट र छलफलमै बित्यो, उल्लेख गर्न मिल्ने काम गर्न पाएको छैन । बजेट, संरचना र कर्मचारीको व्यवस्था भएपछि काम सुरु हुन्छ ।"

प्रदेश सरकारको करिब एकमहिने प्रारम्भिक कार्यकाल उत्साहजनक नभए पनि मुख्यमन्त्री तथा मन्त्रीहरूको व्यस्तता भने नाटकीय छ । सातमध्ये *नेपाल*ले कुराकानी गरेका पाँच मुख्यमन्त्रीको दैनिकी ७ बजे सुरु हुन्छ भने बेलुकी १० बजे टुंगिने गरेको छ । के गर्छन् त 'व्यस्त' मुख्यमन्त्रीहरू ? जवाफ प्रस्ट छ, काम न काजका कार्यक्रम उद्घाटन, परम्परागत भाषण र भेटघाटमै बित्छ उनीहरूको दैनिकी । कुनै पनि मुख्यमन्त्री कार्यालयमा बसेर प्रदेश सरकारको जग हाल्ने र त्यसलाई उभ्याउनका लागि नभई नहुने गहन गृहकार्यमा जुटेको पाइँदैन । प्रदेश-७ का मुख्यमन्त्री त्रिलोचन भट्ट भन्छन्, "अभावै अभावमा शून्यबाट काम सुरु गर्नुपर्ने बाध्यता छ । केन्द्रीय कर्मचारी प्रणालीले सहयोग नै गरेन । त्यसैले काम सुरु गर्न नै सकिएन ।"

मुख्यमन्त्री भट्टको मात्र होइन, सबै मुख्यमन्त्रीको साझा लाचारी हो यो । १० र २१ मंसिर ०७४ मा गरिएको संघ र प्रदेशको चुनावबाट जनताले गुनासा र लाचारी दर्शाउने जनप्रतिनिधि होइन, संघीय सरकारको नेतृत्व हाँक्ने सक्षम नेतृत्व चयन गरेको ठानेका हुन् । तर, प्रादेशिक सरकारका अहिलेसम्मका कामले त्यो पुष्टि हुन सकेको छैन । ◆

पूर्वाग्रही, स्वेच्छाचारी

आफ्ना गल्ती र स्वार्थ लुकाउन गोपाल पराजुलीद्वारा संस्थाको दुरुपयोग

■ **मनबहादुर बस्नेत**

१४ वैशाख ०७४
स्थान : न्यायपरिषद्‌को कार्यालय, कुपन्डोल, ललितपुर
उद्देश्य : न्यायपरिषद् बैठक

प्रधानन्यायाधीशको रोलक्रममा रहेका तत्कालीन न्यायाधीश गोपालप्रसाद पराजुलीले अनुनय शैलीमा आफूसँग जोडिएको शैक्षिक प्रमाणपत्र र जन्ममिति विवादबारे 'सहयोगी निर्णय' गर्न मौखिक प्रस्ताव राखे ।

प्रस्तावको तत्कालीन प्रधानन्यायाधीश एवं न्यायपरिषद्‌की अध्यक्ष सुशीला कार्कीले विनीत भावमै प्रतिवाद गरिन्, 'न्यायपरिषद् प्रमाणपत्र प्रमाणीकरण गर्ने ठाउँ होइन । आधिकारिक निकायबाट प्रमाणीकरण गराएर ल्याउनू । अनि मात्र न्यायपरिषद्‌ले निर्णय गर्न सक्छ ।' कार्कीको यस्तो शालीन तर अडानयुक्त जवाफपछि बैठकस्थलमै पराजुली र कार्कीबीच चर्काचर्की पर्‍यो । 'तपाईंको कीर्ते कामको अंग हामी (न्यायपरिषद्) किन बन्ने ?' कार्कीले पराजुलीलाई भनेकी थिइन् । त्यसपछि न्यायपरिषद्‌का तत्कालीन सचिव नहकुल सुवेदीले पराजुलीको शैक्षिक प्रमाणपत्रसम्बन्धी कुनै विवाद नरहेको माइन्युट तयार गरेका थिए, कार्कीलाई समेत थाहै नदिई । पछि कार्कीले थाहा पाइन् र माइन्युट केरमेट गरिदिइन् । निजी विवाद लुकाउन संस्थालाई प्रयोग गर्ने गम्भीर प्रयास थियो, त्यो ।

विडम्बना ! त्यसपछि समेत पराजुलीले पटक-पटक न्यायालय र त्यससँग जोडिएका निकायहरूलाई व्यक्तिगत विवाद, गल्ती, स्वार्थ छोप्ने अंग बनाउने प्रयास गरी नै रहे । त्यसैको पछिल्लो शृंखला हो, १८ माघमा बसेको सर्वोच्च अदालतको पूर्ण बैठक (फुल कोर्ट) । फुल कोर्ट बैठक अदालतको प्रशासनिक र नीतिगत निर्णयका लागि बसिन्छ । आफ्ना काम-कारबाहीबारे समीक्षा हुन्छ । यसले न्यायिक निर्णय गर्दैन । तर, पराजुलीले आफ्ना विवादका विषयबारे आड खोज्न फुल कोर्ट डाके । विवादका आयाम थपिन थालेपछि पराजुलीले फुल कोर्टलाई आफ्ना कमजोरी ढाक्ने अस्त्र बनाउन खोजेका थिए ।

फुल कोर्ट बैठकमा सर्वोच्चका सबै न्यायाधीश र मुख्य रजिस्टार तथा रजिस्टार सहभागी हुन्छन् । प्रधानन्यायाधीश पराजुलीले आफ्नो विवादका विषयमा समर्थन जुटाउन आकस्मिक फुल कोर्ट बसालेका थिए । प्रधानन्यायाधीश पराजुली एसएलसीको शैक्षिक प्रमाणपत्र कीर्ते बनाएको, नागरिकतामा भिन्दाभिन्दै जन्ममिति बनाएको जस्ता विवादमा मुछिँदै आएका छन् । यसका साथै कानुन व्यवसायी सुरेन्द्र भण्डारीलाई ज्यान मार्ने धम्की दिएको आरोपसमेत पराजुलीमाथि थपिएको छ ।

बैठकमा अधिकांश न्यायाधीशहरूले प्रधानन्यायाधीशको 'व्यक्तिगत मामिला'मा संस्था साक्षी बस्न नहुने धारणा राखेका थिए । पराजुलीलाई लागेका आरोप संस्थाविरुद्ध होइन भन्नेमा धेरै न्यायाधीशहरूले अडान लिएपछि 'फुल कोर्ट'को हतियारसमेत भुत्ते भयो । पराजुलीले निजी मामिलामा संस्थालाई साक्षी बनाउन खोजेका यस्ता प्रयास थुप्रै भेटिन्छन् ।

प्रयास-दुष्प्रयास

०७३ मा जन्ममिति विवादमा तानिए, उच्च अदालत जनकपुरका न्यायाधीश सुरेन्द्रवीरसिंह बस्न्यात । बस्न्यातको जन्ममिति १८ फागुन ०१० र १९ असार ०११ भेटिएपछि विवाद उठेको थियो । यसबारे न्यायपरिषद्‌की तत्कालीन अध्यक्ष कार्कीले १ पुस ०७३ मा १८ फागुन ०१० लाई मान्यता दिने निर्णय गरिन् । न्यायपरिषद्‌को निर्णयविरुद्ध बस्न्यात सर्वोच्च अदालत गए । माघ ०७३ मा रिट हालेका बस्न्यातको मुद्दाको किनारा पराजुली प्रधानन्यायाधीश नियुक्त भएको पाँच दिनभित्रै भयो, द्रुत गतिमा । दीपककुमार कार्की र शारदाप्रसाद घिमिरेको इजलासले न्यायपरिषद्‌को निर्णय उल्टाएर ०११ को जन्ममितिलाई सही ठहर गरिदियो । परिणाम, अवकाश पाएको तीन महिनापछि बस्न्यात पुनः उच्च अदालत फर्किए ।

प्रधानन्यायाधीश नियुक्त हुनासाथै यो मुद्दाले उच्च प्राथमिकता पाउनुको भित्री कारण भने अर्कै छ । पराजुली स्वयं यही प्रकृतिको विवादमा फसेकाले बस्न्यातको मुद्दालाई आधार मानेर आफ्नो विवादसमेत

किनारामा धकेल्न चाहन्थे। ०४८ मा पुनरावेदन अदालतको न्यायाधीशबाट सेवामा प्रवेश गर्दा पराजुलीले पेस गरेको नागरिकतामा उनको जन्ममिति २१ साउन ००९ छ। न्यायपरिषद्ले पराजुलीको यही जन्ममिति कायम गर्दै आयो। तर, १३ जेठ ०७१ मा पराजुली सर्वोच्च अदालतको न्यायाधीश बनेपछि नयाँ जन्ममिति १६ वैशाख ०१० अनुसार आफ्नो सेवा अवधि कायम गर्न न्यायपरिषद्मा निवेदन दिए। ९ मंसिर ०६७ मा जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट पराजुलीले लिएको प्रतिलिपि नागरिकतामा उमेर सच्याइएको हो। त्यसछि नै पराजुलीको उमेर विवाद उब्जियो। रामकुमार साह परिषद् अध्यक्ष रहेका बेला उनको जन्ममिति सुरुको नागरिकता अनुसार हुने सदर गरेको थियो। तर, कार्कीले बस्न्यातसँगै पराजुलीको समेत सुरु नागरिकताका आधारमा जन्ममिति कायम गर्ने निर्णय गरेकी थिइन्।

यसविरुद्ध पराजुलीले न्यायपरिषद्मै अर्को उजुरी दिए। कार्कीले १ पुस ०७३ मा न्यायपरिषद्का सचिव कृष्ण गिरीलाई पराजुलीको शैक्षिक प्रमाणपत्र एक साताभित्र मगाउन भनेकी थिइन्। कार्कीको कार्यकालभरि पराजुलीले यी विवरण बुझाएनन्। एकैचोटि प्रधानन्यायाधीश नियुक्त भएपछि पराजुलीको सच्याइएको नागरिकताको जन्ममिति कायम गऱ्यो न्यायपरिषद्ले। बस्न्यातको मुद्दामा सर्वोच्चले गरेको फैसलालाई टेकेर ३० जेठ ०७४ मा न्यायपरिषद्ले पराजुलीको जन्ममिति १६ वैशाख ०१० कायम गऱ्यो। आफैं अध्यक्ष रहेको न्यायपरिषद्ले आफ्नै विवाद टुंग्याएको हो। पुरानो जन्ममिति कायम भएमा पराजुली ५८ दिन मात्रै प्रधानन्यायाधीश हुन्थे। नयाँ जन्ममितिले उनी थप ८ महिना २५ दिन प्रधानन्यायाधीश बन्नेछन्। "यो प्राकृतिक न्यायको सिद्धान्त विपरीतको काम हो," विशेष अदालतका पूर्वन्यायाधीश गौरीबहादुर कार्की भन्छन्।

त्यसअघि १७ जेठ ०७३ मा जन्ममिति र शैक्षिक प्रमाणपत्र विवादमा तानिएका व्यक्ति प्रधानन्यायाधीशका लागि अयोग्य हुने भन्दै अधिवक्ता विकास गिरीले सर्वोच्चमा रिट हालेका थिए। पराजुलीविरुद्ध रिट हाल्ने गिरी एकाएक गायब भए। पराजुली कायम मुकायम प्रधानन्यायाधीश बनेपछि भने उनी निवेदनमा उठाइएका कुरा प्रमाणित गर्न नसक्ने भन्दै मुद्दा फिर्ता लिन अदालतमा झुल्किए। तर, पुरुषोत्तम भण्डारीको इजलासले सार्वजनिक सरोकारका विषय इजलासबाट सम्बोधन गर्नुपर्ने भन्दै फिर्ता गर्न इन्कार गरेको थियो। भण्डारीकै बेन्चले २५ जेठमा रिट खारेज गरिदियो। एकातिर अदालतले सार्वजनिक सरोकारको विषय भनेर फिर्ता नहुने जिकिर गरेको छ भने अर्कातिर पक्ष-विपक्षमा बहसै नसुनी खारेज गरिदिएको छ।

डा गोविन्द केसीविरुद्धको अवहेलना मुद्दामा बहस हुँदा पनि प्रधानन्यायाधीश पराजुलीमाथि अदालतको दुरुपयोगबारे इजलासमै प्रश्न उठेको थियो। न्यायाधीश पुरुषोत्तम पराजुलसीसमेतको इजलासमा अधिवक्ता कपिलदेव ढकालले भनेका थिए, 'प्रधानन्यायाधीशको नागरिकता र शैक्षिक प्रमाणपत्रको विवाद अहिले मात्र उठेको होइन। विकास गिरीको रिटमा पनि उठेको हो। त्यो रिटको छिनोफानो हुँदा पारदर्शिता अपनाइएन। त्यसबीचमा के-कस्ता औपचारिक/अनौपचारिक हर्कत भए जम्मै थाहा छ। ती सबै सम्मानित इजलासमा भन्न पनि नसकिने खालका छन्।'

पूर्वाग्रह र स्वेच्छाचारी शैली

गत १७ वैशाखमा संसद्मा महाभियोग दर्ता भएपछि तत्कालीन प्रधानन्यायाधीश कार्की स्वतः निलम्बित भइन्। वरिष्ठतम् न्यायाधीश कामु बन्ने प्रावधान अनुसार पराजुलीले उक्त जिम्मेवारी सम्हाल्नु स्वाभाविक थियो। अस्वाभाविकचाहिँ कामु भएर सर्वोच्च पस्दा उनको गलाभरि फूलमाला थिए। मानौँ, उनी प्रधानन्यायाधीश नै बनेका हुन्। शक्तिमा पुग्ने उनको हतारो यसबाटै झल्किन्छ।

प्रधानन्यायाधीश बनेपछि त उनले आफ्ना कमजोरी छोप्न यसका अवयवहरू प्रयोग गरे नै, न्याय प्रशासनमा स्वेच्छाचारी शैलीसमेत भित्र्याए। ६ माघ ०७३ मा सरकारले न्याय सेवाका नहकुल सुवेदी, नृपध्वज निरौला, कानुन समूहका राजीव गौतम, सरकारी वकिलतिरका किरण पौडेल र राजन भट्टराईलाई विशिष्ट श्रेणी (सचिव)मा बढुवा गऱ्यो। बढुवापछि सुवेदी न्यायपरिषद्, निरौला सर्वोच्चको रजिस्टार, पौडेल महान्यायाधिवक्ताको कार्यालय र भट्टराईको बेपत्ता पारेका व्यक्तिको छानबिन आयोगमा पदस्थापन भयो।

गत जेठमा मन्त्रिपरिषद्ले सरकारको मुख्य सचिव, संसद्को महासचिवसरहको न्यायालयमा मुख्य रजिस्टार पद खडा गऱ्यो। यति शक्तिशाली पदमा पराजुलीले आफ्ना नातेदार सुवेदीलाई ल्याउन सफल भए, २२ जेठ ०७३ मा। मुख्य रजिस्टार बनाउन कार्यकुशलता, कार्यक्षमता, अनुभव, ज्येष्ठतालाई आधार मानिने कानुनी व्यवस्था छ। ज्येष्ठताका आधारमा किरण पौडेल, अनुभवका आधारमा नृपध्वज निरौला अगाडि थिए। सुवेदी यस्ता भाग्यमानी हुन्, जसको ११ महिनामा तीनपटक बढुवा भयो। र, यसको प्रधान श्रेय जान्छ, उनै पराजुलीलाई। माघ ०७३ मा सचिव बनेका सुवेदी मुख्य रजिस्टार हुँदै ११ माघ ०७४ मा उच्च अदालत तुलसीपुरको मुख्य न्यायाधीश बनेर अस्वाभाविक छलाङ मारे।

स्वेच्छाचारी शैलीको सिकार न्याय क्षेत्रका कर्मचारी कसरी बनिरहेका छन् भन्ने उदाहरण हुन्, निरौला। आफूअघिका प्रधानन्यायाधीश कार्कीको पालामा सर्वोच्चको रजिस्टार बनेका थिए, उनी। रजिस्टारको (हाल मुख्य रजिस्टारको काम) तारेख दिने, मुद्दा ढिलो-चाँडो पार्ने र दरपीठसम्म अधिकार हुन्छ। पराजुलीविरुद्ध गिरीको रिट दर्ता निरौलाले नै गरेका थिए। त्यही भएर उनलाई पराजुलीले बेपत्ता छानबिन आयोगमा लगेर थन्काइदिएको सर्वोच्च अदालत स्रोत बताउँछ।

अधिवक्ता सुरेन्द्र भण्डारीलाई त प्रधानन्यायाधीशले ज्यान मार्ने धम्की दिएको भन्दै काठमाडौं जिल्ला प्रशासनमा शान्ति-सुरक्षाको उजुरी नै परेको छ। डा गोविन्द केसीलाई पक्राउ गर्न, जन्ममिति र शैक्षिक प्रमाणपत्र कीर्तेका समाचार छापेकै कारण कान्तिपुर मिडिया ग्रुपविरुद्धको अदालतको अवहेलना मुद्दामा 'प्रिसेन्सरसिप' लगाउने आदेश प्रतिशोधकै उपज हो भन्ने न्यायको सामान्य ज्ञान भएकाले पनि बुझ्ने कुरा हो। आफू विपक्षी भएको यी दुवै मुद्दामा पराजुली स्वयंले आदेश दिएका छन्, जुन प्राकृतिक न्यायको सिद्धान्तविपरीत हो। न्यायालय यति स्वेच्छाचारी कहिल्यै नभएको विज्ञहरू बताउँछन्। प्रधानन्यायाधीशको स्वेच्छाचारिताले अदालतको अवहेलना भएको भन्दै मनोज अधिकारीले सर्वोच्चमा २४ फागुनमा रिट हालेका छन्। पूर्वन्यायाधीश कार्की भन्छन्, "आफ्ना कमजोरी लुकाउन न्यायालयलाई दुरुपयोग गरेर बदनाम गराउनेको राजीनामा माग्ने होइन, महाभियोग लगाउनुपर्छ। अनि मात्रै पछिसम्म यो नजिर बन्छ र अदालतमा सुधार आउँछ, न्यायिक स्वतन्त्रता कायम रहन्छ।" ◆



इन्द्रबहादुर राई

आईबी राईको एक्टिभिज्म

मनु मन्जिल

'चाखलाग्दो हुनु कसरी ?' भन्ने निबन्ध सन् १९४९ तिरै लेखेर साहित्यमा प्रवेश गरेका थिए, इन्द्रबहादुर राई ।

साहित्यका क्षेत्रमा त्यो एउटा विराट प्रश्न थियो किनभने अधिकांश लेखक आफैँलाई त्यसरी प्रश्न गर्दैनन् । धेरैका लागि आफूले लेखेका कुरा 'साहित्य भए भइगो, नभए के त !' भनेजस्तो मात्रै हुन्छ । तर, आईबी राई एउटा ठूलो प्रश्नवाचक चिह्नले आफैँलाई हिर्काएर मात्र साहित्यमा प्रवेश गरे । लेखकका रूपमा जीवनभर 'चाखलाग्दो हुन' उनले थोरै दुःख बेहोर्नुपरेन । परम्परागत च्याप्टो साहित्यमा थप काम गर्नु बेकार थियो । भक्ति, लालित्य र बूढो आदर्शको गफ दिने थप अर्को एउटा मान्छे हुन उनलाई मन थिएन । नवीनता नभए किन लेख्नु भन्ने भाव सधैँ मुटु छोएर बसिरहन्थ्यो । त्यसैले एउटा नयाँ बाटोको खोजी उनका निम्ति अपरिहार्य थियो ।

आईबी राईलाई थाहा थियो, मानिसले दुःखको लामो बाटामा गएर मात्र चम्कन पाउने हो । जस्तो : युद्धमा वीरता देखाएर, कठोर साधनामा गएर, क्रान्तिमा सहिद भएर, दुर्गम्य हिमाल चढेर, दशकौँको अभ्यास र मिहिनेतपछि एक-दुई राम्रा गीत गाएर, एक-दुई कविता-कथा लेखेर, एक-दुई नाटक-उपन्यास लेखेर, त्यसरी मुस्किलले मानिस अलि-अलि चम्किने हो । आईबीले त्यही दुःखको बाटो रोजे र रहरै रहरमा ठूलठूला बोझहरू बोकिहिँडे ।

आफ्नै रहरको बोझ जीवनभर बोकिहिँड्ने मानिसलाई 'भरिया' भन्न मिल्छ कि मिल्दैन ? त्यो मलाई थाहा छैन । यदि मिल्छ भने निःसन्देह ऊ एक महान् भरिया हो । जस्तो : साहित्यमा गहिराइ भएन । अब गहिराइ ल्याउने बोझ उनले लिए ।

च्याप्टो साहित्य चाखलाग्दो भएन । चाखलाग्दो लेख्नु कसरी ? त्यसको बोझ उनले लिए ।

साहित्यमा समग्रता पटक्कै आएन । अनुभूतिले समाएजस्तै एकैपटक साहित्यमा समग्र कुरा लेख्ने बोझ त्यो उनले लिए ।

साहित्यमा भोग आयो, योग आएन । अर्को बोझ उनले समाए ।

प्रचलित भाषाले केही भनेन । त्यो बोझ पनि उनैले लिए ।

सत्य, आदर्श, यथार्थ लेखियो । असत्य, अ-आदर्श, अयथार्थ लेखिएन । त्यसको बोझ पनि उनैले बोके ।

डिकन्स्ट्रक्सन पनि, बौद्धदर्शन पनि, आधुनिक पनि, रामायण पनि लिएर एउटा नयाँ साहित्य लेखिनुपर्ने । त्यो बोझ पनि उनैले लिए ।

अनुभूति सीधा लेखिँदैन । 'मिथ', 'इमेज' र 'एम्बिग्विटिज'ले लेख्ने बोझ पनि उनैले उठाए ।

आईबी सरलाई लाग्यो, यी हाम्रा साहित्यका कमीहरूमाथि केही काम गर्न सके 'चाखलाग्दो' हुन सकिन्छ । जीवनको नौ दशकसम्म यिनै बोझ, भारी बोक्दै, केही नयाँ सोच्दै, नयाँ लेख्दै आईबी हिँडिरहे । एक युग नेपाली साहित्यको सानो ब्रह्माण्डमा प्रशंसा र आलोचनाको निरन्तर भुमरीका माझ आईबी यात्रारत रहे । साहित्यमा चाखलाग्दो हुनु कसरी ? उनको पछिल्लो जीवन स्वयं नै त्यसको जवाफ बन्यो ।

◆◆◆

आईबी राईले उठाएको बोझ अलिक अर्को खालको पनि छ । लम्बाइ र चौडाइमा मात्र फैलिएको पुरानो साहित्यमा पात्रहरू एकदम बेकामका थिए । ती कस्ता भने समाज अर्को छ, समस्या अर्कै छ । तर, कथामा, कवितामा भने नायक बिलकुल फरक छ । एकदम 'आइसोलेटेड' छ । अनि, पढ्दा सधैँ अर्काको कथा पढिरहेजस्तो लाग्ने ।

आधुनिक मान्छे त बुद्धिसहितको छ । विद्रोही छ । परम्परागत मूल्यको विरोध गर्छ । आफ्नो अस्तित्वको, स्वत्वको घोषणा पनि आफैँ

गर्छ। कथामा, कवितामा नायक/नायिका त त्यो पात्र हुनुपर्ने।

आईबी, बैरागी काइँला र वल्लभले आयामेली लेखनमार्फत 'बौद्धिक मान्छेको जन्म एक महान् जन्म' भन्ने घोषणा नै गरेर त्यो बौद्धिक मानिसलाई जीवनको जटिलताविरुद्ध लडाएर नायकत्व दिलाए। अनि मात्र साहित्य हाम्रो युगको जस्तो, हाम्रो मानिस र समाजको जस्तो देखियो। त्यसमा आईबीले लगातारजसो काम गरे। 'जयमाया आफूमात्र लेखापानी आइपुगी', 'रातभरि हुरी चल्यो' भन्ने कथाका पात्रहरू कस्ता छन् भने सबै जटिलताविरुद्ध आफैँ लड्ने खालका छन्। पात्र नै बौद्धिक भएपछि लेखनमा स्वतः बौद्धिकता र गहिराइ अर्थात् तेस्रो आयाम देखिइहाल्यो। आईबीले त्यो गरे। त्यो हेर्दा सामान्य लाग्ने तर साहित्यमा बडो महत्त्वको काम थियो। बैरागी काइँलाको 'मातेको मान्छेको भाषण : मध्यरातको सडकसित' होस् वा 'अस्तित्वको दाबीमा सावातको वैला उत्सव' होस्, ती त्यही अभिप्रायका महान् रचनाहरू हुन्। बोल्न नपाएका पात्रहरू काइँलाका रचनामा मध्यरातमा रक्सी पिएर भाषण गरिहिँड्छन्। जडताविरुद्ध नाच्छन्। त्यसरी आयामेलीले एउटा बोझिल तर ठूलो महत्त्वको काम गरे, जसको प्रभाव आज पनि साहित्यमा सर्वोपरि छ।

साहित्यको जहाज त्यसरी अब नयाँ मोडतिर गयो। त्यो नयाँ जहाजको क्याप्टेन आईबी नै थिए। एउटा ठूलो आँधीमय समुद्रमा ती तीन आयामेली नामक जहाजीहरू दशकौँसम्म यात्रा गरिरहे। सबैभन्दा अप्ठ्यारो कहाँनेर थियो भने विचार मात्रै दिएर केही हुन्नथ्यो। आदि शंकराचार्यहरूले, बुद्धहरूले पनि विचार त अनेक दिए। तर, साहित्यमा त्यसको सिर्जनशील प्रयोग महत्त्वको कुरा थियो। भाग्यवश त्यो जटिल बोझ गद्यमा राईले र कवितामा काइँला र वल्लभले बोके। र, कम्तीमा 'आयाम'को आन्दोलनको समयभरि त्यो साझेदारीले ठूलो काम गऱ्यो। तर, आईबी बोझले थाक्ने मानिस नै थिएनन्। 'आयाम'को प्रतिष्ठाको ब्याज मात्रैले पनि जीवन चम्केकै थियो। तर, उनले लीला अवधारणा अघि सारे र जीवनको उत्तरार्द्धमा एक्लैले अर्को बोझ वरण गरे। कृष्ण धरावासी र साथीहरूले यो पछिल्लो बोझ थेग्न हात-पाखुराको काम गरे। तर, सारा शरीरको बोझ भने आईबीले नै जीवनपर्यन्त बोकी हिँडे।

"आईबी राईको 'एक्टिभिज्म'को सबैलाई लोभ लाग्छ। सामान्य मानिसलाई आफ्नै वरिपरि घुम्दैमा समय कहिल्यै निक्लँदैन/पुग्दैन।"

◆◆◆

आईबी राईको 'एक्टिभिज्म'को सबैलाई लोभ लाग्छ। आफूले पनि उनले गरेजस्तो केही गर्न सकेको भए हुन्थ्यो भन्ने लाग्छ। तर, गर्न सकिन्न। हामी सामान्य मानिसलाई आफ्नै वरिपरि घुम्दैमा समय कहिल्यै निक्लँदैन। पुग्दैन।

'एउटा भरिया : तर अनेक गह्रौँ बोझको अवतार' छ उनको। उनले गरेका कथाको अनेक प्रयोग र त्यसमा लाग्ने समय हेर्दा लाग्छ, यिनले कहिले पढ्ने होलान्। उनले गरेको पूर्वीय र पश्चिमको ज्ञान, विज्ञान, धर्म, साहित्य, चित्रकला, संगीत र दर्शनको अध्ययनको आकाशजस्तो व्यापकता हेर्दा लाग्छ, यिनले कहिले लेख्ने होलान्। यिनले लेखेका कथा, उपन्यास, निबन्ध, समालोचना, अवधारणा, व्याख्या आदिको 'भोल्युम' र तिनको कलात्मक मूल्य र उच्चता हेर्दा लाग्छ, यिनले कहिले नेपाली भाषाका निम्ति काम गर्लान्। तर, *फूल पात पतकर*को प्रकाशन, *दियालो* पत्रिकाको प्रकाशन, नेपाली साहित्य परिषद्को अध्यक्षको जिम्मेवारी, भारतमा नेपाली भाषाको मान्यताका निम्ति गरेको संघर्ष, भानुभक्त पुरस्कारको स्थापना, नर्थ बंगालमा नेपाली भाषा एकेडेमीको स्थापना आदिका लागि गरेका काम हेर्दा लाग्छ, यिनका दर्जनौँ अदृश्य हात छन्, दर्जनौँ खुट्टा, दर्जनौँ मस्तिष्क र दर्जनौँ अवतार छन्।

आईबी नेपाली भाषाका निम्ति भारतमा विशेषदूतसरह छन्। जुन गाम्भीर्य र मोहले, जुन प्रेम, कोमल भाव र सपनाहरूले सजाएर नेपाली भाषामा सिर्जनाहरू उनले दिए, तिनको अरू कसैसँग तुलना छैन। एकपटक मोरारजी देसाई भारतका प्रधानमन्त्री थिए। एउटा भाषणमा फ्याट्ट उनले नेपाली भाषालाई विदेशीको भाषा भनिदिए। त्यसबेलासम्म राई एक जना मात्र प्रतिष्ठित भारतीय साहित्य अकादमीद्वारा पुरस्कृत र सम्मानित नेपालीभाषी साहित्यकार थिए। उनले तुरुन्तै आफ्नो सम्मान र नगद फिर्ता गरिदिए। त्यसले भारतको साहित्यिक, बौद्धिक र राजनीतिक वृत्तमा नेपाली भाषाको पक्षमा ठूलो चाप सिर्जना गऱ्यो। अनेकन भारतीय विश्वविद्यालयबाट पटक-पटक 'हिरो अफ द वर्कसप'को सम्मान पाएका उनले सम्मान नै फिर्ता गरिदिँदा सारा वातावरणमा एउटा तापको, हलचलको सिर्जना भयो। तिनै आन्दोलनहरूको पृष्ठभूमिमा पछि गएर नेपाली भाषाले भारतमा संवैधानिक मान्यता

इन्द्रबहादुर राई

प्राप्त गरेको थियो ।

◆◆◆

नेपाली साहित्यिक वृत्तमा आईबी दाजुले लेखेको भन्दा बोलेका कुराहरूको बढी चर्चा हुन्छ । राईको अभिव्यक्तिमा, भाषामा एउटा कविको उपस्थिति सर्वदा महसुस हुन्छ । छोटो गफगाफ होस् वा घन्टौँ लामो भाषण, हरेक वाक्यमा सौन्दर्य र सिर्जनशीलता दिन सक्ने वक्ता र भाषणबाजहरूमा उनी निःसन्देह अद्वितीय छन् । ठूला मानिसहरू भेट्दा मलाई उति आश्चर्य कहिल्यै लागेन । तर, आईबी दाइसँगको कुनै भेट त्यस्तो छैन, जुन बेला उनको कुनै न कुनै अभिव्यक्तिले चकित भएर म नफर्केको हुँ । उहिले उत्तम कुँवरले *रूपरेखा*का लागि अन्तर्वार्ताका क्रममा उनलाई सोधिदिए, 'साहित्यमा के योगदान दिनुभो ?'

आईबीले भनिदिए, 'यस्तो महानताको प्रश्न जस-तसलाई गर्नुहुँदैन ।'

आफ्नो जन्मकथा सुनाउँदा उनी भन्छन्, "जन्मनुपूर्व म सूर्यको स्वर्ण किरणमा उडिरहेको थिएँ । म ताराहरूतिर पनि जान सक्थेँ । तर, पछि दार्जीलिङको वालासन खोलाको बगरमा म रूखदेखि झरेको ।"

मैले अन्तिम पटक आईबी दाजुलाई नेपाल लिटरेचर फेस्टिभलका बेला भेटेको थिएँ । ललितपुरको होटल हिमालयमा अजित बरालजीले आईबी दाइ, वात्स्यायन दाइ, सरुभक्त, कृष्णभूषण बल, तीर्थ श्रेष्ठ दाइहरू र मलाई सँगै बस्ने वातावरण मिलाइदिनुभएको थियो । आईबी फेस्टिभलका 'कि-नोट स्पिकर' थिए । भोलिपल्ट दिउँसो मैले पनि युवाहरूको सिर्जनशीलतामाथि बोल्नुपर्ने थियो । बिहानको समय । आईबी दाइ होटलको रिसेप्सन डेस्कको अगाडि एउटा सोफामा कफी पिएर केही सोच्दै थिए । मलाई चाहिँ आफूले बोल्नुपर्ने विषयको विशालताले हुस्सुले झैँ चारैतिरबाट छोपिराखेको थियो । बोल्न त बोल्ने तर कहाँबाट सुरु गर्ने र कसरी ?

आईबी दाइले झैँ चाखलाग्दो हुनु कसरी ? मैले दाइलाई फ्याट्ट सोधिदिएँ, 'दाजै, यो युवा हुनु भनेको के रहेछ ?'

बूढाले त उत्तर अघि नै ठिक्क पारेर राखेझैँ गरी अगाडिको एउटा अग्लो स्तम्भ देखाउँदै भनिदिए, 'मनु ! तपाईंको उमेरमा यहाँबाट त्यो खम्बासम्म जान्छु भनेपछि मेरो मन पनि सीधै जान्थ्यो । शरीर पनि सीधै जान्थ्यो । तर, अहिलेको मेरो उमेरमा त्यहाँसम्म जान्छु भन्यो, मनचाहिँ सीधै तीर गएजसरी जान्छ । शरीरचाहिँ घरि यता, घरि उता हल्लिँदै हल्लिँदै मात्र त्यहाँसम्म पुग्छ ।' मलाई उनको भनाइ खुब रमाइलो र काव्यिक लाग्यो । मैले उनकै भनाइबाट सुरु गरेर उनकै सामुन्ने भोलिपल्टको महोत्सवमा आफ्नो भनाइ राखेको थिएँ ।

आईबी दाजु जन्म र जीवनमा पनि सूर्यको स्वर्ण किरणझैँ ओजस्वी भए । अहिले जीवन छाडेर फेरि सूर्यको स्वर्ण किरणमा उड्दै-उड्दै ताराहरूतिर गए । हामी अझै यही धरतीमै छौँ । कठपुतलीको जस्तो जीवन पाएर पनि आफ्नो युगभरि उनी महानायकको अवतारमा बाँचे । 'लिड सिंगर'जस्तो, 'लिड प्लेयर'जस्तो भूमिकामा बाँचे । उनको जीवन सम्झँदै मात्र पनि 'मानिसको जन्म एक महान् जन्म' हो नै जस्तो लागिरहन्छ र हराइसकेको भित्रको इच्छाशक्ति पनि फेरि बौरिँदै, बलियो-बलियो हुँदै आउँछ । ◆

पिटर जे कार्थक

इन्द्रबहादुर राई सरसँग मेरो पहिलो भेट क्लास रुममा भयो । पाँचफुटे गोर्खा । सुट लगाएका तर टाई नलगाएका । आँखा झिमिकझिमिक गरिरहने । सन् १९५६ को कुरा हो यो ।

दार्जीलिङको टर्नबुल हाइस्कुलमा जानुअघि म बस्तीको किसाने ठिटो मात्रै थिएँ । राई सरले मलाई कक्षा ९ र १० मा नेपाली पढाउनुभयो ।

हाम्रै चर्चले चलाएको केटा स्कुलका गुरु पनि नामी-नामी थिए । राई सर त भइहाल्नुभयो । ईश्वरवल्लभ संस्कृत पढाउनुहुन्थ्यो । पछि बल्लभमणि दाहाल आउनुभयो । अम्बर गुरुङ मिडिल लेबलमा पढाउनुहुन्थ्यो । शिक्षक मात्र किन ? त्यहाँका विद्यार्थी पनि पछि गएर नामी नै भए । शरण प्रधान, कर्म योन्जन, रञ्जित गजमेर, अरुण थापा, कुमार सुब्बा आदि ।

राई सर त्यतिबेला *दियालो* पत्रिकाको सम्पादक हुनुहुन्थ्यो । *भारती*पछिको उम्दा पत्रिका । पत्रिकामा आउने कथा उहाँ कक्षाकोठामा पहिल्यै सुनाउनुहुन्थ्यो, 'ल केटा हो ! ग्राबियल रानाको कथा आउँदैछ ।' डा त्रिलोक राईको क्लासिक कथा 'कलेजियन कान्छी' त्यतिबेलाकै हो ।

टेक्स्टबुक त रुखोसुखो नै हुन्छ । टर्नबुल हाइस्कुलमा नेपालबाट गएका तीन जना विद्यार्थी थिए । तर, नेपाल भनेको हामीलाई थाहै थिएन । मातृकाप्रसाद कोइरालाको कविता 'ढुंगाको आत्मकहानी' र विश्वेश्वरप्रसाद कोइरालाको कथा 'पवित्रा' पढ्नुपर्थ्यो पाठ्यक्रममा ।

सन् १९६० तिर कोचिङ क्लासमा राई सरले भन्नुभयो, 'यी दाजुभाइ हुन्, मिल्दै मिल्दैनन् । नेपाली राजनीति गडबड छ । महेन्द्र भन्ने राजा छन्, बीपी भन्ने प्रधानमन्त्री । दुवै कवि हुन् । पोयट्री पनि लेख्ने, पोलिटिक्स पनि गर्ने यो सँगै जाँदैन, मिल्दैन केटा हो ।'

१५ डिसेम्बरमा हिउँदे बिदा भयो । २० डिसेम्बरमा राजा महेन्द्रले 'कू' गरिहाले । बीपी सिंहदरबारबाट एकैचोटि सुन्दरीजलमा ।

त्यो भविष्यवाणी म कहिल्यै भुल्दिनँ ।

राई सरले गीत पनि लेख्नुभएको थियो, 'छोडिदेऊ, छोडिदेऊ... ।' अम्बर सरले हार्मोनियममा गाउनुभएको थियो त्यसलाई । अम्बर सर के भन्नुहुन्थ्यो भने आईबी राई गीत लेख्ने मान्छे नै होइन । त्यो गीत रेकर्ड पनि भएन ।

एक दिन कुरेकुरामा राई सरले भन्नुभयो, 'ए केटा हो, 'नौ लाख तारा... ' भन्ने गीत त उल्टोपाल्टो पो छ त ! शरद लाग्यो वनमा पनि भन्छ, फूलले प्रीति गाँसेछ पनि भन्छ । यो त मिल्दैन नि !'

उहाँलाई भर्जिनिया उल्फको 'स्ट्रिम अफ कन्ससनेस' थाहा नभएको पनि होइन । गुरुसँग मुखमुखै लाग्न मिलेन । तैपनि, मलाई सकसक लागिरह्यो, 'होइन सर गीतमा त सबै कुरा फटाफट बताउनुपर्‍यो नि !' उहाँले मलाई कर्के नजरले हेर्नुभयो । अगमसिंह गिरीले १६ हरफमै नेपाली गाथा लेख्नुभएको थियो । अम्बर सरले रेकर्ड गरिसक्नुभएको थिएन त्यतिबेला ।

'ए कान्छा मलाई सुनको तारा खसाइदेऊ न'लाई लिएर राई सरले भन्नुभएछ, 'यस्तो दुईपैसे गीतले त हाम्रो संगीत उँभो लाग्दैन अम्बर !'

साहित्यका रूपमा राई सरको कुरा ठीकै पनि हो । तर, गीतमा साहित्य मात्रै हुँदैन । साहित्यकारले संगीतकारलाई नबुझेपछि गीत दुई पैसे भइहाल्छ । पप इन्टरटेन्मेन्टका लागि तेस्रो आयामको गीत त पक्कै खोज्दैन श्रोताले ।

सपना कतिपय विपना कतिपय

तस्बिरहरू : कुमार आले

तेस्रो आयामका ईश्वरवल्लभ र बैरागी काइँलासँग इन्द्रबहादुर राई (बीचमा)

राई सरलाई म्युजिकल नोट थाहै रहेनछ। उहाँले भाषाको रूप मात्रै हेर्नुभयो। साहित्यमा तेस्रो आयाम हल्ला गरेर आयो। संगीतमा नयाँ आयाम अम्बर गुरुङले चुपचाप थपिदिनुभयो।

हामी भएको भए राई सरसँग ग्याङ भएर फाइटै गर्थ्यौं। अम्बर गुरुङ, मानवीर सिंह, किशोर सोताङ, कपिलदेव सुब्बा, गगन गुरुङचाहिँ सडकमा फाइट नगर्ने, गीतमै जुहारी खेल्ने। पछि अम्बर सरको आत्मालोचना आयो गीतमै, 'तारा टिप्ने माया छैन, जून झार्ने पिरती छैन, घाम-जून पञ्च राख, सम्हालेर राख... ।' अम्बर सरले आफ्नो पुस्तकमा इन्द्रबहादुर राईले दुईपैसे गीत भनेपछि चेतना आएको चर्चा गर्नुभएको छ।

राई सरका अक्षर छापाका जस्तै थिए। तर, केरमेट-केरमेट भइरहँदा एउटा पाण्डुलिपि रञ्जित गजमेर, शरण प्रधान, मेरा दाजु ललितकुमार तामाङ, मलगायतले सारिदिएका थियौँ। सरले सोध्नुभयो, 'यसको नाम के राखौं केटा हो ?' हामीले भन्यौँ, 'सपना कतिपय, विपना कतिपय।' 'ल म विचार गर्छु' भन्नुभएको थियो। पछि सुनाउनुभयो, 'त्यो टाइटल त लामो भयो रे बनारसको प्रेसलाई। विपना कतिपय मात्र राख्छु ल !'

त्यसरी जन्मेको थियो, *विपना कतिपय*।

रिङ्क र क्यापिटल भन्ने दुइटा सिनेमा घर थिए दार्जीलिङमा। स्कुलको छुट्टीमा यसो हेर्दा आईबी सरलाई देख्यौं। पछिल्तिर नगरपालिकाको हेड अफिस थियो। उहाँसँग भन्टाङभुन्टुङ छोराछोरी रहेछन्। नगरपालिकाले कम्प्लिमेन्ट्री टिकट पाउँथ्यो, फस्ट क्लासको। छोराछोरीलाई राजारानी र मन्त्री चिनाइदिन उहाँ पनि सिनेमा घरमा पस्नु हुँदोरहेछ। १५ मिनेटजति त्यो राजा, त्यो रानी, त्यो मन्त्री भनेर चिनाउनुभयो र अब कथा बुझ्यौ भनेर सोध्नुभयो। अनि, छोराछोरीलाई त्यहीँ बसाएर आफू काममा निस्कनुभयो।

तेस्रो आयामका अभियन्ता राई सर, बैरागी काइँला र ईश्वरवल्लभले त्यतिबेला ज्यादै पिए। कान्छा भए पनि मातेपछि वल्लभ अलि कचेडा गर्थे। राई र लिम्बू दाजुले सम्झाइबुझाइ गर्थे। कान्छा बिते, सबभन्दा पहिले। अब जेठा पनि गए।

राई सर र मबीच सदैव गुरुचेलाको सम्बन्ध रह्यो। टाढैबाट नमस्कार टक्र्याउँथें, बस्। अम्बर गुरुङको आर्ट एकेडेमीमा आउजाउ गर्दा ईश्वरवल्लभ, भूपी शेरचन, शंकर लामिछाने र बैरागी काइँलासँग मेरो परिचय भएको थियो।

सन् १९६५ मा काठमाडौँ आएँ, १९७८ मा यतैको नागरिकता लिएँ। म त जिप्सी मान्छे। युनिभर्सिटीको जागिरमा नागरिकता नलिई धेरै पाइनँ। दार्जीलिङ मेरो मृगतृष्णा थियो। काठमाडौँ आएपछि किन-किन गोरुको पुच्छरको रौँजति पनि सम्बन्ध रहेन।

सन् १९७६ मा म बस्तीमा कागजपत्र मिलाउन गएको थिएँ। चौरस्तामा जम्काभेट भयो, कृष्णचन्द्रसिंह प्रधान र ध्रुवचन्द्र गौतमसँग। उहाँहरूलाई तुङसुङको ओरालैओरालो राई सरको घर लगेँ। नेपालबाट आएको पाहुनापातलाई सिटिङ रुममै एक-डेढ घन्टा पर्खाइदिनुभयो। बाहिर निस्कँदा पनि उहाँको मुड ठीक थिएन।

साझा प्रकाशनको केही रोयल्टी बुझाएर हामी फर्क्यौं। त्यसको १०-१२ दिनपछि मकहाँ आएर भन्नुभयो, 'पिटर ! यो किताब प्रज्ञा-प्रतिष्ठानमा पुऱ्याइदेऊ।' *कथास्था*को बन्डल रहेछ। सूर्यविक्रम ज्ञवाली, लैनसिंह वाङ्देल, सत्यमोहन जोशी, विजयबहादुर मल्ल, कृष्णचन्द्रसिंह प्रधान, रत्नध्वज जोशी आदिलाई दिएँ।

पछि मैले पाटन कलेजमा पढाउने रत्नध्वज सरलाई सोधेँ, 'सर ! किताब पढ्नुभयो ?' उहाँले भन्नुभयो, 'पढेँ नि ! उहाँ त ज्यादै क्लिष्ट

इन्द्रबहादुर राई

हुनुहुँदो रहेछ ।' कृष्णचन्द्रसिंह प्रधानले पनि भन्नुभयो, 'खोइ बुझिएन । कोसिस गरेको त हो, सकिएन ।'

हुन पनि राई बूढाले संस्कृतमा यहाँका पण्डितहरूलाई नै उछिन्नुभएको रहेछ । *नेपाली उपन्यासका आधारहरू*, *सम्पूरक* आदि समालोचनामा जति संस्कृत शब्द हाले पनि केही छैन । आख्यानमा 'भेन्टिलेसन'को ठाउँमा 'वायुद्वार' राख्दा हलुवामा बालुवा भइहाल्छ । भाषा भनेकै जनजिब्रो न हो ।

आज रमिता छ उपन्यास त नेपालीमै अनुवाद गर्नुपर्ने अवस्था छ । उपन्यासमा नेपाली बोली र भाका छैन । त्यसैले *प्रत्येक ठाउँ : प्रत्येक मान्छे*मा म सम्हालिएँ ।

मेरो बुझाइमा दार्जीलिङको मदनमणि दीक्षित इन्द्रबहादुर राई हो, काठमाडौँको इन्द्रबहादुर राईचाहिँ मदनमणि दीक्षित । *माधवी*का दुई हजार संस्कृत शब्दलाई अर्थ्याएर नयाँ संस्करण आउन लागेको सुनेको छु । उहाँ जटिल हुनुको कारण तेस्रो आयामपछि दार्शनिकतातिर ढल्कँदै जानुभयो । उहाँको संस्कृत बुझ्न हामी सक्षम भइसकेका छैनौँ ।

अविस्मरणीय के छ भने मेरो उपन्यास *प्रत्येक ठाउँ, प्रत्येक मान्छे* (०३४, साझा प्रकाशन) इन्द्रबहादुर राई, अम्बर गुरुङ र गोपाल योञ्जनलाई समर्पण गरेको छु । मैले त्यत्तिकै यी त्रिमूर्तिलाई समर्पण गरेको होइन । राई सर मेरा गुरु त हुनुहुन्थ्यो नै, ठूला विद्वान् पनि हुनुहुन्थ्यो । राई सरलाई मैले नेपाली साहित्यका ठूला राक्षस मानेको छु । अम्बर सर र गोपाल योञ्जन पनि विशेष व्यक्ति हुन् ।

मेरो उपन्यासको भूमिकामा शंकर लामिछानेले एउटा कुरा पक्डिनुभयो, दार्जीलिङ लाप्चेको आदिभूमि हो भनेर । सायद त्यसैलाई लामिछानेले बंग्याएको ठान्नुभयो राई सरले । तर, उहाँले लाप्चेको अस्तित्वलाई कुनै सिर्जना र समालोचनामा स्वीकार गर्नुभएन ।

"दार्जीलिङको मदनमणि दीक्षित इन्द्रबहादुर राई हो, काठमाडौँको इन्द्रबहादुर राईचाहिँ मदनमणि दीक्षित ।"

कतिसम्म भने *आज रमिता छ*मा काठमाडौँमा जन्मिएकी सीताको समेत दार्जीलिङ हामीले कमाएको ठाउँ हो भन्ने संवाद छ । नेपाली इतिहास त दुई सय वर्षको मात्रै हो । जनजातिको त्यो पुरानो इतिहासको स्वीकारोक्ति राई सरमा पाइँदैन । बालुवामा महल बनाउन त सकिएला तर त्यो टिकाउ हुन्न । राई सर खालि नेपाली, नेपाली भन्ने । अब त गोर्खाली भइसक्यो । लाप्चे मुठी-मुठी माटोको रोयल्टी पर्खिरहेका छन् ।

पछि राई सरले मलाई समर्पण ग्रहण गरेको पत्र पठाउनुभयो र आफ्नो शिष्यलाई दुख्ने गरी धाप दिनुभयो । *भ्रमर, मुलुकबाहिर, मंगली, आज रमिता छ, मन*पछि दार्जीलिङे नेपाली जीवनलाई लेख्ने कान्छो तर धेरै खाइखाँदो औपन्यासिक कृतिका रूपमा । उपन्यासको पछिल्लो संस्करणमा मैले त्यसलाई समावेश पनि गरेको छु ।

आफ्नै उपन्यासको अनुवाद गरेँ, *एभ्री प्लेस, एभ्री पर्सन* । पठाइदिनू है पठाइदिनू भन्नुभएको थियो । किताब भनेपछि उहाँ मरिमेट्नुहुन्थ्यो । केके गुरुङ भन्ने साथीकहाँ पठाइदिएको थिएँ, तुरुन्तै हाजिर हुनुभएछ । अंग्रेजी संस्करणको प्रतिक्रिया भने मैले पाइनँ ।

सन् १९७७-७८ तिर अम्बर सरको रिहर्सल चलिरहेको थियो काठमाडौँमा । आईबी सर त्यहाँ आउनुभयो । मैले नमस्कार सर भन्दा पनि फर्काउनुभएन । उल्टै झोक्किनुभयो, 'त्यो गुमाने यहाँ आएको थ्यो रे नि त ! त्यो अगमे पनि आएको थ्यो रे !' अगमसिंह गिरी मेरो छिमेकी हुनुहुन्थ्यो, गुमानसिंह चामलिङ मेरी धर्मदिदीको मामा । त्यतिबेलासम्म हाम्रो नेपाल भनेको दार्जीलिङ हो, सिक्किम हो, आसाम, देहरादून, भाक्सु हो भन्ने बुझाइ थियो उहाँको ।

एकपटक 'झ्याल' कथाबारे मञ्जुश्री थापाले मार्टिन चौतारीमा कार्यक्रम राख्नुभएको थियो । विमल निभा, गोविन्द वर्तमान, श्यामल, प्रत्यूष वन्तले साहित्यिक गुन्डागर्दी गरिहाले, किन त्यस्तो नबुझ्ने लेख्नुभयो ? दार्जीलिङमा भएको भए त म ठटाउँथे तिनीहरूलाई । राई सरले भन्नुभयो, 'होइन सजिलै छ त ?' पछि *आज रमिता* छबारे मञ्जुश्रीसँग मेरो घम्साघम्सी नै पऱ्यो ।

राई सरकै नेतृत्वमा सन् १९६१ मा भाषा मान्यता आन्दोलन भयो दार्जीलिङमा । त्यसको परिणाम भारतीय संविधानको आठौँ अनुसूचीमा नेपाली भाषाले मान्यता पनि पायो । त्यतिबेला उहाँका सहयोगी बलिया थिए, तारकबहादुर कार्की, जोनाथन थापा, गुमानसिंह चामलिङ, गणेशलाल सुब्बा, कुमार प्रधान, एडोन रोङगोङ आदि । दिल्लीमा हस्ताक्षर गर्न उहाँ नै जानुभएको थियो ।

गोर्खाल्यान्ड आन्दोलनका क्रममा उहाँका तीनवटा घर जलाइए र तीनवटा खेत सखाप पारिए । राई सर निर्वासित हुनुपऱ्यो सिलिगुडी, मेथीबारीमा । कहिले कोलकाता, कहिले काठमाडौँ गर्नुपऱ्यो । राजनारायण प्रधान पनि काठमाडौँ आउनुभयो । डिस्ट्रिक मजिस्ट्रेट रहिसकेका इन्द्र सुन्दास दार्जीलिङ कहिल्यै फर्किनुभएन ।

नीलो चोली मार्का पप साहित्य लेख्ने सुवास घिसिङको अगुवाइमा 'एन्टी इन्टेलेक्चुअल' भयो दार्जीलिङ । गोर्खाल्यान्डका गुन्डाहरूले ६ इन्च घटाइदिने अर्थात् गर्धन काट्ने धम्की दिए उहाँलाई । जति कष्ट भए पनि राई सरको लेखन निरन्तर चलिरह्यो । त्यतिबेला म पनि सिलिगुडी गएको थिएँ । तर, मेथीबारी नै भुलेछु । खोर्सानीबारी कहाँ छ भनेर सोध्दा नेपालीलाई पनि थाहा छैन, बंगालीलाई पनि थाहा छैन ।

ब्रिटिस पालाको गोल्ड मेडलिस्ट भए पनि राई सरले गाउँको स्कुलमै पढाएर सामान्य गुजारा चलाउनुभयो । पछि तुङसुङको कमिस्नर र नगरपालिकाको उप-प्रमुखसम्म हुनुभयो । कुनै ओहोदामा अतिरिक्त आशक्ति देखाउनु भएन ।

काठमाडौँ आएका बेला एउटा कार्यक्रममा राई सर मसँग एकछिन गफिनुभयो, 'पिटर ! परालको आगोको आकृष्टता काम लाग्छ ? त्यसलाई अर्को तरिकाले किन लेखिएन ? यदि पृथ्वी घुम्छ भने यो वाग्मती त पोखिनुपर्दैन ? सगरमाथा त उत्तानो हुनुपर्ने होइन ?' मज्जाले सुन्दै थिएँ, कमल दीक्षितले राई सरलाई तानिहाल्नुभयो । उहाँको भ्रान्ति र लीला-लेखन भनेको यस्तै हो । उहाँले गुरुत्वाकर्षण नै भुल्नुभएछ ।

त्रिवि उपकुलपति तीर्थराज खनिया राई सरलाई महाविद्यावारिधि दिन दार्जीलिङ नै गएछन् । दार्जीलिङ क्रोनिकल्समा मैले प्रश्न गरेँ, 'बौद्धिक चोरबाट सम्मान लिने ? आईबी सरलाई सुनाएन कसैले ?' हाम्रो हिरोलाई सम्मान गरेकामा रिसाउने भनेर उल्टै साथीहरूले मलाई सम्झाए । आखिर जे भए पनि चोरबाट सम्मान लिनुहुन्छ त ?

राई सरसँग अन्तिम पटक महाकवि देवकोटा शताब्दी महोत्सवमा भेट भएको थियो मेरो, अनमोल क्याटरिङ थापागाउँमा ०६६ तिर । विमल निभाले अन्तर्वार्ता लिइरहेका रहेछन्, मैले धपाइदिएँ । म सरको बडीगार्ड बसेँ । सरले भन्नुभयो, 'अब ता नसकिने रहेछ पिटर । अब आउन सकिन्न । दार्जीलिङबाट सिलिगुडी, सिलिगुडीबाट काठमाडौँ ।' मैले ठट्टा गरेँ, 'म सवारी चलाइदिन्छु नि सर ! हवाईजहाज हुन्छ कि बस ?'

मैले सवारी चलाउनै परेन ।

त्यसको अढाई महिनापछि राई सर फेरि टुप्लुक्क आइराख्या । ◆

(कुराकानी : राजकुमार बानियाँ)

Arogin
HEALTH CARE & RESEARCH CENTRE

World Class
HAIR TRANSPLANTATION

कपाल प्रत्यारोपण : जानकारी

कपाल प्रत्यारोपण एक आफ्नै टाउकोको पछाडिको भाग अथवा दाह्रीबाट कपालको जरा निकालेर अगाडी सार्ने प्रक्रिया हो । रोपिएको कपाल प्राकृतिक रूपले बढ्छ र यो हाम्रो सामान्य कपाल जस्तै प्रकृतिको हुन्छ ।

विश्वमा अहिले ३ वटा प्रबिधिबाट कपाल प्रत्यारोपण गरिन्छ जसमा FUT (Folicular Unit Transplant), FUE (Folicular Unit Extraction) र अहिले आएको र हाम्रो सेन्टरमा हुने IHT (Immediate Hair Transplantation) रहेका छन्।

कपाल प्रत्यारोपण एक सामान्य प्रक्रिया हो र यसमा कुनै अस्पताल भर्ना हुन पर्दैन ।

तालुपनबाट मुक्ति पाउनका लागि यो एक मात्रै उपाय हो ।

Type HAIR & SMS to **9801143423** for **FREE CONSULTATION**

Or call us on **01-44 23 423**

OUR OTHER SERVICES:

- Hair fall control
- Hair transplantation on scar
- Eyebrow transplantation
- PRP therapy for Hair
- Mesotherapy

कसले सम्पर्क गर्ने?

तालु खुइलिएको तर पछाडिको भागमा बाक्लो कपाल भएको पुरुषहरुले अगाडीको भाग एकदमनै पातलो देखिदै गएको महिलाहरुले
- तन्नेरी अवस्थामा नै कपाल पातलो हुदै गएको युवावर्गले
- घाउचोट लागेर अथवा आगोले पोलेर बसेको दागमा
- कपाल रोप्न पर्ने।

बिहान ९:०० बजे देखि बेलुका ६:३० सम्म

For Appointment: **9801143423 / 9801143425**

WE ARE OPEN ON
SATURDAYS
TOO

AROGIN HEALTH CARE & RESEARCH CENTRE PVT. LTD

05, Bishalnagar, Baluwatar, Kathmandu
01 4423423 / 25 / 35
hairclinic@aroginhealthcare.com
www.aroginhealthcare.com

Finance Partner:
NABIL BANK

‘सामाजिक आक्रोशको विम्बका रूपमा म रुचाइएँ’

आधा शताब्दी पार गरेको नेपाली सिनेमाका सबैभन्दा ठूला स्टार हुन्, **राजेश हमाल** । तर, उनको 'स्टारडम' नेपाली सिनेमाको फड्कोका लागि कामयाबी हुन सकेन । फिल्मको 'गुण'भन्दा 'संख्या'लाई उनले सधैँभरि प्राथमिकतामा राखे । यी अनेक सीमाका बीच हमाललाई केही सकारात्मक योगदानका लागि जस पनि जान्छ । नेपाली सिने उद्योगमा उनको प्रवेशसँगै कम्तीमा फिल्म बनाउने लहर छायो । चलचित्र पेसाका रूपमा स्थापित भयो । बजार फराकिलो भयो । खासगरी निम्न र निम्नमध्यम वर्गले हमालका चरित्रमा आफूलाई पायो । सोही वर्गले उनलाई 'सामाजिक आक्रोशको विम्ब'का रूपमा स्वीकाऱ्यो । नेपालको सबैभन्दा चिनिएको अनुहार सम्भवतः उनै हुन् । लगातार तीन दशक एउटै क्षेत्रमा सक्रिय र सफल भएकाले हुनुपर्छ, उनलाई महानायक मान्नेहरूको कमी छैन ।

त्यसो त फिल्म मात्र होइन, बौद्धिक छवि र व्यक्तित्वबाट पनि हमालले मनग्ये प्रशंसक कमाएका छन् । समाज, साहित्य र राजनीतिप्रति उनको गहिरो अभिरूचि छ । प्रायः विवाद र लफडाभन्दा टाढा रहन्छन् । हातमा फिल्म छैनन् तैपनि हमाललाई फुर्सद छैन । फिल्मी यात्राको २८ वर्षपछि यी सुपरस्टार 'ब्रेक'मा छन् । डेढ वर्ष भयो, उनले फिल्म नखेलेको । उनकै शब्दमा 'क्रसरोड'मा छन् । तर, न फिल्मप्रतिको जोस हराएको छ, न त समाजका विविध आयामलाई नजिकबाट नियाल्ने उत्कण्ठामा ह्रास आएको छ । नेपालसँगको दुई घन्टा लामो वार्तालापमा उनले आफ्नै विगतको ऐनामा आफूलाई नियालेर हेरे । समीक्षा र स्वीकारोक्ति सुनाए । आरोह-अवरोह र अन्तर्द्वन्द्वको सम्फना साटे । आफूमाथिका आरोप चिरे । योजना सुनाए अनि सिनेमाको नायकका रूपमा समाजलाई हेर्ने दृष्टिकोण सुनाए ।

हमाललाई **गोकर्ण गौतम** र **बसन्त बस्नेत**का प्रश्नहरू :

आवरणसहित तस्बिर : भास्वर ओझा

शको

तपाईं आफ्नो पढाइ सकेर अभिनयमा आउँदा नेपाली सिनेक्षेत्र उद्योगका रूपमा विकास भइसकेको थिएन । तैपनि, यसैमा करिअर बनाउँछु भन्ने सोच कसरी आयो ?

युवा अवस्थामा अद्भुत आत्मविश्वास हुन्छ । सबैमा नहोला, ममा थियो । यही एउटा तत्त्वले काम गरेको थियो । मेरो चलचित्र यात्रा नितान्त एक्लो यात्रा हो । 'ग्रुपिज्म' गरिनँ । पक्ष/विपक्षमा लागिनँ । कसैलाई च्याप्ने, कसैलाई पाखा पार्ने गरिनँ । पहिलो फिल्म *युगदेखि युगसम्म* खेल्न समस्या भएन । त्यसपछि भावनात्मक संघर्ष धेरै भयो । परिवारको साथ शून्य मात्र होइन, असाध्यै नकारात्मक थियो । *युगदेखि युगसम्म*ले नेपाली फिल्म र मेरो करिअरमा सानोतिनो क्रान्ति नै गऱ्यो तर त्यसको प्रिमियर सोमा एक्लै गएको थिएँ । यही फिल्मका कारण दर्शकले मलाई खुला हृदयले स्वीकारे । धेरै चिट्ठी/गिफ्ट आउँथे, त्यो मायाले जिम्मेवारीबोध गरायो । अहिले फर्केर हेर्दा, करिअर छ भनेर आएको थिइनँ । त्यसबेला एउटै भिनो दूरदर्शिता थियो, रेडियो, टेलिभिजन, पत्रिकाजस्ता मिडिया फैलिरहेका थिए । सिनेमा पनि मिडिया भएकाले कसो विस्तार नहोला भन्ने लाग्थ्यो । मैले फिल्म खेल्न सुरु गर्दा काठमाडौंमा जम्मा पाँचवटा सिनेमा हल थिए । अहिले पाँचवटा पर्दा एउटै हलमा हुन्छन् । हल पनि बढ्ने थोरै आशा थियो ।

यो २८ वर्षमा तपाईंको व्यक्तिगत करिअरको तुलनामा नेपाली फिल्मले अपेक्षाकृत उपलब्धि हासिल नगरेको हो ?

हामीले 'ग्राउन्ड कभर' गरेका छौं । मैले सुरु गर्दा फिल्म पेसा बन्न सक्छ/सक्दैन, अन्योल थियो । पहिलो चलचित्र गरेपछि दोस्रो कहाँबाट आउँछ, थाहा थिएन । भाग्यवश पहिलो फिल्म रिलिज भएको १५-१६ महिनाभित्र १७-१८ घन्टा व्यस्त हुन थालें । त्यतिबेला सीमित क्यामेराम्यान थिए, दुई जना मेकअपम्यान हुन्थे । सबैले मलाई धेरै फिल्म गऱ्यो भन्छन् तर मैले एक्लै काम गरेको होइन । त्यसमा पूरा 'मेकानिज्म' परिचालित हुन्छ । मैले वर्षमा १० वटा फिल्म गर्दा त्यसलाई चाहिने जनशक्ति उत्पादन हुँदै गयो । क्यामेराम्यान, मेकअपम्यान, लाइटम्यान, स्पटब्वाइ थपिए । फिल्म छायांकनका लागि एउटा युनिटमा ४०-४५ जनाको टिम चाहिन्छ । यो त प्राविधिक पक्ष भयो । कलाकार पनि थपिन्थे, म एक्लैले फिल्म खेल्ने होइन । म मात्र होइन, आमाको भूमिका गर्ने शुभद्रा अधिकारी, सुशीला रायमाझी, वसुन्धरा भुसालहरू पनि व्यस्त भए । बुबा बन्ने नीर शाह, टीका पहारीहरू व्यस्त । डान्स, फाइट डाइरेक्टरलाई भ्याइनभ्याइ । त्यसैले मेरो करिअर र चलचित्र क्षेत्र समानान्तर रूपमा विस्तार भयो भन्ने लाग्छ ।

सिनेमामा 'पोएटिक जस्टिस' अढाइ घन्टामा दिइन्छ, जो वास्तविकतामा आजीवन नपाइन पनि सक्छ । ००७ देखि आजसम्म हेर्दा यस्तै देखिन्छ । त्यसैले सिनेमामा झैं वास्तविक जीवनमा नायक हुन्छ/हुनुपर्छ भन्ने सोच्नु अव्यावहारिक हुन्छ ।

तर, पछिसम्मै तपाईं गुणात्मक सिनेमाको सट्टा संख्यामै रमाइरहेको टिप्पणी हुने गर्छ !

नेपाली फिल्म सन् २००० सम्म जुन शैली र रफ्तारमा बनिरहेका थिए, एकदमै राम्रा थिए । समाजको स्वाद र शैली अनुरूप फिल्म बनिरहेका थिए । कसैले मुनाफा कमाउन खोज्थे, कसैले यत्तिका वर्ष काम गरें, अब फिल्म बनाउँछु, तपाईं खेलिदिनुपऱ्यो भन्थे, खेल्नै पऱ्यो । नयाँ निर्देशकलाई म खेलिदिए प्रस्थानबिन्दु राम्रो हुन्छ भन्ने हुन्थ्यो । त्यसैले यसलाई नितान्त व्यावसायिक रूपमा मात्र हेर्न मिल्दैन । बाहिरका मान्छेले हेर्दा राजेश हमालले टन्न फिल्म खेलिरहेको छ, पैसा कमाइरहेको छ भन्ने हुन्थ्यो होला तर त्यहाँभित्रको कथा अर्कै हुन्थ्यो । म आएको ५-६ वर्षपछिसम्म पनि जोसँग पुँजी थियो, त्यही निर्माता हुन्थ्यो । अन्य क्षेत्रबाट पैसा कमाएको मान्छे निर्माता बन्थ्यो । तर, पछि चलचित्रभित्रकै व्यक्तिले आफ्नो खल्तीमा धेरै पैसा नभए पनि फिल्म बनाउने माहोल बन्यो । मेची, कोसी, मध्य नेपाल, पश्चिमबाट मैले फिल्म खेल्ने भनेपछि पहिल्यै पैसा आउँथ्यो । भिडियो हलले पनि मेरा फिल्मलाई धेरै डिमान्ड गर्थे । मलाई लिएकै कारण खल्तीमा पैसा नभए पनि निर्माता हुन्थे । मैले खेलिदिँदा दुई-चार पैसा कमाइ हुन्थ्यो । यो भावनात्मक पक्षलाई बेवास्ता गर्न मिल्दैन ।

नयाँ शताब्दी सुरु भएसँगै प्रविधि नयाँ भित्रिए, अन्तर्राष्ट्रिय क्षेत्रमा खिच्ने, प्रस्तुत गर्ने तरिका सिनेम्याटिक रूपमा फरक हुँदै गयो । भारतले पनि परिवर्तन गर्दै लग्यो । सन् '९० को दशकसम्म हेर्नुहुन्छ भने भारत र हाम्रा सिनेमा शैलीमा खास भिन्नता छैन । हामी पनि बगैंचामा नाच्थ्यौं, उनीहरू पनि बगैंचामै नाच्थे । उनीहरूका तीन सय कोरस हुन्थे भने हाम्रा ३० जना । फरक यत्ति हो, 'ग्रामर' उस्तै । तर, सन् २००० पछि उनीहरूको प्रस्तुतीकरणमा फरक आउँदै गयो । त्यतिबेलै परिवर्तन गर्नुपर्नेमा हामीचाहिँ उही पुरानै शैलीमा खिच्दै गयौं ।

हो, त्यो परिवर्तन गर्ने दायित्वबाट तपाईं चुक्नुभएको होइन ? किनभने, तपाईंसँग अध्ययन-अनुभव थियो । तपाईंलाई विश्वास गर्ने निर्माता/निर्देशक पनि थिए !

फिल्म निर्माण 'टिम वर्क' हो । टिम नै तयार छैन भने एक

जनाले मात्रै धेरै कुरा गर्न खोज्यो भने प्रत्युत्पादक हुन सक्छ। लहरसँगै बगेर स्वत:स्फूर्त रूपमा परिवर्तन गर्नु जरुरी छ। जुन एउटा बिन्दुमा मेरा तर्फबाट नभए पनि अर्कोतर्फबाट भयो। समयले माग गरेपछि परिवर्तन हुन्छ, हुन्छ। हो, हामीले पुरानोलाई नै पछ्याइरहेका थियौं। तर, एउटा गति थियो, ठप्प भएको थिएन। जबसम्म फिल्म बनिरहन्छ, नयाँ मोड आइहाल्छ।

त्यतिबेला नयाँ ढंगले सोचेको भए पछिल्लो डेढ दशकमा फड्को मार्न सकिन्थ्यो भन्ने लाग्छ ?

लाग्छ, त्यस बेलामा फिल्ममेकरले सोच्नुपर्थ्यो।

अभिनेता फिल्मको एउटा भाग मात्र हो तर कति अभिनेतामा सिंगो फिल्म र निर्मातालाई बाटो देखाउने क्षमता र छवि हुन्छ। विदेशमा यस्ता धेरै उदाहरण छन्। निर्माताको शैली/सोच बदल्ने दायित्वबाट आफू विमुख भएजस्तो लाग्दैन ?

इमानदारी साथ भन्छु, त्यो बेलाका निर्देशक तयार थिएनन्। सिनेमा निर्देशकीय माध्यम नै हो। निर्देशकको भिजनले फिल्मलाई उचाइ दिलाउने हो। तर, हामीकहाँ सिनेमालाई गहिरो रूपमा बुझेका र विषयवस्तुलाई उठान गरेर सिनेम्याटिक हिसाबले व्यक्त गर्न सक्ने निर्देशक छैनन्। हिजो पनि यस्तै भन्थेँ, आज पनि यही भन्छु।

निर्देशकहरू बजारसँग डराए, हो ?

म बजारलाई दोष दिन्नँ। आजको जमानामा बजार र लगानी एक-आपसमा अन्तर्सम्बन्धित हुन्छन्। सिनेमा भनेको घर बनाएजस्तै हो। ३० लाखमा पनि बनाउन सक्नुहुन्छ, ३० करोड पनि लाग्न सक्छ। अब्बल आर्किटेक्चर, गुणस्तरीय सामग्री छ भने ३० लाखको घर पनि चिटिक्क हुन्छ। चलचित्र पनि त्यस्तै हो।

तपाईंमा भएजति क्षमता निर्देशकहरूले सदुपयोग गर्न सकेनन् भन्न खोज्नुभएको ?

यो २८ वर्षमा तीन सयभन्दा बढी चलचित्रमा काम गरेँ। तर, मभित्रको कलाकारिता तृप्त छैन। अझै अतृप्त छु। अब आफैं बुझ्नूस्। हामी विशुद्ध 'आर्ट जनरा'को फिल्म बनाइरहेका थिएनौं। मनोरञ्जनात्मक र 'लार्जर देन लाइफ' फिल्म बनायौं। विदेशी साथीले 'तिम्रा फिल्म हेरौं' भने भने उनीहरूका चाहना पूरा हुने फिल्म छैनन्। यो अभाव मलाई पनि खट्किन्छ।

त्यसो भए अरूले बनाएनन्, म आफैं प्रयत्न गरौं भन्ने लागेन ?

अबचाहिँ लागिरहेको छ।

तर, तपाईंले निर्देशन गर्छु भनेकै एक दशक बित्यो होइन ?

त्यति त भएको छैन होला (हाँस्दै)। खासमा निर्देशन गर्नुलाई सजिलो रूपमा हेर्दिनँ। एउटा फिल्म निर्देशन गरेर 'ट्राइ' गरौं भन्ने मनस्थितिबाट गुज्रन चाहन्नँ। निर्देशन गरेपछि अहिले गरिआएको कामभन्दा भिन्नै होस् भन्ने लाग्छ। विषयवस्तु पनि त्यस्तै चयन गर्नुपर्‍यो। 'फियर फ्याक्टर' छ नै।

'सोलिड ब्रेक' लिऊँ भन्ने त छैन ?

छैन।

हाम्रा सिनेमाले नेपाली समाजभित्रको अन्तरविरोध, प्रवृत्तिलाई कत्तिको देखाउन सकेका छन् ?

सिनेमा विभिन्न कारणले बन्छन्। सुरुआतबाटै हामीले मनोरञ्जनलाई प्रधान मान्यौं। विशुद्ध सामाजिक विषयवस्तु देखाएर फिल्म बनाउँदा दर्शकको रुचि त्यति हुँदैन भन्ने लाग्यो। तर पनि सुरुआतका केही चलचित्रमा सामाजिक मुद्दालाई थोर-बहुत छोयौं। मेरो लोकप्रियता हुनुको कारण पनि, मैले नेपाली समाजको उपेक्षित पक्षलाई प्रतिनिधित्व गरेँ। आमनेपालीले मेरो पात्रमा कहीं न कहीं आफ्नो भावना, चाहना र जीवनशैली पाए। चलचित्रको काम आफ्नो कालखण्डको सामाजिक मनोविज्ञान, स्वाद र दृष्टिकोण प्रतिविम्बित गर्ने न हो। एउटा कालखण्डमा बनाएको चलचित्रले अर्को कालखण्डलाई प्रतिविम्बित नगर्न सक्छ। संगीत, साहित्य, पेन्टिङजस्ता अन्य कलाको हकमा पनि यही। चलचित्र या अन्य कुनै कला अनन्तकालसम्म टिक्न सम्भव नै छैन।

नायकको कुरा गरौं। के-कस्ता तत्त्वहरू मिलेपछि 'नायक' बन्दो रहेछ ?

एउटा नेतृत्वदायी भूमिका निर्वाह गर्ने व्यक्ति हुनुपर्‍यो। त्यो चलचित्र मात्र होइन, कुनै परियोजना वा आन्दोलन पनि हुन सक्छ। चलचित्रमा जुन नायक हुन्छ, त्यसले सम्पूर्ण कथालाई गति दिइरहेको हुन्छ। त्यहाँ खट्केका कुराहरू सुल्झाउँछ। विकृति, विसंगतिविरुद्ध लडेको हुन्छ। नराम्रा पक्षलाई उजागर गरेको हुन्छ। ऊ खराब व्यक्ति भए पनि त्यहाँबाट निस्केर असल व्यक्ति हुन सक्छ। यसका लागि विभिन्न उदाहरणीय मानवीय पक्षहरू देखाइएको हुन्छ। यसैलाई नायक भनिएला।

वास्तविक जीवनमा त्यस्ता नायकको अपेक्षा कत्तिको गर्नुहुन्छ ?

सिनेमालाई विम्बात्मक रूपमा मात्र हेर्नुपर्छ। सिनेमाको काम अभिप्रेरणा जगाउने हो। नयाँ सोचाइको रोपाइँ गर्ने हो। पिकासोले भनेका छन्, 'आर्ट इज अ लाई।' (कला झुटो हो।) जुन सत्य हो। सिनेमा वा कुनै कलामा देखाएका कुरा आधारभूत रूपमा झुटा हुन् तर यस्तो झुटलाई हेर्नले झुटमार्फत आफ्नो सत्यता पत्ता लगाउन मद्दत गर्छ। एउटा भ्रम हुँदाहुँदै पनि कलाको शक्ति त्यही हो। सिनेमामा 'पोएटिक जस्टिस' अढाइ घन्टामा दिइन्छ, जो वास्तविकतामा आजीवन नपाइन पनि सक्छ। ००७ देखि आजसम्म हेर्दा यस्तै देखिन्छ। त्यसैले सिनेमामा झैं वास्तविक जीवनमा नायक हुन्छ/हुनुपर्छ भन्ने सोच्नु अव्यावहारिक हुन्छ।

तपाईंलाई 'महानायक' भनिन्छ। आफू यसका लागि उपयुक्त पात्र हुँ भन्ने लाग्छ ?

यसका लागि असाध्यै मिहिन रूपमा नेपाली चलचित्रको इतिहास बुझ्नु जरुरी छ। थाहा छैन, कतिले प्रयास गरेका छन्। यदि नेपाली चलचित्रको इतिहासबाट राजेश हमाललाई निकालिदिनुभयो, त्यसको गति, व्यावसायिकता, नेपाली जनसमुदायले नेपाली भाषाको चलचित्र ग्रहण गर्ने मनोविज्ञान के हुन्थ्यो ? आफैं सोच्नुस्। योग्य छु/छैन, कस्तो चलचित्र गरेँ भन्दा यसरी मूल्यांकन गर्नुभयो भने उत्तर पाइन्छ। हेर्नुस्, आइन्स्टाइन, गान्धी, नेल्सन मण्डेलादेखि मार्टिन लुथर किङजस्ता महान् व्यक्तिले अनन्तकालसम्म भयंकर परिवर्तन गर्ने होइन। हरेक यस्ता व्यक्तिले आफ्नो अवधिमा सोच र प्रभाव छाड्ने हो। त्यसले अगाडि बढ्ने आधार र बाटो पाउँछ। तर, कसैले आफ्नो जीवनकालमा अनन्तकालसम्म लागि तार्किक निष्कर्ष दिन सक्दैन। यो त रिले दौड हो। उहाँहरूको तुलनामा म त धेरै सानो मान्छे। त्यसैले कुन परिस्थितिमा सुरुआत गरेँ, कस्ता अन्योल चिर्दै आएँ। कसरी आफ्नो बाटो आफैं खन्दै आएँ ? यो कोणबाट पनि हेर्नुपर्ला।

तत्कालीन परिवेशबाट अलि धेरै थिचिनुभएको हो ?

हामी चलन नै परिवेश अनुसार हो। म बनिबनाउ क्षेत्रमा आएको होइन। भारतको फिल्म उद्योग संसारमा दोस्रो थियो। त्यही हेरेर हुर्केको पुस्तालाई नेपाली भाषामा फिल्म हेर्न बानी गराउनै मुस्किल थियो। 'मैं तुम्हे प्यार करता हुँ' सुन्दै आएकालाई 'म तिमीलाई माया गर्छु' भनेर सुन्दा त अनौठो लाग्थ्यो। पहिले डायलग भन्नासाथ हिन्दी फिल्मको हुन्थ्यो। तर, पछि 'साथीका लागि यो हात सलाम, दुस्मनका लागि यो हात फलाम' भनेर मुखमा झुन्डियो। यस्ता दृष्टान्तलाई नजरअन्दाज गर्न मिल्दैन।

युवामा आक्रोश छ। चाहेको कुरा भन्न र गर्न नसकेको अवस्था छ। गुम्सिएको भावना थियो। प्रणाली र थिचोमिचोका विरुद्धमा थिए। मेरो पात्रले त्यसकै आवाज उठायो।

तपाईंको मोडलिङ मुम्बईबाट सुरु भएको थियो। उतै बलिउडको महासागरमा पौडिन मन लागेन ?

त्यस्तो मन भएन। म यहाँ असफल भएको भए, उता प्रयास गर्थें होला कि ! तर, मेरो रफ्तार कस्तो रह्यो, अघि भनिहालेँ। यताउता हेर्ने समय नै भएन। यहाँ *युगदेखि युगसम्म* रिलिज भइरहँदा *गोपीकृष्ण* सुटिङ गर्न मुम्बई गएको थिएँ। फर्किएर भैरहवा आइपुग्यौं, युवाको भीड लागेको रहेछ। मलाई उचालेर काँधमा राखे। जबकि, त्यतिबेला मसँगै आएका सिनियर कलाकारलाई त्यति वास्ता थिएन। मेरो लोकप्रियता देखेर उनीहरू छक्क। १० वर्षसम्म निरन्तर १६-१८ घन्टा काम गरेँ। न शनिबार, न त अरू बिदा। खालि काम। त्यसैले बलिउडका बारेमा सोच्ने फुर्सद नै पाइएन।

त्यतिविघ्न काम गर्दा पट्यार लाग्दैनथ्यो ?

अहिले सोच्दा अचम्म लाग्छ। एकैपटक तीन-चार सेड्युलमा काम भइरहेको हुन्थ्यो। दसैंमा पनि जम्मा एक दिन विश्राम लिन्थैं। तर, कहिल्यै पट्यार लागेन।

यस्तो बेला कुनै भूमिका पाइसकेपछि कुन प्रक्रियाबाट काम गर्नुहुन्थ्यो ?

यहाँ मात्र होइन, छिमेकी मुलुकमा पनि काम गर्ने प्रक्रिया उस्तै थियो। कलाकार भएपछि धेरै भूमिका एकसाथ गर्न तयार हुनैपर्छ। हरेक पात्रलाई न्याय दिनु कलाकारको जिम्मेवारी हो।

यसरी काम गर्दा चरित्र जीवन्त होइन, सतही हुन्थ्यो होला नि ?

अरू के गर्छन्, थाहा छैन। मचाहिँ 'सेन्स अफ इम्पेथी' (समानुभूति) बाट काम गर्छु। कलाकारको सबैभन्दा ठूलो औजार भनेको अरूको जीवन, दृष्टिकोण हेर्ने क्षमता हो। १० दिन भोकाएको मान्छेको भूमिका गर्न १० दिनै भोकाउनुपर्छ भन्ने लाग्दैन। मलाई 'मेथड एक्टिङ'मा विश्वास छैन, ग्रहणशीलता भए पुग्छ। मैले नेपालका हरेक समुदाय, जात, भरिया, गोठाला सबै भूमिका गरेको छु। त्यसका लागि मैले त्यो जीवन जिउनैपर्छ भन्ने छैन। मेरो चरित्रमा मान्छेहरू आफ्नो प्रतिबिम्ब कसरी देख्थे भन्ने दुई घटना सुनाउँछु। पहिलो, एकपटक चितवन गएको थिएँ, फिल्मको सोमा। मेरो गाडी वरपर मान्छेको भीड थियो, निस्कन सकिरहेको थिइनँ। त्यहीँबेला एउटा नाम्लो बोकेको मान्छे भीड छिचोल्दै गाडी नजिक आएर मेरो हात समाउँदै भन्नुभयो, 'तिमी पनि हामीजस्तै मान्छे रहेछौ।' किनभने, उहाँले मेरो *भरिया* फिल्म हेर्नुभएको रहेछ। दोस्रो घटना, सुटिङबाट फर्किंदा राती ठमेलका सडक बालबालिकालाई गाडीमा राखेर आइसक्रिम खुवाउँथैं, सहर घुमाउँथैं अनि त्यही ठाउँमा लगेर छाडिदिन्थैं। एकचोटि एउटा फुच्चेले भन्यो, 'तिमीहरूलाई थाहा छ, राजेश दाइले हामीलाई किन यस्तो माया गर्नुहुन्छ ?' अर्कोले 'थाहा छैन' भन्यो। त्यही केटाले फेरि भन्यो, 'उहाँ पनि खाते हो नि !' यी दुई क्षण मेरा लागि सबैभन्दा ठूला अवार्ड हुन्। चरित्र जीवन्त नभएको भए यो कसरी सम्भव भयो ?

तपाईंको जस्तो 'स्टार पावर'लाई कतिपय विदेशी कलाकारले बृहत्तर उद्देश्यका लागि प्रयोग गर्ने गरेको देखिन्छ। तपाईंलाई पनि यस्तो गरौं भन्ने लाग्दैन ?

सामाजिक सेवा भनेर एकदमै संगठित हिसाबले गरेको छैन। व्यक्तिगत तवरबाट केही गरिरहेकै छु। पन्छिएर बसेको छैन।

फाउन्डेसन खोल्ने कुरा थियो नि ?

फाउन्डेसनबाट काम गर्नु विशुद्ध स्वार्थरहित होइन। त्यसका आफ्नै नियम-कानुन हुन्छन्। अरूका होइनन्, आफ्नै स्वार्थ जोडिन्छन्। फाउन्डेसन भनेको अन्तिममा अरूको पैसाको प्रयोग हो, आफू प्रशासक वा संयोजकजस्तो भइन्छ। कुनै सामाजिक क्षेत्रमा काम गरौं भन्ने छ। तर, फाउन्डेसनप्रति आकर्षित छैन। अरूको पैसाबाट सञ्चालन गर्दा अति नै जिम्मेवार हुनुपर्छ, स्वतन्त्र भइन्न। सुनियोजित हिसाबबाट प्रचार गरेर सामाजिक सेवामा

तस्बिर : महेश प्रधान

प्रचारकै कुरा गर्दा, हिजोआज प्रचारप्रतिको भोक कत्तिको हुन्छ ?

मेरो करिअरलाई नियाल्दा थाहा हुन्छ, राम्रो कामका लागि कहिल्यै मिडिया प्रयोग गरिनँ। नराम्रो कामका लागि त गर्नैपर्दैन, आइहाल्छ।

मिडियाले नकारात्मकतालाई बढावा दिन्छन् भन्ने तपाईंको बुझाइ हो ?

त्यस्तो होइन । तर, मिडियालाई मैले प्रचारका लागि प्रयोग नगरेकाले न मेरा लागि सकारात्मक भयो, न नकारात्मक। व्यावसायिक सम्बन्ध मात्र रह्यो ।

कतिपय कलाकार राजनीतितिर आउने चाह राख्छन्। तपाईंलाई पनि त्यस्तो आकांक्षा छ कि ?

हरेक व्यक्ति परिपक्व भएपछि आफ्नो फिल्डमा मात्र सीमित हुन्न । समाजका हरेक क्षेत्रमा चासो राख्नुपर्छ भन्ने जिम्मेवारीबोध हुन्छ, जुन ममा छ। म राजनीतिमा असाध्यै चासो राख्छु। राजनीति गतिशील छैन भने सबैतिर बाधा देखापर्छ। त्यस्तै, हिजो मैले निर्वाह गरेका थिचोमिचोमा परेका चरित्रका वास्तविकताले पनि प्रभाव पार्छ।

कहिलेकाहीँ राजनीतिक मैदानमा ओर्लिएर आफ्नो भूमिका देखाऊँजस्तो लाग्दैन ?

राजनीति सिनेमाको पात्रजस्तो अतिरञ्जित हिसाबले हुन्न। मलाई लाग्छ, राजनीति त्यही व्यक्तिले गर्नुपर्छ, जसले आफ्नो जीवनको पहिलो खुड्किला राजनीतिमा राखेको हुन्छ । अहिले सामाजिक सञ्जालमा विभिन्न क्षेत्रमा नाम कमाएका आदर्श व्यक्तिलाई राखेर मन्त्रिमण्डल बनाइएको हुन्छ। त्यो निराशा र आक्रोशको अभिव्यक्ति हो।

पछिल्ला दिनमा वामपन्थीहरूसँग नजिक हुनुभयो भन्छन् !

मेरो चाहना राजनीति राम्रोसँग चलोस्, स्थिरता कायम होस्, राम्रो व्यक्ति नेतृत्वमा पुगोस् भन्ने हो । मै जानुपर्छ भन्ने होइन । बाहिरबाट भन्दा अहिले भएकै मध्येबाट कसले राम्रो काम गर्न सक्छ, छान्नुपर्छ। यदि कुनै पक्षले राम्रो गरिरहेको छ, भू-राजनीति र आन्तरिक राजनीतिप्रति सकारात्मक सोच लिएको छ भने उत्प्रेरित गर्नुपर्छ। मलाई सोध्नुहुन्छ भने म कम्युनिस्ट होइन, विशुद्ध डेमोक्र्याटिक मान्छे हुँ । राम्रो/नराम्रो जे भए पनि प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै हो ।

चुनाव नतिजालगत्तै केपी ओलीसँग भेट्नुभएको थियो, के कुरा भयो ?

जुन जनमत पाउनुभएको छ, त्यसलाई राष्ट्रको हितमा लगाउनूस् भनेँ।

उहाँले पार्टीमा काम गर्न आग्रह गर्नुभएन ?

त्यस्तो भएन।

अरू पार्टीबाट ?

चुनावताका प्रस्ताव आएका थिए। कांग्रेसदेखि नयाँ शक्तिसम्मका विभिन्न पार्टीका प्रतिनिधिसँग भेटघाट र छलफल भए।

फेरि फिल्ममै फर्किऔँ, तपाईंले फिल्म नखेलेको डेढ वर्ष भयो । प्रायः अभिनेताको फिल्म नखेल्ने/नपाउनेबित्तिकै व्यस्तता स्वाट्टै घट्छ तर तपाईंलाई ब्रान्ड प्रमोसनदेखि स्टेज सोसम्म भ्याइनभ्याइ छ। यसले तपाईंको अभिनेताभन्दा व्यक्तित्व माथि रहेको देखाउँछ, होइन ?

व्यक्तित्व निर्माणमा मेरो पेसाको धेरै हदसम्म भूमिका छ । मेरो पढाइ र अन्य पक्ष सुनमा सुगन्ध भयो होला । तर, त्यो सबै देखाउने 'प्लेटफर्म' कलाकारिता नै हो । समयको आफ्नै गति र शैली हुन्छ । अहिलेको मेरो फेज स्वाभाविक प्रक्रिया हो । अन्य पेसामा भएको भए त 'रिटायर्ड' भइसक्थेँ होला । यो अकस्मात् आएको झट्का वा निराशा होइन । हरेकको जीवनमा क्रसरोड आउँछ, त्यस्तो बेला कता जाने, निर्णय गर्नुपर्छ। जिन्दगी नै त्यही हो । म त्यही क्रसरोडमा छु ।

सिनेमा निर्माण शैलीमा आएको परिवर्तनले तपाईंलाई पाखा पारेको हो कि ?

समय अनुसार मनोविज्ञान अलग-अलग हुन्छ । आजको सिनेमा फरक छ । हिजो किन यस्तै सिनेमा बनेनन् भन्नु मूर्खता हो । त्यसबेला हामीले त्यही समय र समाज अनुसारका फिल्म बनाएका हौं ।

पात्रका रूपमा तपाईंले माया गर्ने, हँसाउने, रुवाउने, रिसाउने अनेक चरित्र निर्वाह गर्नुभयो । तर, त्यो व्यक्तित्वबाट रिस र आक्रोशको पक्षलाई अलि बढी रुचाइएको देखिन्छ । तपाईंमाथि बन्ने ट्रोलमा त्यस्तै देखिन्छ । यसबाट नेपाली समाजमा रिस र आक्रोश बढी रहेछ भनी बुझ्न मिल्छ ?

हो, विशेषगरी युवामा आक्रोश छ । चाहेको कुरा भन्न र गर्न नसकेको अवस्था छ । गुम्सिएको भावना थियो । प्रणाली र थिचोमिचोका विरुद्धमा थिए । मेरो पात्रले त्यसकै आवाज उठायो । त्यही आक्रोशको बिम्बका रूपमा मलाई रुचाइयो । मैले जमिनदारको अगाडि गएर 'हे...' भन्दा पनि धेरै नै प्रभाव पार्थ्यो युवामा । उनीहरूले त्यसमै शक्ति देख्थे ।

नेपाली डायस्पोरामा तपाईंका फिल्म चल्दै-चलेनन् भन्दा हुन्छ । तर, त्यहाँ हुने 'स्टेज सो'मा तपाईंको बढी डिमान्ड हुन्छ । फिल्म नचल्ने, व्यक्ति हिट हुने । कस्तो विरोधाभास है ?

कलाकार दुई किसिमका हुन्छन् । एउटा, आँखाले ग्रहण गर्ने । अर्को, मनले महसुस गर्ने । आँखाले ग्रहण गरेकाहरू आँखाअगाडि भइन्जेल मात्र याद हुन्छ । तर, एकपटक दर्शकको मनमा बसेको कलाकार आँखाबाट टाढा भए पनि मनमा भइरहन्छ । त्यस अर्थमा म आफूलाई भाग्यमानी ठान्छु ।

नायक शक्तिशाली देखिन्छन् तर नायिका किन त्यति शक्तिशाली नदेखिएका ?

यसमा केही सत्यता छ तर शतप्रतिशत होइन । मैले सुरुआतबाटै खेलेका फिल्म *भाउजु, देउकी, माइली, वसन्ती, छोरीबुहारी* नारीप्रधान हुन् । त्यतिबेला ममा 'हिरोइज्म' हुँदा पनि महिलाप्रधान फिल्म खेलें ।

तर, ती फिल्ममा पनि सम्झिने त तपाईंको नायक भूमिकालाई नै हो ?

मलाई सम्झिए पनि कथावस्तु महिलाको निस्कियो नि ! म थिइनँ भने महिलालाई मात्र राखेर यसले आकर्षित गर्दैनथ्यो होला ।

संघर्षशील हुन नसक्ने, सम्झौता गर्ने महिला तर तिनका उद्धारकचाहिँ पुरुष पात्र ?

यसमा आंशिक सत्यता छ । चलचित्रले समाजलाई देखाउने हो । समाजमा पनि नारीको भूमिका उत्तिकै छ । हामीले कल्पनामा 'सुपर वुमन' बनाउने हो भने अलग्गै कुरा । पश्चिमा फिल्म उद्योगमा पनि धेरै 'सुपरम्यान' बनेपछि बल्ल एउटा 'सुपरवुमन' बनाइएको छ ।

अहिले तपाईंलाई फिल्म खेल्न प्रस्ताव नआएको कि नखेलेको ?

यो १५ महिनामा कम्तीमा नौवटा फिल्म अस्वीकार गरें । यसको कारण छ, पछिल्ला दुई चलचित्र *वाग्मती* र *शकुन्तला*बाट असाध्यै निराश भएँ । *वाग्मती* कथा र टिम अनुसार फिल्म बनेन, बिग्रियो । तर, फिल्म चलाउने पूरै जिम्मेवारी मेरो काँधमा राखियो । आफ्नो कमजोर प्रोडक्ट बेच्न मेरो प्रयोग गरियो । कलाकारका रूपमा मलाई बेफाइदा भयो । *शकुन्तला*मा पनि चुनौतीपूर्ण भूमिका थियो । सुरुमा राम्रैसँग बनाउने अठोट गरे उनीहरूले । तर, सुटिङको दोस्रो दिनमै मलाई थाहा भयो, फिल्म राम्रो बन्दैन । त्यतिबेला छाड्न मिलेन । हो, यसपछि मैले खेल्नकै लागि मात्र फिल्म नखेल्ने निधो गरें ।

यो त धेरै ढिला भएन र ?

हरेक कुराको समय हुन्छ । ढिला भएको छैन । पहिले करिब उही 'फर्म्याट'मा फिल्म बन्थे । अहिले त निर्देशक अनुसार विषयवस्तु, प्रस्तुति अलग हुन्छ । अहिले कुनै टिम मन पर्दैन, कुनै पात्र । *वाग्मती* र *शकुन्तला*बाहेक अन्य फिल्मसँग कत्ति पनि पश्चात्ताप छैन ।

पत्नी मधुसँग हमाल

'महानायक'को मान राख्ने कुनै पाँच सिनेमा ?

मान्छेहरू सोच्छन्, मेरा फिल्म उस्तै-उस्तै छन् । तर, जुन परिधि र परिवेशमा फिल्म बनाइन्थ्यो, कलाकारका रूपमा मैले जस्तो विविधता सायदै कुनै कलाकारले दिन सक्छ । त्यसका लागि पहिले मेरा चलचित्रहरू हेर्नूस्, अध्ययन गर्नूस् अनि मूल्यांकन गर्नूस् । तपाईंलाई बताउँछु, पहिलो फिल्म *युगदेखि युगसम्म*मा लभरब्वाइ बनें । *अधिकार*मा प्रहरी अधिकृत, *कसम*मा सहरको आवारा केटा, *गोपीकृष्ण*मा दोहोरो भूमिका थियो । *भाउजू* र *देउकी*जस्ता नारीप्रधान फिल्म खेलें । विद्रोही र क्रान्तिकारी चलचित्रमा काम गरें । *देउता, चट्याङ*जस्ता चलचित्र आए । एक्सन गर्दागर्दै संघर्षशील कविको भूमिकामा *जीवन संघर्ष* खेलें, त्यसमा फाइट नै थियो । ऐतिहासिक चलचित्र *वसन्ती* गरें । फिल्मवृत्तमा निराशा छाएका बेला *हामी तीन भाइ*जस्तो हिट फिल्म खेलें । अझै कत्ति भन्नू ?

फेरि उही प्रश्न उठ्छ, जे भूमिका खेले पनि सारमा राजेश हमालको व्यक्तित्व नै हाबी हुन्थ्यो । चरित्रलाई स्टारडमले थिच्नु गर्व गर्नलायक उपलब्धि हो र ?

आजको चस्माबाट तपाईंले जसरी सिनेमालाई हेर्नुहुन्छ, २० वर्षअगाडि अलग थियो । त्यसबेला नायकबाट कहीं न कहीं नायकत्व देखियोस् भन्ने अपेक्षा राखिन्थ्यो । भरिया, कान्छा, पाखे जेहोस्, 'हिरोइज्म' हुनुपर्थ्यो । मैले भरियाको भूमिका गरेर विशुद्ध भरियाजस्तो काम गरेको भए स्वयं भरियाले रुचाउँदैनथे । किनभने, विशुद्ध भरिया त उनीहरू आफैं छन् । उनीहरू भरियाले मनको भावना, आवेगलाई व्यक्त गरिदियोस् भन्ने चाहन्थे । मालिकले शोषण गर्दा थर्कायो भने मात्र वास्तविक भरियाले रुचाउँछन्, आनन्द मान्छन् । चुप लागेर 'हस् हजुर' भन्यो भने उनीहरूकै निराशा झल्किन्छ । त्यहाँ आशा खोइ त ? 'हिरोइज्म' पछ्याइनु भनेको आशा छर्नु हो ।

तपाई आफैंचाहिँ फिल्मी यात्रामा कहिल्यै निराशामा फस्नुभयो ?

मेरै करिअरकै लागि निराश भइनँ । तर, फिल्म मेकिङको शैलीसँग

असन्तुष्ट भएँ, सन् २००० तिर । 'मनोटोनस' भइरहेको थियो, परिवर्तन गर्ने समय आएको थियो तर त्यस्तो भएन ।

तपाईंले भनिरहनुभएको समयको सेरोफेरोमा दरबार हत्याकाण्ड भयो, सशस्त्र द्वन्द्व उत्कर्षमा पुगेको थियो । फिल्मसँगै हरेक उद्योग डामाडोल भइरहेका थिए । त्यसको अप्रत्यक्ष पीडा थियो कि ?

फिल्मका लागि ०५६ देखि ०५८ लाई हामी सुनौलो समय भन्छौँ । त्यतिबेला हरेक फिल्मले नाफा कमाउँथे । तर, त्यसपछि माओवादी युद्ध चर्कियो । डर पैदा भयो । मान्छेले रात्रि सो हेर्न छाडे । घरबाहिर निस्कनै डर हुन्थ्यो । खुसी हुने मनोविज्ञान नै हरायो । कति भिडियो हलहरू गोदाममा परिणत भए । चलचित्र भवनहरू बन्द भए । धेरै कलाकार असुरक्षित भएर विदेश गए । अहिले आएकाहरू पनि त्यतिबेला दुई-चार वर्ष विदेश बसे । तर, त्यतिबेला पनि म आफूलाई भाग्यमानी ठान्थेँ । किनभने, मेरा चलचित्र र चरित्र थिचोमिचोविरुद्ध हुन्थे । जसले विद्रोहीलाई प्रत्यक्ष/अप्रत्यक्ष प्रेरणा दिइरहेको हुन्थ्यो । कतिपय माओवादी प्रभावित क्षेत्रमा जाँदा विद्रोही युवाहरू आफ्नो कथा सुनाउन इच्छुक हुन्थे । किनभने, म फिल्ममा समाज परिवर्तनका लागि लडेको हुन्थेँ । यता, सरकारी सुरक्षा निकायको चेकपोस्टमा सेनाहरू 'दाइ, आफ्ना दाजुभाइबीच काटाकाट बन्द हुने सन्देश दिने फिल्म बनाउनूस् न' भन्थे । यसले मलाई कलाकार र नागरिकका रूपमा भाग्यमानी महसुस गराउँथ्यो । त्यसैले पनि फिल्ममा निरन्तरता दिएँ । जबकि, मलाई विदेश जानबाट केहीले छेकेको त थिएन ।

विदेश जान मन लागेन ?

अहँ । आदर्श सुनिएला, म राष्ट्रवादी मान्छे हो । राष्ट्र र परिवेशसँग गाँसिन चाहन्छु । त्यस्तै पात्रका रूपमा परिचित भएँ ।

तपाईंको बौद्धिक व्यक्तित्वबाट जोकोही प्रभावित हुन्छन् । तर, त्यो बौद्धिकता फिल्म र चरित्रमा देखिएन भन्छन् नि ?

म कहिल्यै द्विविधामा रहिनँ, मेरा फिल्म र चरित्र आमनेपालीको रोजाइभन्दा बाहिरका छन् भनेर । मेरो इच्छा ठूलो समुदायमा पुग्ने, उनीहरूको प्रतिनिधित्व गर्ने थियो । त्यही गरेँ ।

आमासँग हमाल

स्टारडममा तपाईंभन्दा माथि सायदै कोही थिए । तर, अभिनय कौशलमा अन्य समकालीन अभिनेतासँग आफूलाई कहिल्यै तुलना गर्नुभयो ?

मलाई आफ्नो अभिनय कौशलमा कहिल्यै द्विविधा रहेन । स्टारडम नभएका कलाकारको अभिनयमा मात्र ध्यान दिइन्छ तर स्टारडम हुनेसँग अभिनय मात्र नभई उसको लबज, शैली, चार्ममा पनि केन्द्रित भइन्छ । फरक यत्ति हो । पोख्त अभिनय क्षमता नभई स्टारडम बनाउन र निरन्तरता दिन असम्भव छ । स्टारडम नभएको व्यक्तिले अनेकथरी तिक्तता पोख्न सक्छ । भारतमै हेर्नूस्, आजसम्म पनि नसिरुद्दिन शाहले अमिताभ बच्चनका बारेमा तिक्तता पोख्छन् । तर, आमनेसामने राखिदिने हो भने आजका दिनसम्म अमिताभ नै अब्बल कलाकार हुन्, चाहे स्टारडमले नै किन नहोस् ।

कहिलेकाहीँ स्टारडम भारी लाग्दैन ?

स्टारडम नहुँदो हो त सुरुआतमै सफलता मिल्थेन । जब चलचित्रमा व्यस्त हुन थालेँ, दिग्गज भनिएका निर्देशकहरूले 'नेपाली सिनेमा हिरोले गर्दा कसरी चल्छ ?' भनेर छलफल गरे । मेरो स्टारडमलाई अस्वीकार र अविश्वास गरे । पछि के भयो, सबैलाई थाहा छ ।

भनेपछि विगतमा गरेका कुनै कामप्रति पश्चात्ताप छैन ?

छैन । कहिल्यै असुरक्षित महसुस गरिनँ । त्यतिबेला धेरैजसो नयाँ हिरोहरू मेरो फिल्मबाटै चम्किन्थे । मैले चाहेको भए उनीहरूसँग काम नगर्न सक्थेँ । अरूलाई होच्याउने, हेप्ने वा कम आँक्ने काम गरिनँ ।

रंगमञ्चमा आउनुभयो, फेरि नाटक गरौँ भन्ने लाग्दैन ?

नाटकबाट कलाकारलाई धेरै सन्तुष्टि मिल्छ । तर, समय असाध्यै खान्छ । मञ्चन भइरहेका बेला पूरै बाँधिनु पर्छ । व्यावसायिक रूपमा पनि त्यस्तो केही हुन्न । तपाईंहरूलाई *कोर्टमार्सल* मात्र थाहा होला । तर, त्यसभन्दा अगाडि पनि मैले नाटकमा अभिनय गरेको छु । *युगदेखि युगसम्म*मा काम गर्नेबित्तिकै काठमाडौँमा हयाम्स थिएटर ग्रुपको *रिचर्ड थर्ड* भन्ने शेक्सपियरको नाटकमा मुख्य भूमिका निर्वाह गरेको थिएँ । याक एन्ड यती होटलमा मञ्चन भएको नाटकमा 'बेस्ट कम्प्लिमेन्ट' पाएको थिएँ । त्यो नाटकमा अरू नेपाली कलाकार थिएनन् । तर, समय अभावका कारण नाटकलाई निरन्तरता दिन मुस्किल पर्‍यो ।

कतिपय आलोचकहरू 'राजेश हमाल एरा' नेपाली फिल्मको प्रभावहीन काल हो भनी आरोप लगाउँछन् नि ?

चलचित्रले आ-आफ्नो कालखण्डको स्वाद, परिस्थिति र मनोविज्ञानलाई झल्काउँछन् । र, तपाईंलाई एउटा कुरा ठोकुवासाथ भन्छु, मेरो प्रवेशदेखि सन् २००० सम्मका फिल्मका विषयमा आज जे-जस्ता टीका-टिप्पणी भए, हेर्दै जानूस् कालान्तरमा त्यसलाई एउटा ऐतिहासिक पलका रूपमा चिनिनेछ । 'क्लासिक फेज'का रूपमा जीवित हुन्छ । सामाजिक परिस्थिति, मनोविज्ञान, शैली, संस्कृति, परिदृश्य, लोकेसन आदि विभिन्न कोणबाट अध्ययन हुनेछ ।

अहिले जुन कथा, पात्र र शैलीका फिल्म निर्माण हुन्छन् । त्यसमा तपाईंको असन्तुष्टि हो ?

छैन, यो पनि एउटा रफ्तार हो । तर, २० वर्षपछि फर्केर हेर्दा यी पनि पुराना हुन्छन् । झन् आलोचित हुन सक्छन् ।

हिजो तपाईंले जस्तै आज फिल्मलाई बोक्ने खुबी भएका कोही प्रतिनिधि कलाकार देख्नुहुन्छ ?

भन्न सक्दिनँ किनभने यसमा कसैलाई नकार्न चाहन्नँ । सम्भावनाचाहिँ छ । सबैभन्दा सुखद पक्ष, 'गुड, ब्याड अर अग्ली' जस्तो भए पनि चलचित्र बनाइरहेका छौँ । जबसम्म रफ्तार हुन्छ, भावना हुन्छ, तबसम्म भविष्य हुन्छ । ◆

सोखिन सेवक

पशु प्रेममा समर्पित जीवन

विभु लुइटेल

मंसिर, २०७१। गढीमाई पर्वको विरोध गर्न बारा जिल्ला पुगेका रघु आदित्य, ३२, का आँखामा त्यतिखेरको समय अझै ताजै छ। विरोध गर्न गए तर सुनिदिने कसले ? गढीमाई पर्वका लागि सुरक्षामा खटाइएका प्रहरीले पनि उनलाई घर फर्किन आग्रह गरे। तर, उनले टेरेनन्। हातमा एउटा ब्यानर लिएर चुपचाप मूलद्वारमा उभिइरहे। एक्लै

ज्योत्स्ना योगी



थिए, त्यसैले भित्र गएर आवाज उठाउने आँट पनि थिएन उनमा। आफूले आफैँलाई संसारकै सबैभन्दा निरीह मान्छे महसुस गरिरहेका थिए त्यतिबेला उनी। हरियो चौर रातो भइसकेको थियो। मुसा, परेवा, कुखुरा, हाँस, राँगाका आन्द्राभुँडी भुइँभरि छरिएका थिए। बान्ता गर्नेसम्मको अवस्थामा पनि मानिस भट्याइरहेका थिए, 'जय गढीमाई, जय गढीमाई!'

चौरमा लाचार भएर हेर्दै गर्दा बलि दिन लागिएको एउटा परेवा उनका अगाडि आइपुग्यो। त्यसलाई उनले शरणको मरण गरेनन्। आफूसँगै इमाडोल, ललितपुरमा रहेको आफ्नो घर ल्याए र नाम दिए, सानुमाया। अहिले उनको प्रिय सानुमाया संसारमा छैन। तर, त्यो परेवाले रघुमा पशुपन्छीको सेवा तथा उद्धारमा निरन्तर लागिरहने ऊर्जा भने थपिदिएको छ।

केही वर्षअघि रघुले बाटोमा एउटा कुकुरलाई नाजुक अवस्थामा भेटे। त्यो नाजुक अवस्था सम्झेर अहिले पनि उनको आङ सिरिङ्ग हुने गर्छ। उनले सुनाए, "कति जनावर घरमा पहिलेदेखि नै थिए। एउटा अर्को थप्न पर्याप्त ठाउँ पनि थिएन।" त्यसैले उनले साथीहरूसँग सहयोग माग्नुपर्‍यो। बाटामा फेला परेको हुँदा त्यसलाई पाल्न सबै हिचकिचाए। अन्त्यमा केही सीप नलागेपछि त्यो कुकुरलाई उनले पाल्नुपर्‍यो। घरमा पालेको कुकुरलाई उनले नयाँ नाम दिए, चिम्पु। र, अहिले चिम्पु रघुको 'बेस्ट फ्रेन्ड' बनेको छ। उनले आफ्नो साइकलमा एउटा बाकस पनि जोडेका छन्। जहाँ जाँदा पनि उनी चिम्पुलाई त्यसमै राखेर हिँड्छन्। बाकसमा बचेको ठाउँमा बाटोमा भेटिने अन्य रोगी कुकुरलाई राख्छन् र अस्पताल पुर्‍याउँछन्। जनावरका फोटो राखेर हातैले बनाइएका 'ग्रिटिङ कार्ड' बेच्नु नै उनको पेसा हो। नाफा धेरै छैन। जति छ, त्यो पनि रोगी तथा भोका पशुपन्छीको उपचारका लागि खर्चिने गर्छन् उनी।

कहिले पाटन दरबार क्षेत्रमा कार्ड बेचिरहेका, कहिले कुनै स्कुले विद्यार्थीलाई आफ्ना कथा सुनाइरहेका अवस्थामा भेटिने रघु बोल्न नसक्ने जनावरका आवाज हुन्, उनीहरूका मसिहा हुन्। उनी आफ्नो पूरै जिन्दगी यस्तै पशुपन्छीको सेवामा समर्पित गर्न चाहन्छन्।

पशुपन्छीको सेवा गर्दा पाइने आनन्दबारे उनले यसरी बेलिबिस्तार लगाए, "म डिप्रेसनमा थिएँ। यिनै जनावरको साथ नै मेरो औषधि रहेछ, म भने अस्पताल चहारिरहेँ। यिनै जनावरले मलाई डिप्रेसनबाट निकालेका हुन्, यही नै हो मेरो उपलब्धि।" आफ्ना भनाइ राख्दै रघुले चिम्पुलाई कस्सरी अंकमाल गरे।

रघु आदित्य

'संसारमा यति धेरै मान्छे भोकभोकै मरिरहेका छन्। तँ भने जनावरलाई खुवाएर बस्,' यस्ता कटु वचन रघुले दिनहुँजसो सुन्दै आएका छन्। सबैलाई उनी एकै उत्तर दिन्छन्, "कम्तीमा मान्छेसँग त मागेर खाने सामर्थ्य छ। यी बिचराले कसरी मागून्? कोसँग मागून्?" परिवारमा बूढा तथा रोगी सदस्यलाई बाटोमा लगेर फालिँदैन। पशुपन्छीलाई चाहिँ अलपत्र छाड्ने कुराले उनी आक्रोशित हुन्छन्।

बिना पन्त

काठमाडौँकी बिना पन्त, ४७, पनि रघुजस्तै पशुहरूको सेवामा आफ्नो बाँकी जीवन बिताउन चाहन्छिन्। पशुपन्छीप्रति उनको आशक्ति नयाँ भने होइन। निकै पहिलेदेखि हो सेवा गर्न थालेको। समय त उनी आफैँलाई पनि ठ्याक्कै सम्झना रहेनछ। नाम र पैसाका लागि मात्र पशु सेवामा लागेको भन्दै उनलाई आरोप लगाउने पनि अनगिन्ती छन्। त्यसमाथि पागलको संज्ञा दिने पनि कम्ती छैनन्। तर, उनको महत्त्वाकांक्षा ठीक विपरीत छ। उनी चाहन्छिन्, कम्तीमा एक जना भए पनि उनीबाट प्रेरित-प्रभावित होऊन्। तर, सहयोग गर्ने भन्दा खुट्टा तान्नेको संख्या धेरै रहेको बुझाइ उनको छ। प्रश्न गर्छिन्, "यदि कसैको घरमा पालेको राम्रो नस्लको जनावरलाई असल व्यवहार गरिन्छ भने सोही व्यवहार बाटामा फालिएका जनावरलाई मैले किन गर्न नहुने?" पशुपन्छी मात्र नभएर असहाय मानिसका लागि पनि केही गरौँ भन्ने अठोट छ उनको। त्यसैले बेलाबेला केही संघ-संस्थालाई सक्दो आर्थिक सहयोग पनि गर्छिन्।

बिनाले परिवारको पूर्ण साथ पाएकी छन्। सडकमा पशुलाई खाना खुवाउन उनका दुई छोरीले पनि साथ दिने गर्छन्। उनी चाहन्छिन्, सबैको परिवार यस्तै होओस्। कसैले बाटोमा भेटेजति सबै रोगी जनावरको सेवा गर्छु भन्नु सम्भव नै छैन। भन्छिन्, "सबैले कम्तीमा एक असहाय मानिस अथवा पशुपन्छीको हितका लागि एकथोक मात्र गर्दा पनि समाज कति सुन्दर हुने थियो।"

पशुपन्छीलाई आयआर्जनको स्रोत बनाइने गरेकामा पनि उनको गुनासो छ। हात्ती, घोडा, गधा आदिलाई यातना दिएर सवारीका रूपमा प्रयोग गर्ने प्रचलन बन्द गर्नुपर्छ भन्दै उनले विभिन्न ठाउँमा आवाज पनि उठाउँदै आएकी छन्।

चन्द्रमाया लामा

'यी सब यसले पब्लिसिटीका लागि मात्र गरिरहेकी हो। जनावरलाई खान दिएमा मात्तिन्छन् है नानी,' यस्ता रूखा टिप्पणी अभिनेत्री ज्योत्स्ना योगीका लागि नौला होइनन् । पहिले-पहिले रिसाउँथिन्, जवाफ फर्काउँथिन् । चर्काचर्की बढ्दै गएपछि ती मानिससँग उनको झगडा पनि पर्थ्यो । अचेल भने उनी प्रतिक्रियाविहीन हुने गर्छिन् । आफू १२ वर्ष हुँदा कसैले घरबाट निकालिदिएको एक कुकुरलाई सहयोग गरेको क्षण सम्झिन्छन् उनी । भन्छिन्, "त्यतिबेला त्यो कुकुर कम्ती खुसी भएको थिएन । आफ्नो पनि कोही छ भन्ने थाहा पाउँदा को खुसी नहोला र ?" उनले बाटोमा बेवारिसे छाडिएका कैयौँ कुकुर, बिराला तथा गाईवस्तुको उद्धार गरी वासस्थान खोजिदिन थालेको पनि वर्षौं भइसकेको छ । प्रोजेक्ट ह्युमन नेपालले उनलाई आफ्नो सद्भावना दूत नियुक्त गरेको छ । सामाजिक सञ्जालका माध्यमबाट उनले पशुअधिकारका निम्ति आवाज उठाइरहन्छिन् ।

नेपालमा विकसित नस्लका कुकुर तथा बिराला उत्पादन गर्न अत्यन्तै अमानवीय तरिका अपनाइन्छ । तिनीहरूलाई थुनेर निकृष्ट रूपमा दुःख दिई सन्तान जन्माउन लगाइन्छ र उच्च मूल्यमा बजारमा बेचिन्छ। ज्योत्स्ना यस्ता ब्रिडिङ सेन्टरहरूको खुलेर विरोध गर्छिन् । भन्छिन्, "कति पशुपन्छी बस्न राम्रो स्थान नपाएर भौंतारिइरहेका छन्, तिनलाई पाल्दा हुन्न ? हजारौं रुपियाँ खर्चेर त्यस्ता पशु खरिद गर्नुभन्दा बाटोमा बेवारिसे अवस्थामा भेटिएकालाई पाल्दा पशु संरक्षणमा सहयोग पुग्छ ।"

०५३ मा महानगरपालिकाले विष छरेर विभिन्न स्थानमा भुस्याहा कुकुर मार्ने काम गरिरहेको थियो । त्यही कार्यको विरोध गर्दै डिल्लीबजारकी चन्द्रमाया लामा (रोमी) पशु हक अधिकारका लागि लड्न थालेकी हुन् । नेपालमा कतिपय पशुपन्छीलाई पूजा गरिने हुँदा यस्ता क्रियाकलाप स्वीकार्य नहुने उनको भनाइ छ । सबै छिमेकीले उनलाई 'पागल आईमाई' भन्ने गरेका छन् । यति मात्र नभई, उनलाई त्यहाँ कुकुर नपाल्न वा आफ्नो घरै छाडेरै जान दबाब पनि आउने गर्छ । कुकुरलाई मानिसजस्तै माया गर्ने हुँदा छाड्नै सक्दिनन् उनी । त्यसैले केही समयपछि उनी चन्द्रागिरि सर्ने प्रक्रियामा छिन् । भन्छिन्, "छिमेकीले नै छाडिदिएका बूढा तथा रोगी कुकुर पालिरहेकी छु। तैपनि, छिमेकीले घर छाडेर अन्तै जा भन्छन् भने गइदिन्छु ।" जनावरप्रतिको असीम मायाभाव व्यक्त गर्दा उनका आँखामा आँसु टिलपिलाए । उनले धेरै कुरै गर्न चाहिनन् ।

माछापोखरीकी अन्जनी थापा (एनी), २६ । केही वर्षअगाडि आफ्ना साथीसँग मिलेर एसिड छ्यापिएको एक कुकुर घरमा ल्याएर पालिन् । "बुहारी हुँ, त्यसैले केही बन्धन छ । यसलाई सोचेजस्तो सेवा गर्न पाइरहेकी छैन," उनले दुःखेसो पोखिन् । तैपनि, सकेसम्म निरीह पशुपन्छीलाई केही न केही सहयोग गरिरहन्छिन् उनी ।

उनका ससुरा बुहारीको जनावरप्रतिको लगाव देखेर बेलाबेला विरक्तिन्छन् । तर, एक न एक दिन ससुराले कसो नबुझ्लान् भनी आफ्नो उद्देश्यमा अडिग छिन् उनी । उनी चाहन्छिन्, सडकमा अलपत्र परेर कुनै पशुले पनि आफ्नो ज्यान गुमाउन नपरोस् ।



अन्जनी थापा

पशु अधिकारका लागि लडिरहेका रघु, विना, ज्योत्स्ना, चन्द्रमाया र एनी त प्रतिनिधि पात्र मात्रै हुन् । उनीहरूजस्तै जनावरलाई प्रेम गर्ने मानिस समाजमा औंलामा गन्न सकिने मात्र छन् । पशु पनि प्राणी हुन्, यिनलाई माया गर्नुपर्छ भन्ने धारणा समाजमा फैलिन केही समय लाग्न सक्छ । नेपालमा एनिमल्स नेपाल, क्याट सेन्टर, स्नेहाज केयर, एसपीसीएजस्ता पशुकेन्द्रित बग्रेल्ती सामाजिक संस्था छन् । तिनीहरूले बेलाबेला जनमानसमा सचेतना जगाउनेदेखि लिएर रोगी पशुपन्छीको निःशुल्क उपचार पनि गरिदिन्छन् । पशुपन्छी सुरक्षाका लागि महात्मा गान्धीको एउटा भनाइ सान्दर्भिक लाग्छ, 'एउटा देश कति महान् छ भनेर थाहा पाउन त्यस देशमा जनावरहरूलाई कस्तो व्यवहार गरिन्छ भनी हेरे पुग्छ ।' ◆

किताब किन्ने, टन्न नकिन्ने

किन पढ्ने भनेर सोध्यो भने मलाई हाँसो उठ्छ । नपढी त जिन्दगीको के अर्थ ? जिन्दगी बर्बादै होलाजस्तो लाग्छ । म धेरै किसिमका किताब पढ्छु । एउटै विधामा अड्किएर बस्दिनँ । जतिबेला जेमा रुचि हुन्छ, त्यही पढ्छु । पछिल्लो एक महिनामा मैले स्कटिस लेखक अलि स्मिथको उपन्यास *अटम* पढेँ । यसको विषय छ- ह्वाट टाइम इज ? हाउ वी एक्पेरियन्स इट ? हाउ आर वी ? ह्वाट आर वी मेड अफ ? यसको खोजी यत्ति हो ? २०१६ को शरद ऋतु कस्तो होला ?

समयलाई परिभाषित गर्न गाह्रो छ । शताब्दी पुगेको पुरुष ड्यानियल र १९८४ मा जन्मेकी युवती एलिजाबेथबीचको सम्बन्धमार्फत समयलाई चित्रित गरिएको छ उपन्यासमा । उपन्यासमा चार ऋतुका अध्याय छन् । शीर्षकचाहिँ शरद हुन गएको छ । बेलायतका समस्या पनि यसले राम्ररी उठान गरेको छ । हरेक हरफ उत्तिकै मीठोसँग लेखिएका छन् । यति सुन्दर लेखन छ कि पठनमा कतै अवरोध आउँदैन ।

अलि बिसन्चो हुँदा म जासुसी उपन्यास पढ्छु । यसपटक सोफी हन्नाहको *जेलर एन्ड वाटरहाउस मिस्ट्री द ट्रुथ-टेलर्स* पढेँ । यसमा ट्वीस्टी थ्रिलर छ । प्रोटागानिस्टको प्रेमजीवन चर्चमा गएर बलात्कारमा अन्त्य भएको छ । अहिले नेपालमा देखिएका बलात्कार, हिंसाका घटना बढोत्तरी भएका छन् । अपराध कसरी हुन्छन् ? राम्रोसँग उजागर गरेको छ उपन्यासले । यति गजब शैली छ कि यसपछि के हुन्छ भन्ने कौतूहल जगाइरहन्छ ।





अर्को किताबचाहिँ पढ्नै परेर पढेकी हुँ । तर, पढ्दापढ्दै रमाइलो लाग्यो । नढाँटी भन्ने हो भने एउटा फिल्मको रिसर्चका लागि पढेकी हुँ । मेरिट तोड कोकले केही दशक पहिले गरेको मानवशास्त्रीय अध्ययन, *द पीपल अफ निस्याङ : आइडेन्टिटी, ट्रेडिसन एन्ड चेन्ज इन द नेपाल तिब्बत बोर्डर ल्यान्ड*मा माथिल्लो मनाङका परम्परा, पहिचान र परिवर्तनबारे लेखिएको छ ।

म पञ्चायतकालमा हुर्किएँ । इतिहास भनेपछि अलि झ्याउ लाग्ने । मनाङको समाजबारे बडो मिहिन ढंगले खोतलिएको छ यसमा । म एकेडेमिक मान्छे पनि होइन । पहिलो पटक एकेडेमिक किताब बडो रमाइलोसँग पढेँ । मनाङबाट फर्केपछि यो किताब पढ्दा आनन्द आयो । मनाङेहरू किन यस्ता भए ? उनीहरू ठमेलमा किन धेरै बस्छन् ? मनाङबारे आद्योपान्त अध्ययन छ ।

किताबको सोख सानैदेखि बसेको हो । स्कुलमा त्यति रमाइलो लाग्दैनथ्यो । क्लासमा अल्छी लागेपछि बिरामी भएको बहाना गरेर लाइब्रेरी जाने र एउटा उपन्यास समातेर बस्ने बानी नै भयो । सानो छँदा बुबाले ब्रिटिस लाइब्रेरीबाट किताब ल्याइदिनुहुन्थ्यो । एवान (अमेरिकन) लाइब्रेरीको पारिवारिक सदस्यता लिएपछि एकैचोटि १३ वटासम्म किताब ल्याउन घरमा पाइन्थ्यो । र, मजाले पढिन्थ्यो । किताब समातेपछि बजैले घरको काम पनि नलगाउने ।

सुविना श्रेष्ठ
अलजजिरा संवाददाता, काठमाडौं

पछि गएर बिहे पनि किताब लेख्ने मान्छेसँगै भयो । मेरा पति थोमस बेलको पुस्तक पनि आएको छ, *काठमान्डु* । नयाँ किताब आएको आयै । किनेको किन्यै । बजार, अनलाइन र किन्डल संस्करण यसका माध्यम हुन् । मेरो घरमा काम गर्ने दिदी भनिरहनुहुन्छ- तन्ना फाटेको मतलब छैन । किताब मात्रै किनेर बस्छन् ।

उपन्यास एकैचोटिमा दुई-तीनवटासम्म पनि पढिन्छ । एकेडेमिक किताबचाहिँ एउटा मात्रै पढ्न सकिन्छ । कतिपय जासुसी उपन्यास एकै बसाइमा सक्छु । एउटा सिरिजका चारवटा किताब पाएपछि मैले आफूलाई रोक्नै सकिनँ । अफिसबाट छुट्टी लिएँ, बच्चाहरूलाई समेत बाहिर खेल भनेर पठाएँ र ढोका थुनेर पढिसिध्याएँ ।

नेपाली किताब अलिअलि पढ्छु । नेपाली पढ्ने बानी छुट्यो । जटिल भाषा भएका किताब पढ्न समय लाग्छ । छोराछोरीका लागि अहिले प्रवीण अधिकारीले अनुवाद गरेका *लोककथाहरू* (कैलाश, तिसे र खाङ रिम्पोछेका कथा) पढाइरहेकी छु । साथीहरूले किताब लेखेका छन्, जबर्जस्ती पढ्नैपर्‍यो । नारायण वाग्ले दाइले कुट्लान् भनेर *पल्पसा क्याफे* पढेँ । गिरीश गिरीको *वीरगन्ज* किताब पढ्नैपर्‍यो । नयनराज पाण्डेको *उलार* प्लेनको फ्लाइट सुरु हुँदा थालेको ल्यान्ड नहुँदै सकियो । मलाई अलि सजिलो भाषा भएको किताब चाहिन्छ । ◆



केदारभक्त माथेमा

अंग्रेजीको हावा

ब्रिटिस आख्यानकार जोसेफ कोन्राडले भनेका छन्, 'अनौठो छ यो जीवन । यो व्यर्थ उद्देश्यका लागि निर्मम तर्कको रहस्यमय समायोजन । यसबाट हामीले खुबै आशा गर्न सक्ने भनेको आफ्नै बारेमा केही ज्ञान हो, जुन धेरै नै ढिलो आउँछ । कहिले पनि नसिध्दिने पश्चात्तापको यो खेती ।'

जोसेफ कोन्राडजस्तो निराशावादी व्यक्तिचाहिँ पटक्कै होइन म । मैले भन्न खोजेको यत्ति मात्र हो, यदि ममा विद्यमान चिन्तन र युवावस्थाको जोस भइदिएको भए समाजमा देखेका कतिपय विसंगतिसँग जुध्न सक्थेँ होला । जुध्न नसके पनि युवा पिँढीलाई जुध्न हौसला दिन सक्थेँ होला ।

हाम्रा युवा पिँढीको कुरा गर्दा कहिलेकाहीँ के लाग्छ भने युवाजति जम्मै अमेरिका र अस्ट्रेलियातिर उडे । सोझा खाडीतिर लागे । यी दुईबीच बाँकी रहेका हामी (बूढाबूढी)ले सँगै बस्ने विकल्प रोज्यौँ । गाउँहरू युवाविहीन भएको देख्दा, काठमाडौँका मध्यमवर्गीय परिवारका आमाबाबु सुनसान घरमा छोराछोरीको सम्झनामा न्यास्रो मुख लगाएर बसेको देख्दा, यहीँ बसिरहेका केटाकेटी पनि १० जोड २ को परीक्षापछि बाहिर जान्छु भन्दै आमाबाबुलाई पिरोलिरहेको देख्दा, हाम्रो समाज कसरी यस्तो भयो, यो समाज कुन दिशातिर उन्मुख छ भन्ने सोचले सताइरहन्छ ।

उच्च शिक्षा हासिल गर्न, उच्च प्राविधिक सीप र ज्ञान आर्जन गर्न, इच्छाएको विषयमा अन्तर्राष्ट्रिय अनुभव बटुल्न विदेश जानु अनौठो कुरा होइन । अहिलेको भूमण्डलीकरणको युगमा अन्तर्राष्ट्रिय बसाइसराइ पनि नौलो कुरा होइन । कतिले बाहिर काम गरेर नेपालको प्रतिष्ठा र इज्जत नबढाएका पनि होइनन् । मजदुर बनेर गएका नेपाली युवाले पठाएको पैसाले नेपालको अर्थतन्त्र धानिरहेको पनि छ । तर, कतिपय युवकयुवती बाहिर जानकै लागि मरिहत्ते गरेको देख्दा अवस्था कसरी आयो भन्ने लाग्छ । उनीहरूलाई यो अवस्थामा पुऱ्याउने जिम्मेवार हामी नै पो हौँ कि ? हामीले उनीहरूको दिमागमा राखिदियौँ- यहाँभन्दा राम्रो विदेशमा छ- पढाइ राम्रो, काम राम्रो, दाम राम्रो, बसाइ राम्रो, सब किसिमले राम्रो । हामीले जानी-नजानी स्कुलदेखि नै केटाकेटीको दिमागमा हाम्रो भाषा, संस्कृति, राज्यव्यवस्था, राष्ट्र आदिबारे गौरव गर्न नसिकाएर बरू हीनताभाव सिकायौँ कि ?

शिक्षाविद् स्कुल कलेजमा पढाउने पाठ्यक्रमलाई दुई किसिमले बुझ्छन् । एउटा, सरकारी निकाय अथवा विश्वविद्यालयले स्वीकृत गरेको औपचारिक पाठ्यक्रम, जुन बमोजिम कक्षाकोठामा पढाइ हुन्छ र जसको आधारमा परीक्षा लिइन्छ । अर्को, पाठ्यक्रम लिखित हुँदैन । यसखाले पाठ्यक्रम स्कुलको नीति, शिक्षकको व्यवहार, स्कुलभित्र हुने दैनिक चालचलनमार्फत अभिव्यक्त हुन्छ । यसले केटाकेटीको मन-मस्तिष्कमा गहिरो छाप पार्छ । यो पाठ्यक्रमलाई शिक्षाविद्हरू 'लुकेको पाठ्यक्रम' अर्थात्, 'हिडन करिकुलम' भन्छन् ।

औपचारिक पाठ्यक्रमले हाम्रो राष्ट्र सुन्दर छ, भाषा र संस्कृति हाम्रा गौरव हुन्, हामी देश विकासमा सरिक हुनुपर्छ आदि भन्छ भने 'लुकेको पाठ्यक्रम'ले नेपाली भाषा कमजोर पारेरै भए पनि अंग्रेजी भाषामा जोड दिनुपर्छ, हाम्रो राष्ट्रभन्दा विदेश सुन्दर र लायक छ, हाम्रो संस्कृतिभन्दा पश्चिमी संस्कृति अनुकरणीय छ आदि भनिरहेको छ ।

नेपाली भाषामा पढाएको भन्दा अंग्रेजी भाषामा पढाएको शिक्षा गुणस्तरीय हुन्छ भन्ने मनोविज्ञान अहिले देशमा चलेको छ । यसले सीधासाधा अभिभावकलाई मात्र प्रभावित गरिरहेको छैन । भर्खरै मात्र एक नवनिर्वाचित मेयरले आफ्नो नगरपालिकाभित्रका सम्पूर्ण स्कुलमा अंग्रेजी माध्यमबाट पढाइन्छ भनेर घोषणा गरेका छन् । मानौँ, अंग्रेजीमा पढाएपछि शिक्षा गुणस्तरीय भइहाल्छ ।

अंग्रेजी अवश्यै पनि एउटा अति महत्त्वपूर्ण अन्तर्राष्ट्रिय भाषा हो । यसको दक्षताले हाम्रा युवासामु उच्च शिक्षा र रोजगारका ढोका खोलिदिन्छ । त्यसैले यसको पढाइमा जोड दिन निश्चय नै आवश्यक छ । तर, अंग्रेजीमार्फत हुने पढाइमा जोड दिँदा मात्र शिक्षा राम्रो हुन्छ भन्नु गलत हुन्छ ।

स्कुले शिक्षामा अंग्रेजी माध्यमको हावा यति चलेको छ कि सबै निजी र केही सार्वजनिक विद्यालयसमेतले सामाजिक शिक्षाजस्तो विषय पनि अंग्रेजी भाषामा पढाउने गरेका छन् । सामाजिक शिक्षा भनेको असल नागरिक तयार पार्ने विषय हो । यो विषयमा आफ्नो परिवार, धर्म-संस्कृति, जातजाति, समाज, राज्यव्यवस्था आदिबारे अध्ययन गराइन्छ । यो कण्ठ पार्ने विषय पटक्कै होइन । प्रश्नोत्तर, छलफल, बहसद्वारा पढेका कुराहरू विचार पुऱ्याएर मनन गर्ने विषय हो । यस्तो महत्त्वपूर्ण विषय अंग्रेजी माध्यमबाट पढाउने गर्दा शिक्षकको पढाइ र विद्यार्थीको बुझाइ नै कमजोर हुन पुगेको छ । विदेशी भाषा माध्यम भएका कारणले न शिक्षकले गहिरो कुरा गर्न सक्छ, न त विद्यार्थीले प्रश्न गर्न नै । आफ्नो पृथक विचार राख्न पनि सक्दैनन् ।

कतिपय स्कुलमा सामाजिक शिक्षाको पढाइ अंग्रेजीमा सोधेको प्रश्नको घोकेर दिएको उत्तरमा सीमित भएको छ । आफ्ना विचार र भावलाई खुला रूपमा व्यक्त गर्न नसक्ने भाषा केटाकेटीमाथि बलपूर्वक थोपरेर उनीहरूको अभिव्यक्ति अधिकार हनन गरिरहेका छौँ भन्ने महसुस गर्नुपर्छ । यस्तो प्रचलनले गर्दा केटाकेटीमा सोच्ने, समस्या समाधान गर्ने, पृथक विचार राख्ने क्षमताको विकासमा अवरोध गर्छ । अंग्रेजी भाषा सिकाउने नाममा केटाकेटीमा यी सीपको विकास हुन नदिनु कतिको जायज हो ? त्यो त शिक्षाविद्हरूले नै भन्लान् । तर, मुख्य कुरा के हो भने अंग्रेजी राम्रोसँग बोल्न सक्नुभन्दा महत्त्वपूर्ण

सूक्ष्म किसिमले विचार गर्ने शक्ति विकास गर्नु नै हो ।

मैले स्कुलमा दिने शिक्षाको माध्यमबारे धेरै बोलिरहनुपर्छ जस्तो लाग्दैन । यति मात्र भन्न खोजेको हुँ, अंग्रेजी माध्यम थोपरिँदा केटाकेटीमा आफ्नो भाषा, संस्कृतिपट्टि सकारात्मक सोच बढाउन मद्दत गर्दैन । अंग्रेजी माध्यममा पढाइ हुने स्कुलका अधिकांश विद्यार्थी नेपाली वा आफ्नो भाषामा कमजोर हुन्छन् । आफ्नो भाषामा पढाइ नहुँदा केटाकेटीले आफूबारे, आफ्नो परिवार, समाज, राज्यव्यवस्थाबारे जुन किसिमले सोधपुछ, छलफल गरी बुझ्नुपर्ने हुन्छ, त्यो पनि हुन सक्दैन । त्यसैकारण होला, माध्यमिक तहको अन्तिम परीक्षामा केटाकेटीले सबैभन्दा कम अंक ल्याउने विषयमा सामाजिक शिक्षा पनि पर्छ ।

यसरी हुर्काइएका केटाकेटीहरू ठूला भएपछि स्वाभाविक रूपमै आफ्नो देशको संस्कृति, विकास, देशले सामना गरेका चुनौतीबारे खासै चासो नराख्ने हुन्छन् । यो विषयमा नेपालमा खासै अनुसन्धान भएजस्तो लाग्दैन । तर, मेरो अनुभवले के बताउँछ भने नेपाली माध्यममा पढेर सार्वजनिक स्कुलबाट उत्तीर्ण भएका केटाकेटीहरू अंग्रेजी माध्यममा पढेर पास भएका विद्यार्थीभन्दा आफ्नो देशबारे बढी चासो राख्छन् र जानकार पनि हुन्छन् । त्यसैले पनि होला, लोकसेवा आयोगको परीक्षा पास गरी सरकारी सेवामा जाने धेरैजसो युवकयुवती सार्वजनिक विद्यालयबाट उत्तीर्ण भएका नै हुन्छन् ।

हामीले हाम्रा केटाकेटी, युवालाई माध्यमिक स्कुलपछि पनि उपयुक्त शिक्षा दिन सकेका छौं जस्तो लाग्दैन । केटाकेटीलाई १० जोड २ देखि नै विज्ञान पढ्ने कि, मानविकी पढ्ने कि, व्यवस्थापन पढ्ने भनेर छुट्याउँछौं । यसले गर्दा विज्ञान र व्यवस्थापन पढ्ने विद्यार्थीले लिबरल आर्ट्स (मानविकी र समाजशास्त्र) पढ्ने मौकै पाउँदैनन् । यसले गर्दा उनीहरूमा विश्व इतिहास, मानवीय ज्ञान र सभ्यताको जानकारी कम हुन्छ । आफ्नो देशको इतिहास, प्राकृतिक र सामाजिक बनोट, अर्थ-राजनीति, देशले सामना गरिरहेका चुनौती आदिसम्बन्धी ज्ञान पनि अपर्याप्त हुन्छ । हाम्रो शिक्षाले हाम्रा युवालाई आफ्नो देशप्रति जति संवेदनशील बनाउनुपर्ने हो, त्यति बनाउन नसकेको हो कि ?

यस दृष्टिले हेर्दा विश्वविद्यालय स्तरमा पनि सिकाइ र पढाइ त्यति सन्तोषजनक ठान्न सकिन्न । विद्यार्थीले प्राध्यापकबाट ज्ञान र केही सीप पनि हासिल गर्छन् । तर, प्राध्यापकले विद्यार्थीलाई आफ्नो विषयप्रति गहिरिएर ज्ञान दिन छाडेका हुन् कि भन्ने लाग्छ । हाम्रा विश्वविद्यालयका विभाग राष्ट्र तथा नागरिकसँग प्रत्यक्ष सम्बन्ध भएका महत्त्वपूर्ण मुद्दामा प्रायः मौन देखिन्छन् । केही महिनाअघि शिक्षा ऐनको नवौं संशोधनबारे धेरै हल्ला भयो । पत्रपत्रिकामा समाचार र लेख आए । तर, विश्वविद्यालयका शिक्षा विभागका प्राध्यापकबाट यसबारे कुनै प्रतिक्रिया आएन । त्यस्तै अहिले काठमाडौंका सम्पदाबारे ठूलो छलफल, नागरिक अभियान चलिरहेको छ । तर, हाम्रा विश्वविद्यालयका संस्कृति विभाग यसबारे मौन छन् । मानौं, यी सब कुरामा उनीहरूको कुनै सरोकार छैन । अथवा यसबारे उनीहरूको कुनै सोच नै छैन । काठमाडौं उपत्यकामा अहिले सार्वजनिक स्थल अभाव र निर्माणाधीन रिङरोडबारे पनि बहस चलिरहेको छ । तर, यसमा इन्जिनियरिङ र वातावरण विभागका प्राध्यापकको कुनै सहभागिता देखिँदैन ।

बेलायतका समाजशास्त्री तथा *न्यु लेफ्ट रिभ्यु* म्यागजिनका संस्थापक स्टुवार्ट हलले भनेका छन्, 'यदि विश्वविद्यालयले आलोचनात्मक चेत राख्दैन भने त्यो विश्वविद्यालय के विश्वविद्यालय ?'

यो सबै कुराले के संकेत गर्छ भने हामीले युवकयुवतीको देशसँगको सम्बन्धलाई अझ घनिष्ट बनाउन खासै कोसिस गरिरहेका छैनौं ।

अचेल भेला र छलफल कार्यक्रममा नागरिक समाज सक्रिय नभएकोबारे चर्चा-परिचर्चा गर्छौं र सुन्छौं । एउटा कार्यक्रममा यस्तै टिप्पणी सुनेपछि मैले सोधें, 'नागरिक समाज जति सक्रिय हुनुपर्ने हो, त्यति किन भएन ?'

जवाफ आयो, 'युवा सहभागिता कम भएर ।' मैले फेरि सोधें, 'किन युवा सहभागिता कम भएको त ?' जवाफ आयो, 'देशको समस्याप्रति युवा चासो कम भएर ।' मैले शिक्षाकै कारण युवा चासो कम भएको बताएँ ।

हामीले स्कुल, कलेज र विश्वविद्यालयमा प्रदान गर्ने शिक्षाले केटाकेटी र युवकयुवतीमा आफ्नो देशप्रति बढी उत्सुकता जगाउन सकेन होला, उनीहरूलाई उत्साहित गर्न सकेन होला, संवेदनशील बनाउन सकेन होला, समृद्ध नेपालको कल्पना गराउन सकेन होला । आफ्नो सुन्दर भविष्य आफ्नै देशमा कल्पना गराउन पनि सकेन होला ।

सबै दोषको भारी हाम्रो शिक्षा, शिक्षा प्रणाली र शिक्षा प्रसार गर्ने शिक्षक, प्राध्यापकमाथि मात्र थोपर्न खोजेको होइन । हाम्रो अस्थिरता, उदासीन विकास, भ्रष्ट कर्मचारीतन्त्र र न्याय व्यवस्था, शिक्षामा चरम राजनीतीकरण, अक्षम राजनीतिक नेतृत्व, सर्वत्र पार्टीकरणको बिगबिगी आदिले युवालाई अवश्यै पनि निरुत्साहित गरेको छ । तर, शिक्षाको उद्देश्य युवालाई आफूले भोगिरहेको संसारलाई चुनौती दिन, त्ससँग जुध्न, त्यसलाई परिवर्तन गर्ने हुनुपर्छ, विद्यमान परिस्थितिबाट भागेर पलायन हुनु होइन ।

तर, हामीले हाम्रा विद्यार्थीलाई संसारसँग जुध्न त परै जाओस्, यसलाई राम्ररी बुझ्न पनि सिकाउन सकेनौं ।

कहिलेकाहीं लाग्छ, हामी हतारमा छौं । हामीले हाम्रा केटाकेटी, युवालाई बजारमा चाहिने सीप र ज्ञान दिएर उनीहरूलाई जागिरतिर धकेल्न आतुरी देखाइरहेका छौं । 'बितेका कुरा पढेर के फाइदा ? आफ्नो भाषा, समाज र अर्थतन्त्र त यसै बुझिहालिन्छ नि, यसमा गहिरो अध्ययन किन चाहिन्छ र ? साहित्य झन् यथार्थभन्दा टाढाको कुरा । यसको आधुनिक जीवनसँग कुनै सरोकार नै छैन ।' हाम्रो यस्तो सोचले युवा जमातलाई आफ्नो इतिहास, संस्कृति, देश र आफैंलाई चिन्न मद्दत गरिरहेको छैन । यदि शिक्षाको बृहत्तर उद्देश्य आफूलाई चिन्न सक्ने बनाउनु हो भने यसमा हामी धेरै सफल भएजस्तो लाग्दैन ।

एक टर्किस कवि भन्छन्, 'शिक्षा भनेको बुझ्नु हो, आफू को हो भनेर । आफू को हो भनेर नै बुझ्न सक्दैनौं भने त्यो शिक्षाको के काम ?' ◆

(शिक्षाविद् माथेमाद्वारा मृगेन्द्र सम्झना चिकित्सा गुठीमा दिएको विद्वत् प्रवचनको अंश ।)

एन्फा निर्वाचन
कर्मा कि मणि ?

गणेश थापाबिनाको एन्फा बनाउने कोसिस

हिमेश

धेरै धेरैपछिसम्म दोहऱ्याएर सम्झिने छन्, गणेश थापाको हालैको एउटा भनाइ। अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)को दस वर्ष प्रतिबन्ध झेलिरहेका थापा एकाएक दृश्यमा देखापरे र भने, 'नेपाली फुटबलमा नराम्रो भइरहेको म टुलुटुल हेरेर बस्ने छैन।' प्रतिबन्धबीच उनले यसरी बोल्न मिल्छ कि मिल्दैन ? त्यो अर्को विषय हुनेछ। तर, एउटा तथ्य तय छ, १४ चैतमा हुने अखिल नेपाल फुटबल संघ (एन्फा) को चुनाव उनकै वरिपरि घुम्नेछ, भलै उनी प्रत्यक्ष रूपमा अगाडि छैनन्।

सबैभन्दा पहिले केही वर्षपछाडि फर्केर नेपाली फुटबलको इतिहास पल्टाउनुपर्ने हुन्छ, यस प्रसंगमा। जतिबेला उनी खेलाडीका रूपमा नेपाली फुटबलमा आफूलाई स्थापित गर्ने प्रयास गरिरहेका थिए, त्यतिबेलादेखि कि त एन्फा पूर्णतः उनकै पक्षमा रह्यो, होइन भने उनको विरोधीको हातमा। त्यसको सुरुआती दिनमा एन्फा नेतृत्व उनकै सहोदर दाइ कमल थापाको नेतृत्वमा रह्यो। त्यतिबेला उनले जे चाहन्थे, लगभग त्यस्तै हुन्थ्यो।

उनको खेल जीवनको अन्त्यतिर एन्फा विरोधीको हातमा गयो, त्यतिबेला उनी राष्ट्रिय टिमबाटै फालिए। त्यही सेरोफेरोमा त हो, सन् १९९३ मा नेपालले ढाकामा भएको दक्षिण एसियाली खेलकुदमा फुटबलतर्फ स्वर्ण जितेको। खेल्न छाडेको केही वर्षमै ०५१ तिर उनी एन्फा नेतृत्वमै पुगे र दशकौँ समय एकछत्र राज गरे। त्यसैले नेपाली फुटबललाई नजिकबाट नियालिरहेकाहरू ठोकेर दाबी गर्छन्, एन्फाको फुटबल राजनीति भनेकै यही हो, थापासहितको या थापारहितको।

साँच्चै यसपल्ट पनि यस्तै हुनेवाला छ, एन्फाको चुनावमा। चुनावमा दुई समूह छन्, पहिलो संस्थापन पक्ष। त्यसको नेतृत्व गरिरहेका छन्, मणि कुँवरले। कुँवर को हुन् ? चाहेर पनि नचाहेर पनि उनको परिचय बनेको छ, थापाको सालाका रूपमा। एन्फाको पछिल्लो कार्यसमितिमा पनि वरिष्ठ उपाध्यक्ष थिए। एक वर्षअगाडिको विशेष साधारणसभाको चुनावमा उनले राम्रै मतान्तरले यो पद जितेका थिए। त्यतिबेला अध्यक्ष चुनिएका थिए, नरेन्द्र श्रेष्ठ।

यसपल्ट उनी चुनावमा छैनन्, उनले केही समय विश्राम लिने घोषणा गरेका छन्। तर, उनी चुनावअगाडिसम्म खुलेर कुँवरकै पक्षमा प्रचार गरिरहेका छन्। अब अर्को पक्ष, जसको नेतृत्व गरिरहेका छन्, कर्माछिरिङ शेर्पाले। फिफाभित्रको अन्तर्राष्ट्रिय राजनीतिले जस्तै भूमिका खेले पनि थापालाई दस वर्षको प्रतिबन्धसम्म पुऱ्याउन उनको भूमिका पनि खास रह्यो, यति श्रेय उनलाई दिनैपर्छ। पछिल्लो चुनावमा उनी अध्यक्ष पदका प्रत्याशी थिए, श्रेष्ठसँग पराजित भए।

यसपल्ट उनी फेरि अध्यक्षका लागि प्रत्याशी भएका छन् र दाबी गरिरहेका छन्, अब त जित तय छ। उनको नारा नै रहेको छ, नेपाली फुटबलमा परिवर्तन। त्यो कस्तो परिवर्तन त ? त्यसलाई व्याख्या गर्ने उनीहरूको आफ्नै तर्क छ। अझ उनीहरूले यसलाई ठीकसँग व्याख्या पनि गर्न सकिरहेका छैनन्। अझ सुनिन्छ, शेर्पाले मिलाएर बोल्न जानेन भनेर उनलाई धेरै नबोल्न पनि भनिएको छ। जेहोस्, सीधासीधा यो परिवर्तनको नाराको सार हो, थापाबिनाको एन्फा।

चुनावमा कुँवर पक्षले जित्ने हो भने पक्काजस्तै छ, एन्फाको महासचिव अथवा सीईओ पदमा आउनेछन्, थापाकै छोरा गौरव थापा। एन्फा एकेडेमीको पहिलो ब्याचका गौरव उनका बुबामाथि दस वर्ष

मणि कुँवर

प्रतिबन्ध लाग्दा त्यसको प्रमुख कारणजस्तै बनेका थिए । किनभने, त्यतिबेला सेप ब्लाटरका विरोधी रहेका मोहम्मद बिन हमामले उनकै नाममा बैंकमा एक लाख डलर जम्मा गरिदिएका थिए । यो नै प्रमुख कारण साबित भयो, थापालाई प्रतिबन्ध लाग्नुका पछाडि ।

भनिन्छ, यसमा गौरवको कुनै व्यक्तिगत दोष थिएन, जे भयो बुबाकै इच्छा र योजनामा भएको थियो । एसियाली फुटबल महासंघ (एएफसी)मा कुनै समय जागिरे भएका गौरव फुटबल व्यवस्थापनमा कुशल नै मानिन्छन् । तर, अध्यक्षमा कुँवर अनि दोस्रो प्रमुख पदमा छोरा गौरव आए भने एन्फा पूर्णतः थापा परिवारकै कब्जामा जानेछ, यसमा कुनै शंका छैन । यही एक कारणका लागि पनि एन्फामा नेतृत्व फेरिनुपर्छ भन्ने तर्क राख्ने र यस पक्षमा सहानुभूति राख्ने उत्तिकै छन् ।

शेर्पा पक्ष पनि यो चाहँदैन, एन्फामा संस्थापन पक्ष नै कायम होस् भनेर । र, उनलाई अचम्मले यसपल्ट साथ दिइरहेका छन्, कुनै समय थापा नजिकैको अर्को पक्षले । यो सूचीमा पर्छन्, पूर्वसीईओ इन्द्रमान तुलाधरदेखि किशोर राई, वीरबहादुर खड्का, रत्नकुमार श्रेष्ठ, राजेन्द्र नेउपानेदेखि लिएर उपेन्द्रमान सिंहसम्म । थापा एन्फामा रहुन्जेल र बाहिरिएपछि पनि उनीहरूले एन्फाबाट राम्रै फाइदा लिए । अहिले विरोधी भएका छन् र शेर्पा समूहका प्रमुख खेलाडी पनि ।

शेर्पाले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गर्दा प्रमुख वक्ता नै थिए, तुलाधर । त्यतिबेला उनले भनेका थिए, 'एन्फामा एउटा अदृश्य शक्तिले सधैं काम गरिरहेको छ । यसले अरूलाई काम गर्न दिँदैन ।' उनले त्यतिबेला नाम लिएनन् तर त्यो अदृश्य शक्ति अरू नभएर थापा नै थिए । शेर्पा समूहमा उनीहरूको प्रवेशमा प्रश्न उठाउने पनि उत्तिकै छन्, अनि आलोचना गर्ने पनि । तुलाधर र उनका साथीहरूको समूह परिवर्तनलाई अवसरवादीका रूपमा पनि लिइयो, जहाँ फाइदा देखियो, उतै लाग्ने ।

खासमा कुँवरले अध्यक्ष जित्ने हो भने त्यतिबेला महासचिव अथवा सीईओ नै हुने थिए । कम्तीमा संस्थापन पक्ष यस्तै दाबी गर्छ । तुलाधर जतिबेला शेर्पा पक्षमा गए, त्यो उनीहरूका लागि अप्रत्याशित र स्तब्धपूर्ण थियो । तुलाधर अहिलेका अध्यक्ष श्रेष्ठका निकै नजिक थिए, उनले यसरी छाड्ने छन् भनेर श्रेष्ठ भावनात्मक रूपमा तयार थिएनन् । 'जेन्टलम्यान' छवि बनाएका श्रेष्ठले तुलाधरले छाडेका बेला आँसु लुकाउन पनि सकेनन् र कतिसम्म भने बिरामीजस्तै भए ।

जेहोस्, अहिले श्रेष्ठ त्यसभन्दा अगाडि बढिसकेका छन् र अहिले शेर्पा पक्षको विरोधमा बोलिरहेका छन् । कुँवरको उम्मेदवारी घोषणाका बेला उनले भनेका थिए, 'जुन साथीले अदृश्य शक्तिबारे आवाज उठाउनुभयो, उहाँसँग मैले दुई वर्ष काम गरें । आफ्नो कामको जिम्मेवारी आफैं लिनुपर्छ । अदृश्य शक्तिको आभास गरेका थिएनौं । आफ्नो असफलता वा चाहेको भएन भनेर कसैले उम्किन मिल्दैन ।' श्रेष्ठको भाषामा तुलाधरको समूहले जे गर्‍यो, त्यो ठीक गरेन ।

अनि, परिवर्तनको नारालाई लिएर उनको भनाइ छ, "कस्तो परिवर्तन ? के परिवर्तन ? किन परिवर्तन ?" फेरि दोहोर्‍याएर थापाकै दाबीमा फर्कने हो भने अहिले जति पनि नेपाली फुटबलमा छन्, ती सबै उनैले हुर्काएका हुन् । भन्छन्, "अहिले चुनावमा जति अनुहार छन्, ती सबैले मसँग कुनै न कुनै मोडमा काम गरे । कर्माछिरिङ पनि मेरा मान्छे हुन् । तर, उनी अध्यक्ष पदमा जित्छन् भने त्यसले नेपाली फुटबललाई राम्रो गर्दैन, म यो तथ्य ठोकेर भन्छु ।"

कर्माछिरिङ शेर्पा

लगभग चुनाव हुन एक महिना बाँकी छँदा कुन पक्ष बलियो छ ? अर्को महत्त्वपूर्ण प्रश्न । तुलाधर शेर्पा समूहमा गएपछि काठमाडौंका ए डिभिजनका क्लब बढी त्यतातिर ढल्केका छन् । जिल्लामा भने कुँवर पक्ष बलियो देखिन्छ । चुनावमा कुल ७७ मत रहेको छ । त्यसमा ४५ मत जिल्लाको छ । अनि, ए डिभिजनका क्लबको १४, बी डिभिजनका क्लबको नौ र सी डिभिजनका क्लबको पाँच मत । थप चार मत खेलाडी, प्रशिक्षक, रेफ्री र महिला कमिटीको छ ।

अध्यक्ष एक, उपाध्यक्ष चार र १२ सदस्यका लागि चुनाव हुनेछ । महासचिव र सीईओजस्ता पद पछि नियुक्त हुनेछन् । चुनावका लागि बाँकी रहेको समयमा ठूलै चलखेल हुनेछ । डर छ, कतै आर्थिक लेनदेन त हुने होइन ? उम्मेदवारी घोषणाका बेला प्रस्तुत गरेका कार्यक्रम सुन्ने हो भने शेर्पाका प्रतिबद्धता महत्त्वाकांक्षी छन्, धेरैभन्दा धेरै गर्ने उनको दाबी छ । कुँवरको दाबी सीमित छ । चुनावमा यी तथ्यले धेरै महत्त्व भने राख्ने छैनन्, खालि मतबल हुनेछ, कसलाई मत दिँदा आफूलाई फाइदा हुन्छ भन्ने सोच ।

यी सबैबीच अर्को प्रश्न, के चुनाव हुनेछ ? शेर्पा आफैंले चुनाव हुन नदिने षड्यन्त्र भइरहेको छ भनेर दाबी पनि गरेका छन् । चुनाव तोकिएको समयमै भएन भने के हुनेछ ? त्यतिबेला एएफसीले 'नरमलाइजेसन' कमिटी बनाउनेछ । र, यसले नै केही समय एन्फा चलाउनेछ । यसका लागि केही मौका कुरेर पनि बसेका छन् । यसलाई अहिलेको एन्फा राजनीतिमा तेस्रो पक्ष भने हुन्छ । चुनाव भए, यो पक्ष त्यसै हराएर जानेछ । अन्त्यमा फेरि थापाकै प्रसंग ।

तुलना गर्न त मिल्दैन तर उनको भनाइ कतै न कतै, कुनै न कुनै मोडमा पूर्वराजा ज्ञानेन्द्रसँग मिल्छ । कुनै समय पूर्वराजाले पनि भनेका थिए, 'मैले टुलुटुलु हेरेर बस्ने छैन ।' पछि केही वर्षको अन्तरमा तत्कालीन राजा ज्ञानेन्द्र सधैंका लागि नेपाली राजनीतिबाट हराउने स्थितिमा पुगे । त्यसो भए, थापाको स्थिति आउने दिनमा के हुने हो ? अबको एन्फा चुनावले यही उत्तर दिनेछ, कि त उनी सधैंका लागि नेपाली फुटबलबाट हराउने स्थितिमा पुग्नेछन्, होइन भने झन् बलियो हुनेछन् । भलै चुनावमा जो जितोस् वा हारोस् । ◆

सामसुङ ग्यालेक्सी एस नाइन

सासमुङले नयाँ स्मार्टफोन ग्यालेक्सी एस नाइन सार्वजनिक गरेको छ । यो स्मार्टफोन भारतमा यसै महिनाबाट उपलब्ध हुनेछ । तर, नेपालमा कहिले आइपुग्ने त्यो अझै तय भएको छैन ।

एस नाइन ५.९ इन्चको डिस्प्ले स्क्रिन भएको स्मार्टफोन हो । जसको डिस्प्ले गुणस्तर क्वाड हाई डेफिनेसन (एचडी) प्लसको छ । तर, यसको मुख्य विशेषता क्यामेरा हो । यसमा डुअल रियर क्यामेरा छ, जुन १२ मेगापिक्सेलको छ । यस क्यामेरामा सेलिक्टिभ फोकस फिचर पनि छ । जसको अर्थ तपाईले फोटो खिच्दा कुनै एक ठाउँमा फोकस गरेर पृष्ठभूमिका वस्तुलाई ब्लर अर्थात् धमिलो बनाउन सक्नुहुनेछ । र, यसको क्यामेराबाट फोरके गुणस्तरमा भिडियो रेकर्ड गर्न सकिन्छ । यसमा सेल्फी क्यामेरा आठ मेगापिक्सेलको हुन्छ ।

सासमुङ ग्यालेक्सी एस नाइन चार जीबी र्‍याम क्षमता भएको स्मार्टफोन हो । र, यसको आन्तरिक क्षमता ६४ जीबीको हुन्छ । एन्ड्रोइड एट अर्थात् ओरियो अपरेटिङ सिस्टममा आधारित हुनु यसको अर्को राम्रो पक्ष हो । किनभने, ओरियो एन्ड्रोइडको पछिल्लो अपरेटिङ सिस्टम हो । एस नाइन भारतमा ५७ हजार ९ सय भारतीय रूपियाँमा उपलब्ध छ ।

होन्डाले ल्यायो डब्लूआरभी

नेपालमा होन्डाको नयाँ डब्लूआरभी मोडलको कार सार्वजनिक भएको छ । नेपालमा यो कारको मूल्य ४१ लाख २५ हजार रूपियाँबाट सुरु हुन्छ । र, यो विभिन्न ६ रंगमा उपलब्ध छ ।

ग्राहकले यो गाडी डिजेल वा पेट्रोल जुनसुकै इन्जिनमा किन्न सक्छन् । पेट्रोल इन्जिन भएको डब्लूआरभीमा १२ सय सीसीको इन्जिन हुन्छ । यो इन्जिनले अधिकतम् ८९ ब्रेक हर्षपावरको शक्ति निकाल्न सक्छ । र, यसको टर्क क्षमता १ सय १० न्युटन मिटरको छ । पेट्रोल इन्जिन भएको डब्लूआरभीमा पाँच गियरको गियरबक्स हुन्छ ।

डिजेल इन्जिनमा यो गाडीको क्षमता अलि फरक छ । यसमा १५ सय सीसीको इन्जिन हुन्छ, जसले ९९ ब्रेक हर्षपावर शक्ति निकाल्छ । डिजेल भेरिएन्टको अधिकतम् टर्क क्षमता दुई सय न्युटन मिटरको हुन्छ । र, यसमा ६ गियरको गियरबक्स छ ।

डिजेल र पेट्रोल भेरिएन्टमा इन्जिनको क्षमतालगायत केही अन्य फिचर फरक परे पनि आधारभूत फिचर भने उस्तै छन् । जस्तै, एन्टिलक ब्रेकिङ सिस्टम, इलेक्ट्रोनिक ब्रेक फोर्स डिस्ट्रिब्युसन आदि । यो गाडीमा फ्रन्ट एयरब्याग र रियर अर्थात् पार्किङ क्यामेरा सुविधा पनि छ ।

स्काइप एपमा अपडेट

एन्ड्रोइड स्मार्टफोनमा स्काइपको एप प्रयोग गर्नेका लागि पछिल्लो अपडेट आएको छ । यो अपडेट विशेषत: ती प्रयोगकर्ताका लागि हो, जो अझै पनि एन्ड्रोइड फोर र फाइभबीचको अपरेटिङ सिस्टम भएको स्मार्टफोन प्रयोग गर्छन् ।

नयाँ अपडेटले स्काइपलाई अझ प्रभावकारी बनाएको छ । यो अपडेटपछि कमजोर इन्टरनेट भएका स्थानमा पनि विनारूकावट स्काइप प्रयोग गर्न मिल्छ । साथै, यसमा भिडियो र अडियो क्वालिटीमा पनि निकै सुधार भएको छ ।

पुराना अपरेटिङ सिस्टम भएका स्मार्टफोन प्रयोग गर्नेको जमात अझै ठूलै छ । त्यसैले उनीहरूलाई भिडियो कलिङका लागि स्काइपको विकल्प नखोज्न प्रोत्साहन गर्न यो अपडेट ल्याइएको हो । पुराना अपरेटिङ सिस्टम भएका स्मार्टफोनमा कम क्षमताको र्‍याम र आन्तरिक मेमोरी हुन्छ । यो समस्याको समाधानका लागि पछिल्लो अपडेटको स्काइप एपको फाइल साइज पनि घटाइएको छ । त्यसैले यदि तपाईं एन्ड्रोइडको फोरदेखि फाइभबीचको कुनै अपरेटिङ सिस्टम भएको स्मार्टफोनमा स्काइप प्रयोग गर्नुहुन्छ भने तुरून्त त्यसलाई अपडेट गर्नूस् ।



shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
नेपालमा पहिलो पटक
Guaranteed Rebar
RHINO 500D
GUARANTEE CARD
नेपालमा पहिलो पटक नेपालकै लागि
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
CM/L 4049454
Fe 500/Fe 500D
RHINO 500D 12
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
OYSTER
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

किनारामा पूर्वमिस नेपाल

ऋतुबाट डेब्यु हुँदा मलिना जोशीलाई 'भविष्यको स्टार'का रूपमा हेरिएको थियो । मिस नेपालको ताज पहिरेकी मलिनाको सौन्दर्यले जोकोहीलाई मोहित पार्थ्यो । यही कारण हुनुपर्छ, पहिलो फिल्ममै सशक्त भूमिका पाइन् । तर, जसै *ऋतु* प्रदर्शन भयो, मलिनाले आफूप्रतिको अपेक्षा पूरा गर्न सकिनन् । बक्स अफिसमा फिल्म कमजोर साबित भयो । *ऋतु* मात्र होइन, उनका *द विनर, लीला, संरक्षण, झुम्की, रानीलगायतका* फिल्मसमेत व्यावसायिक रूपमा असफल ठहरिए । उनकै अभिनयले पनि प्रशंसा पाएन । यही बीचमा स्वस्तिमा खड्का, वर्षा राउतजस्ता क्षमतावान् हिरोइनको प्रवेश भयो । मलिनाका फिल्मचाहिँ भटाभट फ्लप । अनि, किनारामा नपर्नु कसरी ? मिस नेपालको 'ट्याग'ले मात्र त सधैँ जोगाउँदैन । ♦

साम्राज्ञीको असन्तुष्टि

साम्राज्ञीराज्यलक्ष्मी शाह फिल्म *मंगलम्*मा काम गर्न राजी भइन् । सर्त थियो, प्रचारात्मक सामग्रीबाट आफूलाई पर राख्नुपर्ने । अतिथि भूमिकामा सीमित जो थिइन् । फिल्म युनिटले साम्राज्ञीको सर्त नस्वीकार्ने कुरै थिएन । तर, पोस्टर सार्वजनिक भएपछि उनको पारो चढ्यो । कारण, नवल नेपाल निर्देशित यस फिल्मको पोस्टरमा उनलाई पनि समावेश गरिएको थियो । त्यति मात्र होइन, ट्रेलरमा समेत उनका दृश्य र संवाद राखियो । जबकि, फिल्ममा मुख्य भूमिका छैन, दर्शकलाई झुक्याएजस्तो मात्र हुन्छ । यसले आफ्नो क्रेजलाई असर पार्ने डर छ उनलाई । सोही कारण फिल्म युनिटसँग दूरी मात्र बढेन, अन्य प्रचारका कार्यमा कतै सहभागी भइनन् । आखिर फिल्म हिट हुँदा फाइदा साम्राज्ञीलाई होइन, शिल्पा पोखरेललाई हुन्छ । प्रमुख चरित्रमा त शिल्पा छिन् । ♦

फेरि सकस

आठ वर्ष लामो करिअरमा वेनिशा हमालले सम्भवतः पहिलो पटक चुनौतीपूर्ण भूमिका पाइन्, दृष्टिविहीनको । फिल्म *ब्लाइन्ड रक्स*मा उनी दृष्टिविहीन सृष्टि केसीको चरित्रमा देखा परिन् । मिलन चाम्स निर्देशित यस फिल्मको 'हिरो' भन्नु नै वेनिशा थिइन् । सफलताको व्यग्र प्रतीक्षा थियो उनलाई । किनभने, स्वरबाट सँगै फिल्मी यात्रा सुरु गरेकी केकी अधिकारी नम्बर वान नायिकामा दर्ज भइसक्दा उनलाई 'मार्क' हुनै हम्मेहम्मे परिरहेको छ । त्यसैले दिलोज्यान दिएर फिल्ममा काम गरिन् । प्रचारप्रसारमा खुलेर लागिन् । तर, यसपटक पनि वेनिशाको आशा पूरा भएन । १८ फागुनबाट प्रदर्शित यस फिल्मले सुरूआतबाटै दर्शकको खडेरी सामना गर्नुपर्‍यो । फिल्मले उतिविघ्न सकारात्मक प्रतिक्रिया पाएन । उनको अभिनयले चाहिं तारिफ बटुल्यो । यसले थोरै भए पनि राहत महसुस गराएको छ । तर, फिल्मी करिअर साँच्चै संकटमा छ । ◆

अब कुन फिल्म ?

हिरो प्रदीप खड्कालाई फिल्म *लिलीबिली*को रिलिजको चटारो छ । *प्रेमगीत* र *प्रेमगीत २* पछि यही फिल्मबाट 'हिटमा ह्याट्रिक' गर्ने दाउमा छन् । यद्यपि, *लिलीबिली*पछि उनी कुन फिल्ममा देखिन्छन् भन्ने चासो अहिलेदेखि नै सुरु भएको छ । यो समयका गिनेचुनेका अभिनेता न परे ! तर, अब उनले खेल्ने फिल्मको टुंगो छैन । *प्रेमगीत २* प्रदर्शनअगावै *दीपेन्द्र सरकार*को घोषणा गरिएको थियो । झन्डै पाँच करोड रूपियाँमा निर्माण हुने भनिएको यस फिल्ममा प्रदीप पूर्वयुवराज दीपेन्द्र शाहको भूमिकामा देखिने जानकारी गराइएको थियो । तर, घोषणा हुनेबाहेक खास केही प्रगति भएको छैन । त्यसपछि उनले सुवास गिरीको *भैरवी*का लागि 'साइनिङ अमाउन्ट' लिएका थिए । तर, गिरीको लगानीमा बनेको *कृले* अपेक्षाकृत व्यापार नगरेपछि *भैरवी* निर्माणमाथि शंका उब्जिएको छ । यीबाहेक प्रदीप अरू फिल्ममा औपचारिक रूपमा अनुबन्ध भएका छैनन् । भलै, उनलाई अफरको कमी छैन । ◆

तस्बिरहरू : महेश प्रधान

फिल्म ● *गाँजाबाजा*

★★½☆☆

ठिक्कको खुराक

गोकर्ण गौतम



वर्ष ०७४ मा धेरै निर्देशकले फरक कथालाई भिन्न शैलीमा भन्ने जमर्को गरिरहेका छन्। कति सफल भए, कति असफल। अलग पाटो हो। तर, नवीनतालाई पछ्याउनु सराहनीय छ। *गाँजाबाजा* यही प्रयासको पछिल्लो कडी हो। गाँजाको 'ट्रिप' नपाएर भौतारिरहेका दुई केटामा केन्द्रित यस फिल्मलाई गणेशदेव पाण्डेले निर्देशन गरेका हुन्। अधिकांश नेपाली फिल्ममा झैँ न यसमा भयंकर कथा छ, न त सुकिलामुकिला हिरो-हिरोइन नै। न रोमान्स छ, न आइटम डान्स, न त दर्जनौं गुन्डा सखाप हुने फाइट। तैपनि, फिल्मले कम्तीमा 'इन्गेज' गर्छ। क्यानभास सानो भए पनि त्यसको प्रस्तुति एक हदसम्म रोचक छ। भलै लेखकसमेत रहेका निर्देशक पाण्डे ठाउँ-ठाउँमा नबरालिएका होइनन्। खासगरी सहायक पात्र र कथामा पकड देखिन्न। अपरिपक्व दृश्यको खडेरी छैन। मुख्य कलाकारद्वय अनुपम शर्मा र सुशील सिटौलाले फिल्मको शोभा बढाएका छन्।

दुई मिल्ने साथी डढे (अनुपम) र गोरे (सुशील) गाँजा तान्न नपाएर तड्पिइरहेका छन्। घरी कता पुग्छन्, घरी कता। तर, मरिगए गाँजा फेला पर्दैन। बरू एकपछि अर्को फसाद आइलाग्छ। उता, भाका नाघिसक्दा पनि ऋण नतिरेकाले डुडे (रवीन थापा)सँग भागीभागी हिँड्नु परेको छ। घरमा किचकिच मात्र गर्छन्। गोरेकी त प्रेमिका पनि रिसाएकी छन्। यस्तो अवस्थामा फसेका डढे र गोरेले कस्तो हविगत बेहोर्नुपर्ला ? फिल्म यसकै वरपर दौडन्छ। क्लाइमेक्सको 'इभेन्ट' कथाको प्रवाहभन्दा परको लाग्छ।

जम्माजम्मी एक दिनको कथा हो, *गाँजाबाजा*। जहाँ दुईथरीका दुईवटा मिसन छन्। दर्शकको ध्यान तानिरहने चाहिँ डढे र गोरेले गाँजा खोज्न गरेको संघर्षले नै हो। लाग्छ, गाँजा खान पाउनु नै उनीहरूको जिन्दगीको सबैभन्दा ठूलो उपलब्धि हो। उनीहरूको गाँजा-भोक दर्शकसम्म सञ्चार हुने अनेक दृश्य छन्। साथी सर्कल, उनीहरूको हाउभाउ, हुलिया, गफ गर्ने शैलीमार्फत निर्देशकले साँच्चै गजेडीका रूपमा पात्रलाई स्थापित गरेका छन्। तर, समस्या उनीहरूसँग जोडिएको ऋणको उपकथामा छ। जोसँग ऋण लिए, न त्यो पात्रको चारित्रीकरण विश्वनीय छ, न त ऊ त्यति रूखो हुनुको पृष्ठभूमितिर निर्देशकको ध्यान पुगेको छ। 'बाजा' मिसन खडा गर्नुका पछाडि उसलाई सिध्याउनुबाहेक अर्को ध्येय छैन। त्यो मिसन र त्यसमा संलग्नको गतिविधि आफैँमा निरस लाग्छ। भुल्नु हुन्न, बिनाअर्थ र कारण कथालाई पार लगाउन मात्र कुनै पात्र र घटना जन्माइन्छ भने त्यो पूरै फिल्मका लागि प्रत्युत्पादक हुन्छ।

अवैध मानिने गाँजाको लतमा फसेका तन्नेरीको कमी छैन हामीकहाँ। जसलाई जसरी हुन्छ, गाँजा चाहिन्छ। न परिवारको चिन्ता हुन्छ, न पढाइ र पेसाको। त्यसैले डढे र गोरे पराई लाग्दैन। प्रहरी अधिकृतको छोरो, प्रेमिकाको खप्की खाइरहेको केटो, गाँजा छोडेर कलाकारितातिर लागेको ठिटो, सुरेश दाइ, गोरेकी प्रेमिका, डढेको बच्चैदेखिको साथीलगायतका पात्र पनि स्वाभाविक लाग्छन्। यी पात्रको उपस्थितिले मूल कथालाई बलियो बनाउन कतै न कतै भूमिका खेलेको छ। तर, निर्देशकले कथालाई किन जबर्जस्ती एकैदिनमा खुम्च्याए ? भेउ पाइन्न। तीन-चार दिनमा भनेको भए पनि बिग्रने केही थिएन, बरू थप प्रभावकारी हुन सक्थ्यो। क्लाइमेक्स 'सस्पेन्स' नै रहोस्। तर, त्यसअगाडिका कतिपय लोकेसनमा अमिल्दो 'चिटिङ' भएको छ। केटीले डढेलाई फसाउने र पैसा भरिएको ब्याग लुट्ने दृश्य आलोकाँचो लाग्छ।

पात्र अनुरूपका संवाद फिल्मको प्रशंसनीय पक्ष हो। द्विअर्थी लाग्ने संवाद पनि बग्रेल्ती छन्। तर, अस्वाभाविक लाग्दैन। थिएटर पृष्ठभूमिका अभिनेता अनुपमको उपस्थिति साँच्चै अनुपम लाग्छ। उनी चरित्रको 'ट्र्याक'भन्दा एक इन्च बाहिर गएका छैनन्। असल स्टार हुने ल्याकत भएका अनुपमप्रति पक्कै निर्देशकको नजर पर्नेछ। सुशील सिटौलाले पनि आफ्नो चरित्रलाई आत्मसात् गरेका छन्। उनीबाट थप सशक्त भूमिका र जीवन्त अभिनय अपेक्षा राख्न सकिन्छ। तर, बाँकी कलाकारको अभिनय बनावटी छ। गोरेका बुबा र डढेकी आमा त अझ 'लाउड'। सहायक कलाकारको यस्तो उपस्थिति चामलमा ढुंगा भेटिएसमान हुँदोरहेछ। फिल्ममा समावेश एक गीत कथाको भाव अनुसारकै छ। *मञ्जरी*मा एक बंगाली फिल्मबाट 'फ्रेम टू फ्रेम' कपी गरेर काफी आलोचना खेपेका निर्देशक पाण्डेले यसपटक आफ्नै परिवेशको कथा रोजे। र, त्यसलाई पर्दामा पस्कन आंशिक सफलता चुमेका छन्। त्यसैले वाहवाही नगरे पनि धाप मार्न किन कन्जुस्याइँ गर्नु ? सबैभन्दा महत्त्वपूर्ण पक्ष, नामका कारण फिल्म विकास बोर्डले *गाँजाबाजा* टिमलाई लामो समय औधि दुःख थियो। तर, कन्टेन्ट केलाउँदा फिल्मलाई रोक्नुपर्ने वा तनाव दिनुपर्ने कारण रत्तिभर छैन। बोर्डको नियतमै खोट देखियो।

आमदर्शकलाई नभनौं, युवापुस्ता र फरक स्वाद खोज्नेका लागि ठिक्कको खुराक हो, *गाँजाबाजा*। कमजोरीमुक्त त होइन। तर, यत्तिको फिल्म हेर्दा समय र पैसा खेर गएको महसुस नहोला। ♦

अचानक

'मोदी बन्न सजिलो, ट्रम्प गाह्रो'

श्रीमतीसँग सम्बन्धविच्छेद भएका कारण हास्य कलाकार **मनोज गजुरेल** केही समय चर्चाको अग्रभागमा देखिए । गजुरेल अन्तर्राष्ट्रिय कमेडियन-सूचीमा परेको उपलब्धि पनि चर्चित रह्यो । *सीबीएस न्यूज*ले गजुरेललाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको क्यारिकेचर गर्ने विश्वका प्रभावशाली १८ कमेडियनमा सूचीकृत गरेको छ । यसै सन्दर्भमा गजुरेललाई सोधिएका प्रश्नहरू :

ट्रम्पको क्यारिकेचर गर्ने कमेडियनको सूचीमा परेको थाहा पाउँदा सबैभन्दा पहिले के सोच्नुभयो ?

सूचीमा आफू परेको समाचार मैले पुरानो भएपछि थाहा पाएँ । दुई महिनाअघि नै सूची निस्किसकेको रहेछ । मलाई भने भर्जिनियामा बस्ने ह्यारी भण्डारीले म्यासेज गरेपछि थाहा भयो । सुनेपछि त म अचम्ममा परेँ । अमेरिकामा थुप्रै कमेडियन छन् । तर, म सूचीमा अटाउनु गर्वको कुरा हो ।

ट्रम्पको क्यारिकेचर गर्ने सोच कसरी पलाएको थियो ?

दुई वर्षपहिले अमेरिका जाँदा साथीहरूले यो मान्छे अब कि त राष्ट्रपति बन्छ, नबने पनि सधैँ चर्चामा रहिरहन्छ, यसैले उसको क्यारिकेचर गर्ने तयारी गर्दा हुन्छ भनेर सुझाव दिए । नभन्दै उनी राष्ट्रपति चुनिएपछि चर्चामा रहे । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको क्यारिकेचर गरेर विश्वभर चर्चा कमाएको थिएँ । नाकाबन्दीका कारण नेपालीले दुःख पाएको सन्देश विश्वभर फैलियो । भूमण्डलीकरणको युगमा ट्रम्पको क्यारिकेचर गर्न सोच्नै परेन ।

ट्रम्प र मोदीको क्यारिकेचर गर्दा के फरक अनुभव भयो ?

पर्फर्मेन्स गरिसकेपछि त त्यस्तो फरक लागेन । तयारीका क्रममा भने भिन्नता रह्यो । मोदीभन्दा ट्रम्प बन्न बढी मिहिनेत गर्नुपर्‍यो ।

किन ?

छिमेकी मुलुक भएकाले मोदीको नक्कल गर्न भाषा, हाउभाउ र आवाज सिक्न समय लागेन । तर, ट्रम्प बन्न जम्मै सिक्नुपर्ने भयो । 'नेटिभ' आवाज निकाल्नुपर्‍यो । संसारकै शक्तिशाली देशका राष्ट्रपतिको क्यारिकेचर गर्दा त्यो स्तरको विषयवस्तु प्रस्तुत गर्न सकिन्छ वा सकिँदैन भन्ने चुनौती थियो । अन्तर्राष्ट्रिय विषयवस्तुमा नेपाली दर्शकलाई हँसाउन सक्छु कि सक्दिनँ भन्ने संकोच थियो ।

प्रतिक्रिया कस्तो पाउनुभयो त ?

त्यसपछि त अमेरिकाका पाँचवटा राज्यमा ट्रम्पको क्यारिकेचर गर्न प्रस्ताव आयो र गरेँ ।

ट्रम्प कमेडीको अविस्मरणीय पाटो केही छ ?

दर्शकलाई बुझाउन सकुँला कि नसकुँला भनेर स्टेजमा चढ्दा म नर्भस भएँ । दर्शकमाझ उभिएपछि जब ताली गुञ्जियो, त्यसको तरंगले मेरो मस्तिष्क झन्झनायो र एकाएक आत्मविश्वास भरियो ।

अमेरिकाको प्रस्तुतिचाहिँ कस्तो रह्यो ?

ट्रम्पलाई व्यंग्य गर्दा आफूहरूलाई केही होला कि भनेर नेपाली डराए । प्रजातान्त्रिक मुलुक हो, केही हुँदैन भनेर कार्यक्रम गरियो । त्यसपछि त ट्रम्प (म)सँग फोटो खिचाउनेको भीड लाग्यो ।

अहिलेसम्म आफूलाई चित्त नबुझेको क्यारिकेचर कसको हो र किन ?

लोकमानसिंह कार्की । उनी कुनै बेला शक्तिशाली पात्र थिए । त्यस दृष्टिले उनी व्यंग्य गर्नैपर्ने पात्र थिए । उनको नाम सुने पनि बोली, आवाजबारे थाहा थिएन । त्यसैले उनको क्यारिकेचर गर्दा मैले दर्शकलाई बुझाउन सकिनँ ।

हास्य क्षेत्रमा सफल हुनुभयो तर वैवाहिक जीवन त दुर्घटनामा पर्‍यो, किन ?

गम्भीर रूपमा लिँदालिँदै जीवनका कतिपय कुराहरू हाम्रो नियन्त्रणबाहिर हुन सक्छन् । ईश्वरको यो कृपालाई स्वीकार्नुको विकल्प छैन ।

ट्रम्प एकदमै अनुदारवादी नेता मानिन्छन् । तपाईंको व्यवहार पनि अनुदारवादी भएकैले यस्तो घटना भएको हो कि ?

समयक्रममा आफैँ प्रश्न र उत्तर आउँछन् । जीवनका आरोह-अवरोहबाट सिकेर अगाडि बढ्ने हो ।

यो घटनाले आफ्नो करिअरमा धक्का लागेको महसुस गर्नुहुन्छ ?

दर्शकलाई जस्तो प्रस्तुति दिइन्छ, आफ्नो जीवन पनि त्यस्तै बनाउने प्रयास सबैले गरेका हुन्छन् । चन्द्रमामा पनि सानो दाग हुन्छ । मेरो जीवनमा पनि सानो दाग लाग्यो । क्यारिकेचरबारे अब कर्मले जवाफ दिने हो, शब्दले होइन ।

क्यारिकेचरबाट तपाईंले कमाएका र गुमाएका कुरा के हुन् ?

गुमाएको केही छैन । राजनीतिक पृष्ठभूमि र पत्रकारिताको पढाइले मलाई विश्लेषणात्मक बनायो र सस्तो मनोरञ्जनको साधन मात्रै बनिनँ । धेरैको माया पाएँ ।

कसैको क्यारिकेचर गर्ने भित्री इच्छा छ ?

क्यारिकेचर कसको गर्ने/नगर्ने भन्ने निर्धारण तत्कालीन परिस्थितिले सिर्जना गर्ने भएकाले त्यस्तो इच्छा हुने कुरै भएन ।

अचेल क्यारिकेचरले गालीको रूप लिँदै गएको हो ?

ज्यादै हल्का र ठाडै गाली गर्ने ट्रेन्ड देखिन्छ । तर, अब बिस्तारै यसमा सुधार आएको छ ।

॥ मनबहादुर बस्नेत

नोटबुक

॥ बसन्त बस्नेत

हैट, राष्ट्रपति !

एक– रातदिनको रस्साकसीपछि अन्ततः एमालेले राष्ट्रपति विद्यादेवी भण्डारीलाई फेरि सोही पदमा उठाउने निर्णय लियो । राष्ट्रप्रमुखजस्तो साझा व्यक्तित्वलाई 'आफ्नै कार्यकर्ताजसरी उठाउन खोजेको' भन्दै एमालेको आलोचना भयो । हुन पनि हो, राष्ट्रपति खास दलविशेषबाट शीतल निवास पुगे पनि अब उनी नेपाली गणतन्त्रकी सर्वोच्च संस्था बनिसकिन् । उनलाई फेरि दोहोरिने मन भएको हो भने दलहरूले पक्ष वा विपक्षमा मत जाहेर गर्न सक्छन् । समर्थनको घोषणा गर्न सक्छन्, उम्मेदवारका रूपमा 'उठाउन' सक्दैनन् । तर, दलहरूमा 'यो नेपाल हो, यहाँ जे गरे पनि हुन्छ' भन्ने अहंबोधले काम गर्‍यो ।

दुई– सबैभन्दा उदेक त्यसबेला भयो, जब जहाँतहीँ सुनिन थाल्यो– अर्की पूर्वराष्ट्रपति थपेर पूर्वविशिष्टका नाममा राज्यकोषमा भार बढाउनुभन्दा अहिलेकैलाई तलब खुवाऊँ । गणतन्त्र आएको एक दशकमै नागरिक कति साह्रो विरक्तिएछन् ! मानौँ, राष्ट्रप्रमुखको कुनै मर्यादा नभएको जस्तो । शक्तिसीनहरूले देखाएको स्वेच्छाचारिताको परिणति हो यो । सेरेमोनियल हैसियतका राष्ट्रप्रमुखलाई दलहरूले आफ्नो स्वार्थपूर्तिका लागि आवश्यक पर्दा संविधानसमेत मिचेर कार्यकारी शक्तिको अभ्यास गर्न पल्काएका छन् । अनि, आफूले भनेजस्तो नभए तिनैले निरीह र बदनाम गराएका छन् । पहिलो संविधानसभा र दोस्रो संविधानसभामा उही राष्ट्रपति रामवरण यादवका दुई फरक–फरक नियति अवलोकन गरे यो कुरा बुझ्न अन्त कतै गइरहनुपर्दैन ।

तीन– निरंकुशतन्त्रहरूलाई छाड्ने हो भने बाहिरी विश्वको राजनीतिक दृष्टान्तले भन्छ : सर्वोच्च कार्यकारी पदमा बस्नेहरू सेरेमोनियल भूमिकामा जाँदैनन् । शिशु गणतन्त्रको थिति बसाउन सबै लाग्नुपर्ने बेलामा पूर्वप्रधानमन्त्री झलनाथ खनाल भने उही राष्ट्रपतिको आसन ताकिरहेका थिए । एमालेभित्र बुद्धिजीवी नेता भनी कहलिएका यिनलाई यस्तो गर्नु उपयुक्त होइन भनी कसैले आग्रह गरे कि गरेनन्, थाहा भएन । उनी भने सार्वजनिक मञ्चदेखि मिडियासम्म आफूलाई राष्ट्रपतिको प्रत्याशीका रूपमा चर्चा गराउँदै हिंडे । त्यसका लागि लबिङ गरिदिन एमाले नेताहरूदेखि प्रचण्डसमेत गुहारे । २२ फागुन मध्यरातसम्म उनको प्रयास जारी थियो ।

संविधान र कुनै पनि कानुन–नियमावलीले प्रधानमन्त्रीलाई राष्ट्रपति बन्न छेकबार लगाएको छैन । यो विशुद्ध नैतिकतासँग जोडिएको कुरा हो, जसको माग सार्वजनिक जीवन बाँचिरहेका व्यक्तिका हकमा अझ बढी हुन्छ । प्रधानन्यायाधीश खिलराज रेग्मीलाई शक्ति पृथकीकरणको मान्यता कुल्चिँदै कार्यपालिका प्रमुख बनाउँदा केही सञ्चारमाध्यमले खबरदारी गरे पनि आमवृत्त करिब मौन देखियो । अन्ततः घटनावलीले साबित गरे, नेपाली गणतन्त्रका लागि त्यो निर्णय उपयुक्त नजिर थिएन । के शीर्षस्थ नेताहरूले यस्तै सिलसिलाबद्ध गल्तीहरू गर्दै जनतालाई मूर्ख बनाउन खोजेका हुन् ?

लालबाबुको लोकरिझ्याइँ

आमजनताको बुझाइ आधारभूत रूपमा ठीकै थियो– लालबाबु पण्डितजस्ता दुई–चार अरू नेता आए देशमा केही नभए पनि केही हुनेछ । सुशासनको खडेरी परेको देशमा यस्तो कामना अनुचित थिएन । यही सद्भावनाको बलमा शेखर कोइरालाजस्ता हस्तीलाई चुनावमा पराजित गरेका पण्डितलाई आममनोभावले हौसला बढ्नु किमार्थ बेठीक होइन । कुरैकुरामा यी नयाँ मन्त्रीले भनिदिए, 'किन फोरम र राजपा मात्रै, अब कांग्रेस पनि सरकारमा आउनुपर्छ । देश बनाउने हो भने किन प्रतिपक्षमा बस्ने ?'

चिनी बढी भयो भने गुलियोको ठाउँ तीतोले लिन्छ । कांग्रेसका अनेक गल्ती होलान् तर उसको आधारभूत मान्यतालाई वामपन्थीजति (कुनै बेला दरबार पनि) कसले चिनेका होलान् र ? बरू कांग्रेसको नयाँ पुस्ताले बिर्सेको होला । अर्थात्, देश बनाउने मामिलामा कांग्रेस बाधक बन्ला भनेर सोच्न सकिन्न । डर त बरू सत्तापक्षको हो, जो सुविधाजनक बहुमत हुँदाहुँदै दुई तिहाइको तिर्खामा तड्पिरहेको छ । प्रतिपक्षीविहीन देश, सुन्दा मीठो लाग्ने तर सर्वसत्तावादको बिम्ब हो । लोक रिझाउन खपत गरिने यस्ता वक्तव्यलाई आनन्द मानेर सुनिरहनु हुँदैन ।

परदेशीजस्तो कोही



दुर्गम उचाइ छोए, इन्द्रबहादुर राईले । उनलाई छुटाइयो भने नेपाली साहित्यको अनुहार सग्लो रहँदैन । उनलाई छुटाएर भारतीय–नेपाली साहित्य पूर्ण हुने कुरै भएन । सिंगै भारतीय भाषाहरूका साहित्यकारमध्ये गिनेचुनेकै लेखकका रूपमा दरिन्छन् राई । ख्यातनाम लेखकको मृत्युमा शोकाकुल हुनेहरूमध्ये प्रायः सबै नेपाली थिए । नेपाली मिडियाले 'तेस्रो आयामका खम्बा'को अवसानलाई प्राथमिकतासाथ कभर गरे । राईप्रति भारतीय नेपालीभाषीहरूको शोक र सम्मान अथाह थियो, जसलाई उल्लेख्य गणना गर्नुपर्ने खाँचो मूलधारका भारतीय मिडियाले देखेनन् । कस्तो विस्मय !

मञ्जुश्री थापा र प्रवीण अधिकारीले राईका दुई कृति केही समयअघि अनुवाद गरे । त्यसको प्रकाशन गर्नेमा नामी भारतीय प्रकाशनगृह नै थिए । प्रतिष्ठित साहित्य अकादमी पाउने यी लेखकले भारतमा नेपाली भाषा र गोर्खा जातिको स्वीकार्यताका लागि ६ दशकअघि संघर्ष चलाए । नतिजा, भारतीय संविधानको अनुसूचीमा नेपाली भाषा पनि समेटियो । यसको श्रेय राईलाईसमेत जान्छ ।

केही वर्षअघि कोलकातामा भेटिएका एक भारतीय लेखक भन्दै थिए, 'तपाईंहरू नेपाली भाषा संकटमा पर्‍यो भन्नुहुन्छ । हामी त भारतमै हिन्दी हराइरहेको महसुस गर्दैछौं ।' समयक्रममा ती लेखकको भनाइ सही प्रतीत हुँदैछ । कठैबरा इबरा ! आफ्नै देशमा परदेशीजस्तो भएर बिते । विशाल हिन्दुस्तानमा उनको अनन्त प्रस्थानको कुनै गणना छैन । ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

NIC ASIA

एन आई सी एशिया बैंक लि.

Celebrating 20 YEARS of Service

ICRA (Nepal) A-

The Banker Bank of the Year 2013 NEPAL

The Banker Bank of the Year 2007 NEPAL

ISO 9001 Certified Bank

साथीको साथ सँगै मुद्दती र बचतमा सर्वाधिक उच्च ब्याजदर

धनवर्षा मुद्दती खाता

१२%

वार्षिक ब्याजदर

- मासिक ब्याज भुक्तानी
- एक वर्षको मुद्दती योजना
- ९०% सम्मको ऋण सुविधा

*शर्तहरु लागु हुनेछन् ।

"हाम्रो समुन्नति राष्ट्रकै उन्नती
आजै देखि बचत गरौं है साथी"

मनिषा कोइराला

समुन्नति प्लस बचत खाता

१०%

वार्षिक ब्याजदर

- त्रैमासिक ब्याज भुक्तानी
- न्यूनतम मौज्दात रु. १०,०००/-
- लकर सेवामा ५०% छुट
- नि:शुल्क डेबिट कार्ड, मोबाइल र इन्टरनेट बैंकिङ्ग तथा डिम्याट खाता

विस्तृत जानकारीका लागि "SAVE" टाईप गरी ३४४८८ मा SMS वा नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस्।

www.nicasiabank.com
Toll Free No: 1660-01-77771

बैंक पनि, साथी पनि